# परिच्छेद-एक

# शोधपरिचय

## १.१ विषय परिचय

नेपाली कविताको आधुनिक कालको समसामयिक धारामा देखा परेका कविहरू मध्ये कवि विष्णु सुवेदी (२०२६) पनि एक हुन् । उनी मूलतः कवि हुन् । सानै उमेरदेखि सहित्यमा रुचि राख्ने सुवेदीले साहित्यका विविध विधामा कलम चलाएका छन् । त्यसैगरी उनले विविध साहित्यिक पत्र-पत्रिकाको सम्पादन समेत गरेका छन् । साहित्यिक व्यक्तित्वका रूपमा विभिन्न विधामा कलम चलाए तापनि कविताका क्षेत्रमा उनी सफल देखिन्छन् ।

वि.स.२०४४ बाट लेखन प्रारम्भ गरेका विष्णु सुवेदीको पहिलो प्रकाशित रचना **आँखा** पत्रिकामा प्रकाशित **वर्तमानका मान्छे हामी** (२०४७) कविता हो । हालसम्म उनका **ती फूलहरू खै ? (२०४९) , विधवा भाउजूहरूको देश** (२०६२), **सपनामाथि उभिएर** (२०६४), **बूढो माझी (२०६८)** जस्ता कविता सङ्ग्रहहरु प्रकाशित छन् । यस शोधपत्रमा उनको यिनै चार प्रकाशित कविता सङ्ग्रहहरूको विधातत्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

विष्णु सुवेदी नेपाली साहित्यमा निरन्तर यात्रारत व्यक्ति हुन् । उनले नेपाली साहित्यका विभिन्न विधामा कलम चलाएका छन् । यस्ता व्यक्तित्वको जीवनी, व्यक्तित्व र कृतित्वको प्राज्ञिक शोधबाट सत्यापन गरिनु आवश्यक छ । यही मूल समस्यासँग सम्बन्धित निम्नलिखित प्रश्नहरूको प्राज्ञिक समाधान पहिल्याउने कार्यमा यो शोधकार्य केन्द्रित रहेको छ :

क) विष्णु सुवेदीका जीवनीका विभिन्न सन्दर्भहरू के-कस्ता छन् ?

ख) विष्णु सुवेदीका व्यक्तित्वका के-कस्ता पक्षहरू छन् ?

ग) विष्णु सुवेदीको कृतित्व के-कस्तो छ ?

उल्लेखित समस्याहरूमा शोधपत्र केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा विष्णु सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गर्ने प्रयास गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

शोधकार्यमा सङ्केत गरिएका समस्याहरूको समाधान खोज्नु नै शोधकार्यको उद्देश्य रहेको हुनाले विष्णु सुवेदीको जीवनी,व्यक्तित्व र कृतित्वको निरूपण गरी नेपाली साहित्यमा उनको योगदानको मूल्याङ्कन गर्नु नै यस शोधकार्यको उद्देश्य रहेको छ । प्रस्तावित शोध समस्याको समाधानमा आधारित उद्देश्यहरू यस प्रकार रहेका छन्:

क) विष्णु सुवेदीको जीवनीका विभिन्न सन्दर्भहरूको खोजी गर्नु ।

ख) विष्णु सुवेदीका व्यक्तित्वका विभिन्न पक्षहरूको विवेचना गर्नु पत्ता लगाउनु ।

ग) विष्णु सुवेदीको कृतित्वको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधामा कलम चलाउने विष्णु सुवेदीका बारेमा अध्ययन र अनुसन्धान हुनु आवश्यक छ । त्यसैले उनका बारेमा आजसम्म जेजति अध्ययन भएका छन् ती सुवेदीको जीवनी,व्यक्तित्व र कृतित्वका गहन अध्ययनका क्रममा सहयोगी देखिन्छन् । उनका बारेमा प्रकाशित केही लेख तथा टीकाटिप्पणी विभिन्न पुस्तक तथा पत्रपत्रिकामा छरिएर रहेका छन् । ती लेख र टीकाटिप्पणीमा सुवेदी नेपाली साहित्यका विविध विधामा साधनारत व्यक्तित्व हुन भन्ने कुराको उल्लेख गरिएको छ । सुवेदीको व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरिएका त्यस्ता केही विवरणात्मक सन्दर्भहरू यहाँ प्रस्तुत गरिएका छन्:

रमेश खड्का (२०४८)ले **ती फूलहरू खै** ?कविता सङ्ग्रहमा **सापेक्ष साहित्यिक कलम** शीर्षकको भूमिका लेखेका छन् । उक्त भूमिकमा विष्णु सुवेदीको व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् । यसमा सुवेदीको सामान्य जीवनी मात्र दिई उनको कवित्वको बारेमा चर्चा गरेका छन् । उनका अनुसार कविले आफ्नो जीवनमा घटेका घटना, देशका घटना, सहिदको वलिदान, समाजका विकृति/विसङ्गतिलाई ढाकछोप नगरिकन काव्यात्मक रूपले चित्रण गरेका छन् ।

सुधा त्रिपाठी (२०६२)ले **विधवा भाउजूहरूको देश** कविता सङ्ग्रहको **शुभेच्छाका केही शब्दहरू** शीर्षकको भूमिकामा विष्णु सुवेदीको जीवनी,व्यक्तित्व र कृतित्वको सामान्य

चर्चा गरेकी छन् । भूमिका लेखनको सन्दर्भमा एउटा भाईले एउटी दिदीसँग अंशको दाबी गरेको भन्दै खुसी व्यक्त गरेकी छन् । कविले आफ्ना कवितामा देशले भोगेको यथार्थको चित्रण साथै नेपाली नारीको जीवन भोगाइलाई विषयवस्तु बनाएको चर्चा गरेकी छन् ।

समर्पण श्रृजना (२०६२)ले **नव सङ्केत साप्ताहिक** पत्रिकामा **नेपालीको कारुणिक पीडाहरूको ऐना विधुवा भाउजूहरूको देश** शीर्षक लेख लेखेकी छन् । उनले विधुवा भाउजूहरूको देश कवितासङ्ग्रह मार्मिक व्यथा, शरणार्थी जीवनका पीडाजन्य भोगाइ, वर्गीय द्वन्द्वका पक्षधरका रूपमा उभिएको चर्चा गरेकी छन् ।

चिरञ्जीवी मास्के (२०६२) ले **सौगात समाचार** पत्रिकामा **सत्य यथार्थ** शीर्षकको लेख लेखेका छन् । उनका अनुसार **विधवा भाउजूहरूको देश** कविता सङ्ग्रह वर्तमान यथार्थप्रतिको तिखो प्रहार हो भन्ने अभिमत प्रकट गरेका छन् ।

श्रीओम रोदन (२०६२) ले **मधुपर्क** पत्रिकामा **वर्तमानको पीडा झल्काउने कविताहरु** शीर्षकको समीक्षात्मक लेख लेखेका छन् । यसमा उनले **विधवा भाउजूहरूको देश** कविता सङ्ग्रहले नारी हक र अधिकारलाई महत्व दिएको छ भन्ने विचार व्यक्त गरेका छन् । साथै उनले कवि निम्न वर्गीय पक्षधरका रूपमा उभिएको उल्लेख गरेका छन् ।

छविरमण सिलवाल (२०६२) ले **जनप्रहार साप्ताहिक** पत्रिकामा **विधवा भाउजूहरूको देशमा केही क्षण** शीर्षकको लेख लेखेका छन् । उनका अनुसार देशको वर्तमान पीडालाई कविले नजिकबाट नियालेको, मान्छे मार्ने उद्योग फस्टाएको, गाउँहरु त्रसित भएको, युवा शक्तिमा ह्रास हुने क्रम बढिरहेको आदि समसामयिक समस्याको यसमा चित्रण भएको उल्लेख गरेका छन् ।

श्रीबाबु कार्की 'उदास' (२०६२) ले **साझा विचार साप्ताहिक** पत्रिकामा **कवि विष्णु सुवेदीका कविता केलाउँदा** शीर्षकको लेख लेखेका छन् । उनले विधवा भाउजूहरूको देशमा सङ्ग्रृहित ३२ कविता बत्तिसै लक्षणले युक्त छन् भन्दै कृतिको सबल पक्षको चर्चा गरेका छन् ।

लक्ष्मी बस्नेत (२०६२) ले **रोडम्याप साप्ताहिक** पत्रिकामा **विधवा भाउजूहरूको पीडा कवितामा छताछुल्ल** शीर्षकको लेख लेखेकी छन् । उनले यस सङ्ग्रहभित्रका कविताहरुले देशको वर्तमान अवस्थालाई छर्लङ्ग पार्न सफल रहेको चर्चा गरेकी छन् ।

शेरबहादुर भुजेल (२०६२) ले **कालिञ्चोक सन्देश** पत्रिकामा **विधवा भाउजूहरूको देश** शीर्षकको लेख लेखेका छन् । उनका अनुसार कविले विविध भावना र भोगाइलाई कविताको विषयवस्तु बनाएका छन् । उनले यस कविता सङ्ग्रहले परम्पराप्रति तिखो प्रहार गर्दै प्रगतिशील धारा पछ्याउन समेत सफल भएको उल्लेख गरेका छन् । उनका अनुसार कविले आफ्ना कवितामा वेथितिका विरुद्धमा चोटिलो आवाज बुलन्द पारेका छन् ।

विशालकुमार भण्डारी (२०६२) ले **सौर्य साप्ताहिक** पत्रिकामा **विधवा भाउजूहरूको देशभित्र घोत्लिदा** शीर्षकको लेख लेखेका छन् । उनले यस समीक्षात्मक लेखमा यस कवितासङ्ग्रहले समग्र देशको राजनैतिक विकृति, नेपाली समाजमा द्वन्द्वले पारेको असर, गाउँ बस्तीहरूको पीडा, विधवा भाउजू अनि छोरा गुमाएका आमाहरूको रोदनलाई मार्मिक तबरबाट उजिल्याएको चर्चा गरेका छन् ।

श्यामल (२०६४)ले **सपनामाथि उभिएर** कविता सङ्ग्रहमा **कवितामा इतिहासको रन्को** शीर्षकको भूमिका लेखेका छन् । उक्त भूमिकामा कवि विष्णु सुवेदीलाई सरलताका पक्षधरका रूपमा चर्चा गरेका छन् । उनले समसामयिक, जटिल विषयवस्तुलाई सरल भाषा शैलीका साथ प्रस्तुत गर्न सक्नु सुवेदीको सबल पक्षका रूपमा मूल्याङ्कन गरेका छन् ।

विवश वस्ती (२०६४)ले **सपनामाथि उभिएर** कविता सङ्ग्रहको अन्तिम बाहिरी पृष्ठमा टिप्पणी गरेका छन् । उनले यस सङ्ग्रहभित्रका अधिकांश कविता सङ्घर्षशील आम/जनता र उसका सामाजिक दयित्वबोधको उच्च दस्तावेज बन्न पुगेको उल्लेख गरेका छन् ।

सरिता शिवाकोटी(२०६४) ले नेपाल समाचारपत्र अन्तर्गत **सौगातमा तन्नेरी सपना** शीर्षकमा **सपनामाथि उभिएर** कविता सङ्ग्रहको चर्चा गरेकी छन् । उनका अनुसार तिन कवि भोजराज न्यौपाने,चिरञ्जिवी मास्के र विष्णु सुवेदी को संयुक्त सङ्ग्रह निकाल्ने सपना सपनामाथि उभिएर कविता सङ्ग्रहको प्रकाशन पश्चात पूरा भएको अभिमत प्रकट छ ।

बालकृष्ण बस्नेत (२०६४) ले **कान्तिपुर** दैनिकमा **दोलखाली जोश** शीर्षकको लेखमा दोलखाली समकालीन साहित्य पुस्तकको समीक्षासँगै सपनामाथि उभिएर कविता सङ्ग्रहको पनि चर्चा गरेका छन् ।

आनन्द श्रेष्ठ (२०६५) ले **रोल्वालिङ टाइम्स** पत्रिकामा **सपनामाथि उभिएर हेर्दा** शीर्षकको कविता सङ्ग्रहमा सङ्ग्रृहित तिन वटै श्रष्टाका सिर्जनाहरूको सामान्य चर्चा गरेका छन् ।

शेरबहादुर भुजेल (२०६६) ले **गोगर राष्ट्रिय पाक्षिक** पत्रिकामा **मान्छे बिनाको सहित्य सम्भव छैन** शीर्षकको लेख लेखेका छन् । उनले दोलखाको साहित्यमा के कस्ता योगदान कवि सुवेदीबाट भएको छ भन्ने कुराको सामान्य जानकारी दिनुका साथै सुवेदीका साहित्यिक दृष्टिकोणको बारेमा पनि चर्चा गरेका छन् ।

जीवन लामा(२०६८) ले **कालिञ्चोक सन्देश साप्ताहिक** पत्रिकामा साताको क्यामेरामा स्तम्भ अन्तर्गत **माझी बस्तीमा माझीको कविता** शीर्षकमा कवि विष्णु सुवेदीको कवितासङ्ग्रह **बूढो माझी** लोकार्पण समारोहको तस्वीरसहित समारोहको गतिविधि प्रस्तुत गरेका छन् ।

विप्लव ढकाल (२०६८) ले **बूढो माझी** कवितासङ्ग्रहमा **अक्षरहरुबाट बाहिर निस्केर** शीर्षकको भूमिका लेखेका छन् । उक्त भूमिकामा विष्णु सुवेदीको व्यक्तित्व र कृतित्वको चर्चा गरेका छन् । ढकाल आफू कविताका पात्रहरूद्वारा तानिनुका साथै ती पात्रहरूले भोलिको सिङगो युगलाई झस्काइरहने कुरा उल्लेख गर्दै चेतनाको संवाहकका रूपमा यस कृति उभिन सक्षम भएको मूल्याङ्कन गरेका छन् ।

बिर्ख क्रान्ति (२०६८) ले **बूढो माझी** कवितासङ्ग्रहको अन्तिम पृष्ठमा **साथीको आँखामा बूढो माझी** शीर्षकको टिप्पणी गरेका छन् । उनले बूढो माझी आधुनिक महाभारतको सूत्रधार, आफू धृतराष्ट्र र कवि सञ्जय बनेर बूढो माझीको महाभारत सुनाइरहेको भन्ने विचार व्यक्त गरेका छन् ।

सुवास योञ्जन (२०६८)ले **अन्नपूर्ण पोष्ट** पत्रिकामा **भिरकोट गाउँमा बूढो माझी** शीर्षकको लेखमा पुस्तक विमोचन र प्रकाशित अघिल्ला तिन कवितासङ्ग्रहको पनि चर्चा गरेका छन् ।

रचना खड्का (२०६८) ले **बुधवार साप्ताहिक** पत्रिकामा **असमानता र विभेदविरोधी कविता** शीर्षकको लेखमा **बूढो माझी** कविता सङ्ग्रहको समीक्षा गरेकी छन् । उनका अनुसार यस कवितासङ्ग्रहका कविताहरू तत्कालीन समाजलाई बुझ्न र चिन्न मात्र नभई समाजलाई बदल्ने चेतनाको प्रवाहसहित उपस्थित भएका छन् भन्ने भाव प्रकट गरेकी छन् ।

अवतार ढकाल (२०६८) ले **नवतर साप्ताहिक** पत्रिकामा **बूढो माझी भित्र फेरि पस्दा....** शीर्षकको लेखमा **बूढो माझी** कवितासङ्ग्रहको समीक्षा गरेका छन् । उनका अनुसार यस कृतिले गरिब, निमुखा, सोझा र राज्यले सीमान्तकृत भनी परिभाषित गरेका वर्गका मानिसहरूको जीवन भोगाइलाई विषयवस्तु बनाएको चर्चा गरेका छन् ।

इन्द्रकुमार श्रेष्ठ (२०६९) ले **नवतरङ्ग साप्ताहिक** पत्रिकामा **बुढो माझी एकसुत्रात्मक पठन** शीर्षकको लेख लेखेका छन् । उनले यस लेखमा **बूढो माझी** कवितासङ्ग्रहको समीक्षा गरेका छन् । उनका अनुसार सम्पूर्ण कविताहरू एक-एक गरी विश्लेषण गर्ने हो भने विष्णुका कविताले मिहिनेत खोज्छन् । कविले कवितामा जीवन चाहेका छन्, प्रगति चाहेका छन्, न्याय चाहेका छन् । साथै कविले सु-शासन, सभ्यता, समानता साथै सिङ्गो समाज र राष्ट्रको समृद्दिको चाहना व्यक्त गरेको विचार प्रकट गरेका छन् ।

भोजराज न्यौपाने (२०६९) ले **मधुपर्क** पत्रिकामा **सरस र सरल कविताहरुको सङ्गालो** शीर्षकको लेख लेखेका छन् । उनका अनुसार **बूढो माझी** कवितासङ्ग्रहमा कविले विभिन्न पात्रहरूको माध्यमले  दलित, असहाय, निमुखा र सीमान्तकृतको दुःखमा आफूलाई समर्पित गराएका छन् ।

### १.५ शोधकार्यको औचित्य

विष्णु सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई यसैबारे विस्तृत एवम् सुव्यवस्थित विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएको छ । त्यसैले यस शोधको अध्ययन पश्चात उनका बारेमा तथा उनका कृतिका बारेमा वस्तुगत एवम्

प्रामाणिक जानकारी उपलब्ध हुने छ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, संघसंस्थाले पनि लाभ उठाउन सक्ने छन् । नेपाली साहित्यको इतिहास लेखन तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले विस्तृत सहयोग पऱ्याउने छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा विष्णु सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिने छ । सुवेदीका जीवनी र व्यक्तित्वका पाटाहरुका अतिरिक्त उनका वि.स.२०६८ सालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन नै यस शोधपत्रको क्षेत्र हो । यस शोधमा कृतित्वको अध्ययन गर्दा ती कृतिहरूलाई विधा तत्वका आधारमा विश्लेषण गरिएको छ ।

## १.७ शोधविधि

शोध विधि अन्तर्गत निम्नलिखित उपशीर्षक पर्दछन् :

### ७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मूल रूपमा पुस्तकालयीय  कार्यबाट अधिकांश सामग्री सङ्कलन गरिने छ । यसका अतिरिक्त स्वयम् शोधनायक विष्णु सुवेदी र उनको परिवारजन लगायत अन्य सम्बन्धित विज्ञहरूसँग गरिएका मौखिक तथा लिखित प्रश्नहरूको आधारमा पनि सुवेदीको जीवनी र व्यक्तित्व सम्बन्धी विविध सूचना र जानकारी सङ्कलन गरिएको छ । यसक्रममा शोधनायकबाट प्राप्त सूचना र सामग्रीहरू, शोधनायकका परिवार तथा साथीहरूबाट प्राप्त सूचनाहरू, शोधनायकका सिर्जनात्मक कृतिहरू प्राथमिक वा मुख्य सामग्रीका रूपमा रहेका छन् भने उनको जीवनी,व्यक्तित्व र कृतित्वका बारेमा भएका पूर्व कार्यहरू प्रस्तुत शोधका द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

### ७.२ सैद्धान्तिक आधार वा ढाँचा

सङ्कलित सामग्रीको जीवनीपरक एवम् प्रभावपरक समालोचना पद्धति तथा विधा सिद्धान्तलाई आधार बनाई विश्लेषणात्मक विधिद्वारा विवेचना गरिएको छ ।

### १.८. शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचना सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । प्रस्तावित शोधपत्रको स्वरूप वा सङ्गठन यस प्रकार रहेको छ :

परिच्छेद एक : शोधपरिचय

परिच्छेद दुई : विष्णु सुवेदीको जीवनी

परिच्छेद तिन : विष्णु सुवेदीको व्यक्तित्व

परिच्छेद चार : विष्णु सुवेदीका कविता कृतिको अध्ययन

परिच्छेद पाँच : सारांश र निष्कर्ष

सन्दर्भ सामग्री सूची

# परिच्छेद-दुई
# विष्णु सुवेदीको जीवनी

## २.१ विषय परिचय

कुनै पनि व्यक्तिका जीवन भोगाइको सिलसिलाबद्ध प्रस्तुति नै जीवनी हो । सुवेदीका जीवन भोगाइहरूको प्रस्तुति यस परिच्छेदमा जीवनीका रूपमा गरिएको छ । सुवेदीको जीवन चरित्रलाई लिएर लेखिएको यो परिच्छेदमा उनका जीवनका विविध घटना चक्रहरूलाई सत्य तथ्यमा आधारित भएर प्रस्तुत गरिएको छ । सुवेदीको जन्मदेखि हालसम्म उनले गरेका कार्य, सेवा, उनको शिक्षा-दिक्षा, संस्कार कर्महरू, आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक गतिविधि, साहित्यिक क्रियाकलाप र उनका मान्यता तथा धारणा जस्ता जीवनसँग सम्बन्धित विविध पक्षहरूको अध्ययन यस परिच्छेदमा गरिएको छ ।


## २.२ पुर्ख्यौली र पारिवारिक पृष्ठभूमि

विष्णु सुवेदीका प्राचिन पुर्खा भारतको कान्यकुब्ज सहरको शङ्खद्वार भन्ने ठाउँबाट वि.स. ११०० सालतिर नेपालको हालको अछाम जिल्लाको कीर्तिखाम हुँदै दोलखा जिल्लामा आई बसोबास गरेका थिए । अछाममा बसोबास गर्ने कुश भट्टका सन्तानमध्ये १७४० सालतिर तुलाराम सुवेदी दोलखा जिल्लाको हालको बोच गा.वि.स.को स्याँसी भन्ने ठाउँ हुँदै कान्छी श्रीमती लिई हालको भीमेश्वर नगरपालिका ११ मकैबारीको फल्गुधुनीमा बसाइँ सरे । उनकै सन्तान रामभद्र सुवेदी हालको भि.न.पा ३, राम्पा भन्ने ठाउँमा बसाइ सरेका थिए ।[1] यसरी सुवेदीको वंशपरम्पराको अध्ययनबाट उनको पारिवारिक पृष्ठभूमि नेपाल मात्र नभई भारतसम्म फैलिएर रहेको पाइन्छ । भारतको कन्यकुञ्ज सहर हुँदै नेपालसम्मको यात्राका क्रममा विविध स्थानहरूमा पटक पटक बसाइँ सरेको पाइन्छ । विष्णु सुवेदी आफ्ना पूर्खा तुलाराम सुवेदीले बसाइँ सरी आएका हालको भि.न.पा ३ राम्पा

[1] शोधनायकका पिता इन्द्रप्रसाद सुवेदीबाट प्राप्त जानकारीअनुसार ।

भन्ने ठाउँमा जन्मेका हुन् ।[२] हाल सुवेदीको परिवार स्थायी रूपमा दोलखाको भि.न.पा. ३ राम्पा भन्ने ठाउँमा नै बस्दै आएका छन् ।

सुवेदीका पिता इन्द्रप्रसादका अनुसार विष्णु सुवेदीका दसौँ पुस्तासम्मको वंशावली तालिका यसप्रकार रहेको छ :-




विष्णु सुवेदीका पिता इन्द्रप्रसाद सुवेदी राजनीतिज्ञ, इतिहासकार साथै समाजसेवातर्फ चासो राख्छन् । जीवनयापनका क्रममा सम्पत्ति आर्जन गर्न र ऋण

---

[२] इन्द्रप्रसाद सुवेदी, पूर्ववत् ।

तिर्न यिनी १२ वर्षको उमेरमा सिक्किम र भुटान गएका थिए ।[3] राजनीतिमा सक्रिय रहेका इन्द्रप्रसादको आर्थिक आम्दानीको श्रोत घर-खेत, बस्तु-भाउ मात्र रहेको पाइन्छ ।[4] अर्थिक आय-आजर्न र जीविकोपार्जनका लागि नेपालबाहिर समेत गएका इन्द्रप्रसादको आफ्नो स्वामित्वमा जग्गा जमिन नरहेको र अधिया ठेक्काबाट जीविकोपार्जन गरेता पनि २०३२ साल पछि भने केही जग्गा जमिन आफ्नो स्वामित्वमा रहेको बताउँछन् ।[5]

## २.३ जन्म र जन्मस्थान

विष्णु सुवेदीको जन्म दोलखा जिल्ला, भि.न.पा. वडा नं. ३ को राम्पामा वि. सं. २०२६ साल असार २७ गते भएको हो ।[6] उनका पिता इन्द्रप्रसाद सुवेदी र माता इन्द्रमाया सुवेदी हुन् । इन्द्रप्रसाद दम्पतीबाट पहिलो सन्तानका रूपमा विष्णु सुवेदी को जन्म भएको हो । सुवेदीका एक भाइ जगतप्रसाद र एक बहिनी सीता रहेका छन् ।

## २.४ बाल्यकाल

विष्णु सुवेदी चार वर्षको उमेरसम्म पनि बोल्न र हिँड्न नसक्ने थिए । त्यसैकारण यिनलाई दोलखाको लामाबगरमा रहेको देउलाङ्गेश्वर महादेव थानमा दर्शन गराउन लगिएको थियो । सुवेदी पछि आफैं बिस्तारै बोल्न र हिँड्न थालेका सुवेदीका पिता बताउँछन् । यिनको बाल्यकाल संयुक्त पारिवारिक वातावरणमा बितेको थियो । यिनलाई हजुरआमा धनमायाले विशेष माया र स्याहार गरी हुर्काएको पाइन्छ ।[7] सुवेदी बाल्यकालमा भावुक, साथीसँग मिल्ने स्वभावका थिए । हकजुरआमा, आमाका साथमा सम्पूर्ण परिवारको स्याहार सुसार पाएका यिनी

---

[3] इन्द्रप्रसाद सुवेदी, पूर्ववत् ।

[4] ऐजन ।

[5] ऐजन ।

[6] शोधनायककी आमा इन्द्रमायाबाट प्राप्त जानकारीअनुसार ।

[7] ऐजन ।

जन्मँदा दुब्ला र गहुँगोरा थिए ।[८] बालसङ्गातीहरूसँग विभिन्न बालस्वभाव अनुसारका खेल खेल्दै यिनको बाल्यकाल जन्मस्थान दोलखाकै सेरोफेरोमा बितेको थियो । बाल्यकालमा डन्डिबियो खेल्न, उफ्री खेल्न र पढ्न मन पराउने यिनी साथीभाइहरूका साथमा प्राकृतिक वातावरणको रमाइलो संसारमा खेल्दै हुर्केका थिए ।[९] यसरी सुवेदीको बाल्यकाल सुखमा बितेको पाइन्छ ।

## २.५ शिक्षादीक्षा

चार वर्षसम्म नबोलेका र नहिँडेका विष्णु सुवेदीले गुरु कृष्ण मुरारी मास्केबाट क,ख,ग...सिकेका हुन् । अक्षराम्भ गुरु मास्केबाट गरेका सुवेदीलाई ६ वर्षको उमेरमा उनका बुबा इन्द्रप्रसाद सुवेदीले श्री कालिञ्चोक प्राथमिक विद्यालयमा भर्ना गरिदिएका थिए । सुवेदी माध्यामिक तहका लागि श्री भीम उ.मा.वि दोलखामा भर्ना भएका थिए ।[१०] कुनै पनि कक्षा नदोहोऱ्याई कक्षा चढ्दै गएका सुवेदीले २०४४ सालमा द्वितीय श्रेणीमा एस्. एल्. सी. उत्तीर्ण गरेका थिए । एस्. एल्. सी. उत्तीर्ण गरेपछि उनी उच्चशिक्षाका लागि गौरीशङ्कर क्याम्पस चरिकोटमा भर्ना भए ।[११] उनले त्यहाँबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरेको पाइन्छ । उनको औपचारिक शिक्षाको यात्रा यहीँ सम्म देखिन्छ । उनले आफ्नो ज्ञानको क्षितिजलाई स्वाध्ययनको माध्यमले तिखार्दै लगेका छन् ।

## २.६ उपनयन

पूर्वीय पद्धतिअनुसार आर्य संस्कृतिमा उपनयन संस्कार षोडश संस्कारभित्र पर्दछ । नेपाली धर्म, संस्कार र संस्कृतिमा उपनयन पनि एउटा महत्वपूर्ण कर्म हो । हिन्दू धर्म संस्कृति अनुसार छोराको कर्म चलाउनु र उसलाई जातिमा ल्याउनु त्यत्तिकै महत्वपूर्ण हुन्छ । सुवेदीको पनि बुबा इन्द्रप्रसादले हिन्दू संस्कृति अनुसार विधिविधानपूर्वक उपनयन गरिदिएका थिए । यिनी उपनयन गर्दा जम्मा चौंध वर्षका

---

[८] इन्द्रमाया, पूर्ववत् ।

[९] ऐजन ।

[१०] इन्द्रप्रसाद सुवेदी, पूर्ववत् ।

[११] इन्द्रमाया, पूर्ववत् ।

मात्र थिए । ब्रतबन्ध गर्दा सबै परिवार साथै हुँदा उनलाई रमाइलो लागेको अनुभव सुनाउँछन् ।[12]

## २.७ दाम्पत्य जीवन र सन्तान

पूर्वीय परम्परा संस्कृति अनुसार विवाह संस्कार षोडश संस्कारभित्र पर्दछ । भारद्धाज गोत्रमा जन्मिएका विष्णु सुवेदीको शुभ विवाह २०४७ सालमा २१ वर्षको उमेरमा भयो । सुवेदीको विवाह घरपरिवारको योजनामुताविक बलराम गौतम र मनमाया गौतमकी सुपुत्री सरस्वती गौतमसँग भयो ।[13] सरस्वती सानै उमेरदेखि मृदुभाषी, सरल, स्वभाव र सहयोगी भावना भएकी नारी थिइन् र वर्तमानमा पनि उनको बानी व्यवहार यस्तै रहेको पाइन्छ ।[14] चार सन्तान जन्मिए पनि हाल विष्णु सुवेदीका तीन छोरीहरू क्रमशः विनिता (२०४८ असार), अनिता(२०५३ असार) र निकिता (२०६० श्रावण) रहेका छन् । उनको पहिलो सन्तानका रुपमा छोरी कमला(२०४५-२०५१)को जन्म भएको थियो ।[15] विष्णु सुवेदीको पारिवारिक र दाम्पत्य जीवन सामान्य र सन्तोषजनक नै रहेको छ । साहित्य लेखनका सन्दर्भमा परिवारबाट खासै सहयोग नपाएको गुनासो भने सुवेदीसँग रहेको छ । आफ्नो विचार, स्वभाव, बुझाइँ र चाहना विपरितको अपेक्षा परिवारले गर्ने हुँदा दुःख लाग्ने गरेको सुवेदी बताउँछन् ।

## २.८ पारिवारिक आर्थिक अवस्था

सुवेदीको वंशज परापूर्वकालदेखि नै दोलखामा बस्दै आएको नभई धेरै अगाडि अछाम जिल्लाको कीर्तिखाम भन्ने ठाउँबाट आई यहाँ बसोबास गर्न थालेको पाइन्छ । विष्णु सुवेदीको जन्म मध्यमवर्गीय परिवारमा भएको हो । दोलखामा उनको पिताबाट प्राप्त अंशको जग्गामा खेतिपाती गरेर बसेका सुवेदीको पारिवारिक स्थिति मध्यम स्तरको रहेको देखिन्छ । परम्परित कृषि पेसालाई अँगालेका उनका परिवारको आर्थिक स्थिति सामान्य रहेको छ । साथै आय आर्जनको निम्ति पसल व्यवसाय समेत सञ्चालनमा रहेको छ । उक्त पसलको उचित व्यवस्थापन श्रीमती सरस्वती

---

[12] शोधनायकसँगको कुराकानीमा आधारित ।

[13] ऐजन ।

[14] इन्द्रमाया, पूर्ववत् ।

[15] शोधनायककी पत्नी सरस्वती सुवेदीबाट प्राप्त जानकारी अनुसार ।

सुवेदीले गर्दै आएकी छन् ।[16] कृषि व्यवसायबाटै आम्दानी गर्दै गएका कारण उनको परिवारको आर्थिक स्थिति वर्तमानमा सन्तोषजनक रहेको देखिन्छ । पैतृक सम्पत्ति र परिवारका अन्य सदस्यहरूको आर्थिक सहयोग नगन्य रूपमा भएको कुरा सुवेदी बताउँछन् ।[17] यसरी परिवारको सहयोग र समझदारीका कारण आर्थिक अवस्था सामान्य नै भए पनि सुवेदीको परिवार खुसी नै देखिन्छ ।

## २.९ बसोबास र आजीविका

विष्णु सुवेदीको पुर्ख्यौली थलो दोलखा नभए पनि तुलाराम सुवेदीका पालादेखि दोलखामा बसोबास गर्दै आएको पाइन्छ । २०५१ साल सम्म संयुक्त परिवारमा रहेर छुट्टिएका सुवेदीको परिवारमा तीन छोरी, एक पत्नी र आफू समेत गरी जम्मा ५ जना रहेका छन् ।

जीवनमा कहिल्यै सरकारी जागिर नखाएका विष्णु सुवेदी आर्थिक स्रोत कृषि व्यवसाय नै हो ।[18] उनको सहायक आर्थिक स्रोतको क्षेत्र भने पत्रकारिता रहेको छ । उनले विभिन्न स्थानीय र राष्ट्रिय पत्रपत्रिकाहरूमा लेख, रचनाहरू प्रकाशन गरेर त्यसबाट प्राप्त आर्थिक स्रोतले धेरथोर समस्याहरु टार्ने गरेका छन् । उनी बाहेक उनको परिवारमा आम्दानी गर्ने दोस्रो व्यक्ति श्रीमती सुवेदी हुन् ।[19] सीमित आम्दानी भएपनि सुवेदी दम्पतीले आफ्ना छोरीहरुलाई पढाउँदै र सामान्य रुपमा घर व्यवहार चलाउँदै आइरहेका छन् । उनीहरूका पाँच जनाको परिवार हाँसी खुसी नै देखिन्छन् ।

---

[16] सरस्वती सुवेदी, पूर्ववत् ।
[17] विष्णु सुवेदी, पूर्ववत् ।
[18] ऐजन ।
[19] ऐजन ।

## २.१० रुचि र स्वभाव

विष्णु सुवेदी बाल्यकालमा गम्भीर, मिलनसार, शान्त, अध्ययनशील स्वभावका थिए । यिनलाई पढ भनेर कहिल्यै कर लाउन र गाली गर्न पर्दैनथ्यो ।[२०] यिनको स्वभाव नरम र भद्र प्रकारको देखिन्छ । नरिसाउने, ठट्टा गर्न रुचाउने, बहिर्मुखी स्वभावका सुवेदी आफूले भनेको कुरा गरेरै छाड्ने स्वभावका छन् । सानै उमेरदेखि उनी एकान्तमा बस्न मन पराउने शिष्ट र सभ्य स्वभाव उनमा रहेको देखिन्छ ।[२१] यसै कारणले गर्दा उनले बर्हिजगत्सँग र अर्न्तजगतसँग सम्बन्ध राख्दै जीवनका अनुभूतिहरूलाई साहित्यमार्फत प्रकट गर्ने गरेको देखिन्छ । उनी बाल्यकालदेखि नै दयालु स्वभावका थिए । अर्काको कल्याण हुन्छ भने जस्तोसुकै कार्य गर्न पनि तत्पर हुनुका साथै उनले आफूलाई समाजको उन्नतिका लागि समर्पित गरेका छन् । घरमा आएका मानिसको सोधीखोजी गर्ने, झर्को नमानी बोल्ने, बिना कुनै काम कतै नहिँड्ने स्वभाव सुवेदीमा पाइन्छ ।[२२] सुवेदी मध्यम स्वरमा मीठो बोल्ने र सधैं चिन्तनशील रहने व्यक्ति हुन् । कामप्रति लगनशीलता भएका सुवेदी विद्यार्थी कालमा अत्यन्तै विनयशील, मृदुभाषी, नम्र स्वभाव, मिलनसार र स्वाभिमानी स्वभाव भएका व्यक्ति थिए ।[२३] महत्वाकाङ्क्षाभन्दा आफूलाई टाढा राखी साहित्यको सेवामा जीवन नै समर्पित गरी नेपाली साहित्यको समृद्धिका लागि मरिमेट्ने सुवेदी आत्मविश्वासी छन् ।[२४] सबैप्रति समान व्यवहार गर्नु, कसैमाथि भेदभाव नराख्नु, सदाचार र सत्कर्म तथा धार्मिक महत्वमा विश्वास राख्नु उनका चारित्रिक विशेषता रहेको पाइन्छ । अनावश्यक कुरामा वास्ता नगर्ने, बोल्दाखेरि केही हाँसेर बोल्ने स्वभाव सुवेदीमा रहेको पाइन्छ ।[२५] चर्को एवम् उग्र स्वर र अहङ्कारपूर्ण स्वभाव, उनको बोली, गफ र लेखाइमा पाइँदैन । सुवेदी घरको कामसँगै साहित्यका कुनै पनि पक्षको अध्ययन तथा सिर्जनामा नै समय बिताउने

---

[२०] इन्द्रप्रसाद सुवेदी, पूर्ववत् ।

[२१] ऐजन ।

[२२] सरस्वती सुवेदी पूर्ववत ।

[२३] शोधनायकका भाइ जगत सुवेदीसँगको कुराकानीमा आधारित ।

[२४] ऐजन ।

[२५] ऐजन ।

गर्दछन् ।[26] समग्रमा भन्नुपर्दा शिष्टता, भद्रता, विनयशीलता एवम् सहयोगी भावना सुवेदीमा पाइने चारित्रिक विशेषता हुन् ।

विष्णु सुवेदीका रुचिका विषय समाजसेवा, अध्ययन र साहित्य सिर्जना रहेको पाइन्छ । साहित्यिक रचनाका अतिरिक्त उनी विश्व साहित्यको अध्ययन गर्न तथा देश-विदेशका समसामयिक विषयहरूको अध्ययन गर्न रुचि राख्दछन् । उनी कुकुर पाल्न अति मन पराउने भएकाले घरमा एउटा कालो कुकुर पालेका छन्, त्यसलाई उनी **गोथे** भनेर बोलाउँदछन् ।[27]

सुवेदीले घरको अत्यावश्यक कामबाहेक अन्य समय साथीहरूसँग भेटघाट, छलफल, साहित्यको अध्ययन, विश्लेषण तथा साहित्यसिर्जना आदिमा बिताउँछन् । उनका कृति गम्भीर, समसामयिक, सामाजिक विकृतिको जरा उखेल्न सक्ने खालका देखिन्छन् । पूर्वीय र  पाश्चात्य काव्य सिद्धान्तको हुबहु पालना गरेर साहित्यको सिर्जना गर्नुपर्छ भन्ने मान्यताका विरुद्ध यिनका रचनाहरु सरल र स्वाभाविक देखिन्छन् । घरको काममा दैनिक ३-४ घण्टा खट्ने सुवेदीले अन्य समयमा साहित्यका कविता, कथा, नियात्रा, गीत, नाटक आदि विधामा सशक्त रूपमा कलम चलाएको पाइन्छ । जे लेखे पनि अनवरत स्वतःस्फूर्त रूपमा एकै बसाइमा लेख्न सक्ने सुवेदीको लेखाइमा केही कसरमसर रहने गरेको पाइन्छ । दोस्रो पटकसम्म साफी गर्नुपर्ने उनको लेखाइ रहे पनि मझौला खालका एकै नासका अक्षरहरू लेख्ने गर्दछन् । केही केरमेट भए पनि व्यवस्थित र गुणात्मक लेखाइ सुवेदीको लेखनगत विशेषता रहेको पाइन्छ ।[28]

धर्ममा आस्था नरहे पनि सुवेदीको कुनै धर्म प्रति विरोधको भावना पनि छैन । उनले बाइबल, राममायण, महाभारत, चाणक्य नीति जस्ता धार्मिक पुस्तकहरुको अध्ययन गरेका छन् । सुवेदी कवि शिरोमणि लेखनाथ पौड्यालदेखि महाकवि लक्ष्मीप्रसाद देवकाटा, बालकृष्ण सम, गुरुप्रसाद मैनाली, गोपालप्रसाद रिमाल आदि हुदै समसामयिक लेखक तथा साहित्यकारका लेख रचनाहरूको

---

[26] विष्णु सुवेदी, पूर्ववत् ।

[27] ऐजन ।

[28] शोधनायकका रचनाहरूको अध्ययनबाट प्राप्त जानकारी अनुसार ।

अध्ययनमा विशेष रुचि राख्दछन् । त्यसैगरी सुवेदीको रुचि पाश्चात्य लेखक तथा साहित्यकार एवम्  राजनेताहरूको जीवनी पढ्नेतिर पनि रहेको छ । उनले आफूले पढेका र प्राप्त भएका पुस्तक र पत्रपत्रिकाको सङ्कलन गरी आफू सुत्ने कोठामा सानो पुस्तकालयको निर्माण समेत गरेका छन् ।[२९]

सादा शाकाहारी खान निकै मन पराउने उनी साधारण पोसाक सर्ट, पाइन्ट, ज्याकेट लगाउन मन पराउँछन् । उनी अरू कुराभन्दा पढ्न र लेखनमै बढी रुचि राख्ने भएका व्यक्तित्व हुन् । साथीहरूसँग अत्यन्तै मिल्ने हुनाले उनका धेरै साथीहरू छन् । स्कुलको कार्यक्रममा सानैदेखि भाग लिने र कविता वाचन गर्ने उनको रुचि थियो ।  फोटो खिच्ने , विभिन्न ठाउँमा घुम्ने उनको सौख रहेको छ । अझ उनमा समाज सेवा गर्ने ठूलो रुचि रहेको पाइन्छ । उनलाई खानामा खास मनपर्ने र खास मन नपर्ने भन्ने कुरा केही छैन ।[३०]

## २.११ भ्रमण

विष्णु सुवेदी सानै उमेरदेखि भ्रमणप्रति रुचि राख्ने व्यक्ति हुन् । विभिन्न स्थानको भ्रमण गरी नयाँ नयाँ कुरा जान्ने सौख सुवेदीमा रहेको पाइन्छ । त्यसैअनुरूप विष्णु सुवेदीले विभिन्न उद्देश्य लिएर नेपालका विभिन्न ठाउँ पोखरा, काठमाडौँ, गोरखा, मनकामना, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, दोलखा, लुम्बिनी, आदि स्थानहरूको भ्रमण गरेका छन् । सुवेदीले आफ्नो स्वेच्छाले साथै संघ संस्थाको कामले विविध ठाउँहरूको भ्रमण गरेका छन् ।

संघ संस्थको प्रतिनिधिका हैसियतले सुवेदी २०४४ सालको अन्त्यतिर **सिन्धुपाल्चोक दोलखा पहिरो योजना** कार्यक्रम अर्न्तगत दोलखादेखि इलाम हुँदै दार्जलिङ सम्म अवलोकन भ्रमण गरेका थिए । पत्रकारका हैसियतले २०५६ सालतिर **प्राकृतिक सम्पदा** मासिकको सम्पादक हुँदा वातावरण पत्रकार समूहद्वारा काठमाडौँदेखि नेपालगञ्जसम्म सामुदायिक वनको अवलोकनार्थ भ्रमण गरेका थिए । त्यसैगरी २०६५ सालको **इन्सेकको** कार्यशाला गोष्ठीका लागि काठमाडौँदेखि

[२९] शोधनायकसँगको कुराकानी र अवलोकनबाट प्राप्त जानकारी अनुसार ।

[३०] सरस्वती सुवेदी पूर्ववत ।

पोखरासम्म भ्रमण गरेका थिए । २०६९ सालमा व्यक्तिगत भ्रमणका सिलसिलामा धार्मिक एवम् आन्तरिक पर्यटन भ्रमण अन्तर्गत दोलखा, लुम्बिनी, पाल्पा, स्याङ्जा, कास्की, पोखरा, गोर्खा, चितवन आदि स्थानको साथै भारतको केही भाग र चीनको खासासम्म पुगेका छन् । **प्रगतिशील लेखक संघ**को अधिवेशनमा भाग लिन दोलखाबाट काठमाडौँसम्मको यात्रा गरेका छन् ।[३१]

सुवेदीले उपर्युक्त भ्रमणहरूमा अनुभव गरेका, भोगेका र देखेका विविध विषयलाई आफ्ना रचनामा चित्रण गरेको पाइन्छ । उनका भ्रमणहरू प्रायः काम विशेषले नै हुने गर्छ । सुवेदीले भ्रमणका क्रममा त्यहाँको प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा सौन्दर्य र आधुनिक विकासको अवलोकन गर्ने, विभिन्न तीर्थस्थलहरूमा भएका देवीदेवताको स्वरूपको अध्ययन गर्ने र तिनका बारेमा लेख्ने गर्दछन् । विभिन्न विद्वान्हरूसँगको भेटघाट, विभिन्न नयाँ कुराहरूको अवलोकन, सामाजिक संरचनाको अवस्थालाई भ्रमणका समयमा हृदयङ्गम गर्दै विभिन्न क्षेत्रमा देखिएका विकृतिहरूलाई निर्मूल पार्न उनी साहित्यका माध्यमबाट लागिपरेका देखिन्छन् ।

## २.१२ साहित्यिक मान्यता

आफ्नो जीवन साहित्य लेखन र समाजको हितका निम्ति हो भन्ने सुवेदीका आफ्ना मौलिक धारणा वा मान्यता रहेका छन् । विचारको प्रस्तुति नै साहित्य भएकाले साहित्यकारले आ-आफ्ना विचारहरू आफ्नै तरिकाले प्रस्तुत गरेका हुन्छन् । सुवेदीका साहित्यिक रचनाहरू समाज, देश, काल र परिस्थितिको सिङ्गो ऐना हुन् । साहित्यमा आफ्नो विचारसँगै अरूको विचार, दर्शन र आस्था समाहित हुनु पर्छ भन्ने धारणा उनको छ । जे लेखे पनि मान्छेको उपस्थिति उसको अवस्था र समय लेखिनु पर्छ । काव्य प्रगतिवादी हुनुपर्छ, काव्यको प्रयोजन व्यक्तिगत शोख मात्र नभई समाजलाई सही दिशा निर्देश गर्न सक्ने हुनुपर्छ । काव्य राजनीतिदेखि टाढा हुनुटाढा हुनुहुँदैन, काव्यमा स्वाभाविक सौन्दर्य अङ्गालिएको हुनुपर्दछ । साहित्य सत्यम्, शिवम् र सुन्दरम्मा आधारित हुनुपर्दछ । समस्याको उजागर मात्र नगरी

[३१] विष्णु सुवेदी, पूर्ववत् ।

साहित्यले समाधानको उपाय समेत दिनसक्नु पर्छ भन्ने मान्यता सुवेदीको रहेको पाइन्छ । जीवनको सुन्दर भावलाई काव्यको प्रमुख रूप मान्ने सुवेदी स्रष्टा र पाठकका माध्यमबाट नै साहित्यको जन्म हुन्छ भन्ने कुरामा विश्वास राख्दछन् ।[32] साहित्य सरल र सरस हुनुपर्छ । मानव चेतनाको स्तर अभिवृद्धि र आमूल परिवर्तनको सोच, नैतिक रुपान्तरणको ध्येयका साथ लेखिने साहित्य अर्थपूर्ण हुन्छ भन्ने मान्यता सुवेदीमा पाइन्छ ।[33]

## २.१३ जीवनसम्बन्धी मान्यता

विष्णु सुवेदी जातीय विभेदले मानबको एकतामा सङ्कट उत्पन्न गर्छ भन्ने मान्यता राख्दछन् । समाजमा महिलाहरू शोषित र पीडित छन् उनीहरूको मुक्तिका लागि युवा पुस्ता नै अग्रसर हुनुपर्दछ भन्ने उनको धारणा रहेको छ । मानिसले कर्म गर्नु पर्दछ साथै सकारात्मक फलको आशा गर्नुपर्छ । कुनै आशा नगरी गरिएको कर्म निरर्थक र गन्तव्यहीन हुन्छ भन्ने उनको मान्यता रहेको छ ।[34] मानवले कर्म गर्दा भगीरथ प्रयत्न गरेर भए पनि सफल भई छाड्नु पर्दछ । कर्म गरेर बीचमा छोड्नु हुन्न भन्ने उनको धारणा रहेको पाइन्छ ।

जीवन भोगाइ र अनुभवहरुको सँगालो हो भन्ने मान्यता राखेका सुवेदीले भगवान् छन् भन्ने कुरामा विश्वास नराखे पनि धर्मले मान्छेलाई अनुशासनमा बस्न सिकाउने हुँदा यसको महत्व रहेको उल्लेख गर्दछन् ।[35] नेपाल बहुजाति, बहुभाषा, बहुसंस्कृति आदिले भरिपूर्ण देश भएकाले आ-आफ्नो मौलिक जाति, संस्कृति र भाषाको प्रयोग गर्नु प्रयोग कर्ताको मौलिक आधिकार हो । त्यसैले त्यस अधिकारलाई कसैले हनन् गर्नु वा मेटाउन खोज्नु हुँदैन भन्ने उनको मान्यता रहेको देखिन्छ । आफ्नो व्यवहार राम्रो भए मात्र अरूले आफूलाई सम्मान गर्दछन् । आफू सम्मानित हुन अरूलाई सम्मान गर्न जान्नु पर्दछ भन्ने उनको मान्यता रहेको

[32] विष्णु सुवेदी, पूर्ववत् ।

[33] ऐजन ।

[34] ऐजन ।

[35] ऐजन ।

पाइन्छ ।[36] विशेषतः यिनै मूल धारणा वा मान्यतालाई उनले जीवनमा अङ्गालेको पाइन्छ ।

## २.१४ लेखनको प्रेरणा र लेखनारम्भ

साहित्यिक क्षेत्रमा आकर्षित भएको घटना र कारण विशेष केही नभएको भन्ने सुवेदीले साहित्यिक लेखनको प्रेरणा आफूले जीवनमा देखेका र भोगेका भोगाइ र अनुभवबाट प्राप्त गरेका हुन् । आफ्ना भोगाइ र अनुभूतिहरू नै लेखन प्रेरणाका रूपमा रहेको सुवेदीको सामिप्यता स्रष्टा लेखक साथीहरूसँग हुन गई लेखन कार्यलाई निरन्तरता दिन सकेको बताउँछन् ।[37] यसरी साहित्यतिर झुकाव राखेका सुवेदीले आफ्नो औपचारिक साहित्यिक यात्रा वि.स.२०४७ मा **आँखा** पत्रिकाको १०औँ अङ्कमा प्रकाशित **वर्तमानका मान्छे हामी** शीर्षकको कविताबाट प्ररम्भ गरेका हुन् । त्यस्तै उनको पुस्तकाकार पहिलो कृतिका रूपमा वि.स.२०४९मा प्रकाशित **ती फूलहरू खै** ? कविता सङ्ग्रह रहेको छ ।

लेख्दै जाने क्रममा पछिल्लो समयमा उनी भूपी शेरचन र पारिजातको लेखन शौलीबाट प्रभावित भएको बताउँछन् । सुवेदीका कविताहरुमा सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक विविध पक्षमा रहेमा विकृति, विसङ्गति प्रति असन्तुष्टि र मानवीय दुःख, पीडा, छटपटी, वेदना आदि प्रति सहानुभूति प्रकट भएको पाइन्छ ।

## २.१५ पुरस्कार तथा सम्मान

विष्णु सुवेदीले साहित्य तथा पत्रकारिताको क्षेत्रमा पुऱ्याएको योगदान बापत उनलाई विभिन्न संघ-संस्थाले सम्मानित तथा पुरस्कृत पनि गरेको छ । हालसम्म उनलाई प्राप्त भएका सम्मान तथा पुरस्कारहरूमा जिल्ला विकास समिति दोलखाले प्रदान गरेको **साहित्य सिर्जना पुरस्कार** (२०५८), **जमर्को स्रष्टा सम्मान** (२०६८), **स्व. विष्णुदेवी साहित्य सम्मान** (२०६८), **राष्ट्रिय जनसांस्कृतिक महासंघ सम्मान** (२०६९), **नवतरङ्ग साप्ताहिक सम्मान** (२०६५), **साहित्य सिर्जना पुरस्कार** (२०५८),

---

[36] विष्णु सुवेदी, पूर्ववत् ।

[37] ऐजन ।

पत्रकार महासंघ दोलखा शाखाबाट प्रदान गरिएको **क्रियाशील पत्रकारिता पुरस्कार** (२०५७), रेडियो शैलुङ्ग सामुदायिक एफ.एम.बाट **कदर-पत्रद्वारा सम्मान** (२०६७), कालिञ्चोक सन्देश साप्ताहिकद्वारा प्रदान गरिएको **स्तम्भकार सम्मान** (२०६८) आदि रहेका छन् ।

## २.१६ दुःख र सुखका क्षण

विष्णु सुवेदी दुःखका क्षण सम्झनु पर्दा आफूले साहित्य लेखनका प्रारम्भतिर सिर्जनामा लाग्दा एक जना दाजुले तँ अब देवकोटा बन्ने भइस् हैन ? भन्दै रिसले कलम फालिदिएको र लेखिएका कविता पनि च्यातिदिएको क्षण आफू साह्रै दुःखी भएको बाताउँछन् ।[38] सामान्य दैनिक जीवनमा भोगिने र आइपर्ने समस्याले जीवनको पाठ पढाउने र बाँच्न सिकाउने हुँदा दुःख मान्छेको गुरू हो भन्ने विचार उनको रहेको छ ।

सुखको क्षण सम्झँदा सुवेदी आफ्नो चौथो कविता सङ्ग्रह **बूढो माझी** विमोचनको क्षणलाई सम्झन्छन् । विमोचनका क्रममा माझी बस्तीमा गई १०५ वर्षको वृद्ध सिंहवीर माझी र उनकी पत्नीद्वारा कविता सङ्ग्रह विमोचन भएको क्षण नै सुवेदीको जीवनको सबैभन्दा खुसीको क्षण हो ।[39]

## २.१७ निष्कर्ष

जीवनका हरेक भोगाइँ र चुनौतीहरूलाई आत्मसात् गर्दै आजका दिनसम्म साहित्य र समाजका क्षेत्रमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएका विष्णु सुवेदीको सामाजिक, साहित्यिक, राजनैतिक, व्यावसायिक, पारिवारिक अवस्थाको संक्षिप्त उल्लेख यस परिच्छेद अन्तर्गत जीवनीको रुपमा प्रस्तुत गरिएको छ । उनले गरेका साहित्यिक योगदानका निम्ति उनलाई विभिन्न पुरस्कार तथा सम्मान पनि प्रदान गरिएको छ । जीवनका उकाली र ओरालीहरुमा निरन्तर यात्रारत सुवेदीको जीवनी पूर्णरुपले प्रस्तुत नभए पनि उनको विगत र वर्तमान सम्मका भोगाई, अनुभव,

---

[38] विष्णु सुवेदी, पूर्ववत् ।

[39] ऐजन ।

दृष्टिकोण, वौद्धिक चेतना आदिका आधारमा उनको जीवनीलाई यहाँ प्रस्तुत गरिएको छ ।

**परिच्छेद-तीन**

# विष्णु सुवेदीको व्यक्तित्व

## ३.१ विषय परिचय

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक, सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी नै निर्माण भएको छ विष्णु सुवेदीको व्यक्तित्व । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथीसङ्गत र जीवन जगत्प्रतिको दृष्टिकोणले पनि सुवेदीको व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको पाइन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व सुवेदीको रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध छ भने आन्तरिक व्यक्तित्व उनमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उनले जीवनमा गरेका महत्वपूर्ण कार्यहरूसँग सम्बद्ध छ । यसरी निमार्ण भएको सुवेदीको व्यक्तित्वको विभिन्न पाटाहरूको चर्चा यस परिच्छेदमा गरिएको छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक तथा शैक्षिक पक्षले महत्वपूर्ण भूमिका खेलेको छ ।

विष्णु सुवेदीले आफ्नो गाउँघरदेखि नेपाल तथा भारतका विभिन्न प्रकृतिक तथा धार्मिक तीर्थस्थल आदिको भ्रमण गरेका छन् । भ्रमणका समयमा अनुभव गरेका विषय, आफ्नो जीवन भोगाइका अनुभव आदिका आधारमा सुवेदीले साहित्यको रचना गरेको पाइन्छ । सुवेदीले विभिन्न ठाउँका सामाजिक, राजनैतिक, आर्थिक, शैक्षिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, विद्वान्, इष्टमित्र, हजुरबा, बुबा आदिबाट प्रभाव र प्रेरणा ग्रहण गरेका छन् । यी प्रभाव र प्रेरणाबाट निर्मित सुवेदीको व्यक्तित्वका केही पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

## ३.२ आन्तरिक व्यक्तित्व

विष्णु सुवेदी करिब ५ फिट, ६ इन्च उचाई भएका शान्त प्रकृतिका व्यक्तित्व हुन् । गहुँगोरो वर्ण, साना आँखा, दुब्लोपातलो शरीर, लाम्चो परेको नाक, मझौला

निधार, ठिक्कका कान, मिलेका दाँत, मझौला कद, गम्भीर मुखाकृति, मध्यम स्वरको बोली आदि शारीरिक, रूप, रङ, कदले विष्णु सुवेदीको शारीरिक बनोट निर्माण भएको देखिन्छ । जीवनको सञ्चालनमा वा दैनिक खानपिनमा सामान्य ध्यान दिने सुवेदीलाई सामान्य प्रकृतिको ज्वरो, रुघा, खोकी आदि रोग केही दिन लागे तापनि कुनै ठुलो रोगको सामना गर्नु परेको छैन ।[५०] सरल, विनम्र, मृदुभाषी र मिलनसार स्वभावका सुवेदी त्यत्तिकै गम्भीर र दृढ मनोबलयुक्त छन् । उनी कुनै पनि काम गर्दा अत्यन्त धैर्यका साथ लगनशील भएर गर्छन् भने आफूले हात हालेको कार्य फत्ते गरेरै छाड्ने स्वभाव उनमा रहेको पाइन्छ । सुवेदी ईश्वरमा विश्वास राख्दैनन् र धर्मप्रतिको आस्था पनि उनमा पाइँदैन ।[५१] उनी मानवतावादी दृष्टिकोण भएका व्यक्ति हुन् ।

## ३.३ बाह्य व्यक्तित्व

साहित्यिक र सामाजिक क्षेत्रमा गरेको भूमिका र योगदानका कारण सुवेदीको बाह्य व्यक्तित्व सम्मान गर्न योग्य रहेको छ । आफू संलग्न क्षेत्रमा निर्वाह गरेको भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व गौरवमय र अविष्मरणीय रहेको छ । विष्णु सुवेदीको व्यक्तित्वलाई निम्नलिखित केही पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

विष्णु सुवेदी शिक्षा आर्जन गर्दागर्दै २०४४ सालबाट साहित्यिक लेखन प्रारम्भ गरी २०४७ सालबाट सार्वजनिक भई हालसम्म सक्रिय रहेका छन् ।

[५०] इन्द्रमाया सुवेदी, पूर्ववत् ।

[५१] विष्णु सुवेदी, पूर्ववत् ।

### ३.३.१.१ लेखक व्यक्तित्व

विष्णु सुवेदी मूलतः कवि व्यक्तित्वका रूपमा चर्चित भएपनि उनले साहित्यका अन्य विविध विधाहरूमा समेत कलम चलाएका छन् । उनका लेखहरूले शैक्षिक, सामाजिक, राजनीतिक, आर्थिक आदि विविध पक्षको विकृतिप्रति सङ्केत गर्दछ । उनको **गलत शिक्षा नीति र त्रि.वि.वि को शूल्क निर्धारण** शीर्षकको लेखमा शिक्षामा हुने गरेका कमीकमजोरीहरूलाई विषयवस्तु बनाइएको छ । **रेडियो नेपाल र यस्का कार्यक्रम** शीर्षकको लेखले आफ्नो विषयवस्तु सञ्चार माध्यमबाट प्रसारित हुने कार्यक्रमहरूलाई बनाएको छ । **विकास श्रृङ्खला** शीर्षकको लेख **दोलखा टुडे**मा नियमित स्तम्भ अन्तर्गत स्थानीय स्तरमा भए गरेका विकास र हुन सक्ने सम्भावित विकासका कार्यक्रमहरूको बारेमा लेखिएको लेख हो । त्यस्तै उनका अन्य लेखहरूमा **थामी जाती र बाल साहित्य, किन गुम्दै छ जनतामा नेता र पार्टी प्रतिको विश्वास** ? **समस्यै समस्याको जालोभित्र ग्रामीण पत्रकारिता, पत्रकारहरूको नाममा नागरिक सम्बोधन, वुद्विमानहरू निरन्तर जन्मिरहने छन्** आदि लेख रचनाहरू प्रकाशित छन् । उनका लेख रचनाहरूको विषयवस्तु समसामयिक सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक आदि पक्षसँग सम्बद्ध छन् ।

### ३.३.१.२. कवि व्यक्तित्व

विष्णु सुवेदी मूलतः कवि व्यक्तित्व हुन् । उनको साहित्यको क्षेत्रमा अन्य विधाको तुलनामा उर्वर विधा कविता विधा नै हो । उनको पहिलो प्रकाशित साहित्यिक रचना **वर्तमानका हामी मान्छे** कविता (२०४७ ) हो । उनको हालसम्म चार वटा पुस्तकाकार कविता कृति प्रकाशित भएका छन् । जसमा **ती फूलहरू खैं ? २०४९, विधवा भाउजूहरूको देश २०६३, सपनामाथि उभिएर २०६४ र बूढो माझी २०६८** रहेका छन् । सर्वदा वाङ्मय प्रतिष्ठानको आयोजनामा २०६३ सालमा काठमाडौंको बबरमहलमा **स्रष्टा स्वर लाइब्रेरी** कार्यक्रम अन्तर्गत सुवेदीले एकल कविता वाचन गरेका थिए ।

कुनै सुदूर ग्रामाञ्चलको विद्यालयमा पढाउने शिक्षक जस्तो शारीरिक बान्कीका कवि विष्णु सुवेदी दोलखाका उत्साहि कवि हुन् ।[42] आधुनिक समसामयिक धाराका कवि सुवेदीले सिर्जना गरेका सबै कविताहरू गद्य भाषा रहेका छन् । उनलाई पद्य भाषाको सामान्य ज्ञान भएता पनि त्यसको प्रयोगमा खासै रुचि रहेको छैन । उनका कविताहरू बौद्धिक चिन्तनमा आधारित छन् । मानिस कुण्ठित, विष्मित, किंकर्तव्यविमूढ र बौद्धिक चेतनाको घेराभित्र रहेको कुरा सुवेदीका कविताहरूले अभिव्यक्त गरेका छन् ।

विष्णु सुवेदी विभिन्न ठाउँबाट बिम्बहरू ल्याएर कवितामा स्वाभाविक प्रयोग गर्छन् । सरल सहज र स्वाभाविक गद्य भाषाको प्रयोगमा यिनी सफल देखिन्छन् । कविता सरल हुनुपर्ने र यो सबैले बुझ्न सक्ने हुनुपर्नेमा सुवेदीको जोड छ । कविता आमाहरूले बुझ्ने हुनुपर्छ, कविता बाहरूले बुझ्ने हुनुपर्छ, कवित गाउँलेहरूले बुझ्ने हुनुपर्छ भन्ने मान्यता उनी राख्दछन् ।[43] सुवेदीका कवितामा (मार्क्सवादी) प्रगतिवादी अलिक्षण प्रकट भएको पाइन्छ ।[44] देशको वर्तमानको पीडालाई उनले आफ्ना कवितामार्फत वर्काइ फर्काई नियालेका छन् । उनका यी सम्पूर्ण कविताको अध्ययन गर्दा कवि भूपिको प्रभाव पनि अनुभव हुन्छ ।[45]

कवि सुवेदीका कविताहरूमा श्रम गरिरहेका र जीवनलाई कठोर ढङ्गले भोगिरहेका पात्रहरूको उपस्थिति छ ।[46] उनका कविताका नायक-नायिकाहरू अर्थपूर्ण जीवनको खोजीमा क्रियाशील छन् । उनीहरूको आवाजमा गति छ, उनीहरूले रोएको आँसुमा शक्ति छ र उनीहरूले भोगेको दुःखमा आकर्षण छ । उनले सरल

---

[42] श्यामल, 'कवितामा इतिहासको रन्को', **सपनामाथि उभिएर** भूमिका बाट प्राप्त जानकारी अनुसार ।

[43] विष्णु सुवेदी 'लेख्नै पर्दा', **विधवा भाउजूहरुको देश** शीर्षकको लेखबाट प्राप्त जानकारी अनुसार ।

[44] सुधा त्रिपाठी, 'शुभेच्छाका केही शब्द', **विधवा भाउजूहरुको देश** भूमिकाबाट प्राप्त जानकारी अनुसार ।

[45] सुधा त्रिपाठी, ऐजन

[46] विप्लप ढकाल, 'अक्षरहरूबाट बाहिर निस्केर' **बूढो माझी** भूमिकाबाट प्राप्त जानकारी अनुसार ।

कविताभित्र जटिल विम्वहरुलाई जीवन्त र आकर्षक ढङ्गले सजाएका छन् ।[47] उनको कविताको पहिचान भन्नु नै सरलता भित्र लुकेको गम्भिरता हो ।

### ३.३.१.३ गीतकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका धनी विष्णु सुवेदी कवि मात्र नभई मार्मिक गीत लेख्ने गीतकार पनि हुन् । उनका केही गीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् । ती मध्ये धेरै गीतहरू अप्रकाशित अवस्थामै रहेका छन् ।[48] उनका प्रकाशित गीतहरू **भीरपाखामै फूलेँ, भीरको बाटो भन्दापनि, अलिकता देउ न पानी, खरीढुङ्गाको खरीले, दुई गीत, आज फेरि पधेंरीमा** जस्ता रहेका छन् । उनको चार वटा गीतहरू **सुनकान्छी** गीति एल्बममा समावेश भएका छन् ।[49]

### ३.३.१.४ कथाकार व्यक्तित्व

साहित्यिक व्यक्तित्वका धनी विष्णु सुवेदी कवि, गीतकार साथै कथाकार व्यक्तित्व पनि हुन् । उनको कथाहरू विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भएका छन् । जसमा **एउटा अभियूक्त प्रेमीको बकपत्र, आत्मालाप** जस्ता कथाहरू रहेका छन् ।

### ३.३.१.५ नाटककार व्यक्तित्व

विष्णु सुवेदीको साहित्यिक व्यक्तित्वको चर्चा गर्ने क्रममा उनलाई नाटककार व्यक्तित्वका रुपमा पनि चर्चा गर्न सकिन्छ । उनका नाटकहरू प्रकाशित अवस्थामा नरहे तापनि दोलखाको सदरमुकाम चरिकोटमा मञ्चन गरिएको थियो । उनका तीन नाटकहरु मञ्चन भईसकेका छन्, ती क्रमशः **अधुरो सपना २०४८, सपनाहरूको रङ २०५० र भीरमुनिको गाउँ २०५१** अदि हुन् ।[50] त्यसैले सुवेदीको व्यक्तित्वलाई नाटककार व्यक्तित्वका रूपमा पनि चिनाउन सकिन्छ ।

### ३.३.१.६ सम्पादक व्यक्तित्व

[47] विप्लप ढकाल, पूर्ववत् ।
[48] विष्णु सुवेदी, पूर्ववत् ।
[49] ऐजन ।
[50] ऐजन ।

विष्णु सुवेदीले विभिन्न साहित्यिक पत्रपत्रिकाको सम्पादन समेत गरेका छन् । उनीद्वारा सम्पादित कृति र पत्रपत्रिकाहरूमा **प्रदेय साप्ताहिक मासिक, शैलुङ्गको सूर्य साप्ताहिक, दोलखाली समकालीन साहित्य २०६३, पौरख राष्ट्रिय मासिक, गाउँबेसी मासिक, प्राकृतिक सम्पदा मासिक, हाम्रो अधिकार त्रैमासिक, बुकी साहित्यिक मासिक पत्रिका** आदि छन् ।

यिनै विविध साहित्यिक व्यक्तित्वका धनी विष्णु सुवेदी विभिन्न साहित्यिक संस्थासँग सम्बद्ध भई विभिन्न गतिविधिमा समेत संलग्न रहेका छन् । सुवेदी नागार्जुन साहित्यिक प्रतिष्ठानका साधारण सदस्य रहेका छन् । त्यस्तै कला साहित्य प्रतिष्ठान दोलखाका आजीवन सदस्य र कार्य समिति सदस्यका रूपमा रहेका छन् । जनमत साहित्यिक प्रतिष्ठान बनेपाका आजीवन सदस्य, प्रगतिशील लेखक संघ दोलखाका कार्य समिति सदस्य साथै दोलखा साहित्य समाज दोलखाका सल्लाहकारका रूपमा समेत सक्रिय रहेका छन् ।[57] यसरी सुवेदीले आफूलाई विविध क्षेत्रमा क्रियाशील र सक्रिय बनाउँदै आएका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

रुचि, सहभागिता र प्रतिभाका कारणले निर्माण भएको उनको व्यक्तित्वको अर्को पाटो साहित्येत्तर व्यक्तित्व पनि हो । यस अन्तर्गत उनको विविध व्यक्तित्व देखापर्दछ । उनको साहित्येत्तर व्यक्तित्वलाई निम्नलिखित रूपमा वर्णन गर्न सकिन्छ ।

#### ३.३.२.१. सामाजिक व्यक्तित्व

कवि विष्णु सुवेदीले जीवनको जटिलता र विविधतालाई नजिकबाट नियालेका छन् । सानैदेखि भावुक स्वभाव भएका सुवेदी न्याय र समानताको पक्षधर देखिन्छन् । समाज परिवर्तनको लागि आफूले गर्न सकेजति योगदान गर्न पछि नपर्ने दृढ सङ्कल्प लिएका सुवेदी सामाजिक सेवामा पनि निरन्तर लागी रहेको र लागिरहने कुरा बताउँछन् ।

[57] विष्णु सुवेदी, पूर्ववत् ।

सुवेदीले आफ्नो इच्छा र चाहना अनुकूल समाजको विकासको लागी विभिन्न गैर सरकारी संघ संस्थामा संलग्न भएर आफ्नो भूमिका निर्वाह गरेका छन् । मानव अधिकार सचेतन विकास केन्द्र हुराडेक नेपालका यिनी कार्य समिति सदस्यका रूपमा रहेका छन् । त्यस्तै कुराडा समाज उत्थान समितिका आजीवन सदस्यका रूपमा रहेका छन् । नेपाल रेडक्रस सोसाइटी, दोलखाका साधारण सदस्यका रूपमा यिनी संलग्न रहेका छन् । प्रेस चौतारी दोलखा शाखाका साधारण सदस्यका रूपमा सुवेदी क्रियाशील रहेका छन् । नेपाल पत्रकार महासंघ दोलखा शाखाका केन्द्रीय सभासद्का रूपमा समेत रहेका[५२] सुवेदी सामाजिक व्यक्तित्वका रूपमा सम्मानित छन् । यसरी विभिन्न संघ संस्थामा आवद्ध भई आफ्नो भूमिका अघि बढाउँदै आएका विष्णु सुवेदी सामाजिक व्यक्तित्व हुन् ।

### ३.३.२.२. राजनैतिक व्यक्तित्व

राजनैतिक विचार धाराको माध्यमबाट संसारका सबै मानव र मानव समुदायको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र नैतिक अवस्थामा परिवर्तन गर्न सक्नुपर्छ । परिवर्तन र विकासको मूल खम्बा राजनीति नै हो । यस्तो धारणा राख्ने विष्णु सुवेदी २०४७ साल भन्दा अघि विद्यार्थी संङ्गठन अनेरास्ववियुमा रहेर काम गरेका र २०४७ सालदेखि तात्कालीन माले हुँदै २०४८ सालमा नेकपा एमालेको सङ्गठित सदस्यता प्राप्त गरेका व्यक्तित्व हुन् । पद र कुर्सीलाई महत्व नदिने सुवेदी सामान्य कार्यकर्ताका रूपमा रहेका छन् । सुरुमा राजनीतिले समाज र समाजमा रहेका वर्ग (गरिब, निमुखा, पछाडि पारिएका समुदाय) को अवस्था परिवर्तन गर्छ भन्ने विश्वास भएपनि वर्तमान अवस्थामा नेताहरूमा देखापरेको पदलोलुपता, स्वार्थीपना, नातावाद, कृपावाद, बेइमानी, भ्रष्टचारीपना आदिका कारण राजनीतिप्रति वितृष्णा उत्पन्न भएको कुरा सुवेदी बताउँछन् । उनलाई मनपर्ने राजनेताहरूमा मदन भण्डारी, विपि कोइराला, लेलिन र .महात्मा गान्धी हुन् ।[५३]

### ३.३.२.३. धार्मिक व्यक्तित्व

---

[५२] विष्णु सुवेदी, पूर्ववत् ।

[५३] विष्णु सुवेदी, पूर्ववत् ।

आध्यात्मिक चिन्तन बोकेको पारिवारिक पृष्ठभूमिमा जन्मेका र हुर्केका भएपनि सुवेदीमा धर्मप्रति आस्था रहेको पाइँदैन । उनका पिता नित्य पूजापाठ, भजन-कीर्तन जस्ता कार्यहरू गर्ने गर्दछन् । सुवेदी कुनै पनि धर्मप्रति आस्था राखेर त्यसको नियममा बाँधिन चाहँदैनन् । तर जुनसुकै धर्मको पनि अर्ती उपदेशहरू ग्रहण गर्दछन् । उनी धर्ममा भन्दा कर्ममा विश्वास राख्ने व्यक्ति हुन् । धर्म, नीति, शास्त्रहरू तात्कालिन समयमा मानव बिच विचलन रोक्न र नैतिक बन्धनले बाँधेर मानिसलाई कु-कर्म र अपराध गर्नबाट रोक्न बनाइएका वा कल्पना गरिएका समकालीन कानुन र नियमहरू हुन् भन्ने उनको विचार रहेको छ ।[54] उनी मन्दिर जाँदैंनन् र गइहाले भने पनि दर्शन भन्दा अवलोकनलाई महत्व दिन्छन् । दैवी शक्तिमाथि विश्वास नरहेको तर सृष्टि सञ्चालनमा भने छुट्टै शक्ति रहेको उनी विश्वास गर्दछन् ।[55]

धार्मिक पुस्तकहरूमा बाइबल, राममायण, गीता, महाभारत, शुक सागर, श्रीमद् भागवत, चार वटै वेदहरू (नेपाली रूपान्तरण), बौद्ध धर्मको नव सूत्र, देवी भागवत् आदिको अध्ययन गरेका सुवेदीमा मानवतावादी चेत रहेको पाइन्छ ।[56]

### ३.३.२.४. जागिरे व्यक्तित्व

प्रविणता प्रमाणपत्र तह सम्मको औपचारिक शिक्षा हासिल गरेका विष्णु सुवेदीले सरकारी जागिर खाएनन् । उनले गैर सरकारी संस्थाहरुमा आबद्ध भई धेरै काम गरेका छन् । २०४५ सालमा उनी सिन्धुपाल्चोक दोलखा पहिरो परियोजना (एस्.डि.एल्. पी.) अन्तर्गत सुपरभाइजर भई काम गर्न थालेपछि सुवेदीको जागिरे जीवनको सुरूवात हुन्छ । उनले २०६५ श्रावण देखि २०६६पौष सम्म अनैपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)मा कार्यक्रम संयोजक (मानव अधिकार शिक्षा कार्यक्रम दोलखा) भई काम गरे । २०५२ साल देखि २०५५ साल सम्म निर्वाचन क्षेत्र विकास कार्यक्रम (सासद विकास कोष)का कार्यक्रम संयोजकका रूपमा काम गरेको पाइन्छ । उनले २०६७ पौष देखि २०६९ कार्तिक सम्म रेडियो शैलुङ्ग सामुदायिक

[54] ऐजन ।

[55] ऐजन ।

[56] ऐजन ।

एफ.एम. १०४ मेघाहर्जमा स्टेसन म्यानेजरका रूपमा पनि काम गरे । सुवेदी पेशालाई पैसा भन्दा पनि अनुभवको प्राप्तिका लागी महत्व दिने गरेको बताउँछन् । मानव अधिकार र सामाजिक न्यायका लागी अहिले पनि सामाजिक कार्यकर्ताको रूपमा क्रियाशील रहेको सुवेदी बताउँछन् ।[57]

### ३.३.२.५. उद्घोषक व्यक्तित्व

स्थानीय रेडियो शैलुङ्ग सामदायिक एफ.एम.बाट २०६६ देखि नियमित साप्ताहिक साहित्यिक कार्यक्रम **अक्षरयात्रा** दुई वर्षसम्म सञ्चालन गरी उद्घोषक व्यक्तित्वका रूपमा आफ्नो पहिचान राख्न सुवेदी सफल भएका छन् । उक्त कार्यक्रम हाल केही समयको लागि प्रविधिक कारणले गर्दा स्थगित गरिएको छ ।[58]

### ३.३.२.६. बहुभाषी व्यक्तित्व

विष्णु सुवेदीको बोलीचालीका भाषाका रूपमा नेपाली भाषा रहेको छ । यो उनको साहित्यिक अभिव्यक्तिको भाषा पनि हो । नेपाली साहित्यमा थुप्रै कविता, कथा, नाटक, लेखका साथ उपस्थित भएका सुवेदी समाजमा भएका अन्य सम्पर्कमा आएका भाषाको पनि धेर थोर ज्ञान राख्दछन् । उनलाई नेपाली भाषाको अलावा अङ्ग्रेजी, नेवारी, थामी र हिन्दी भाषाको राम्रो ज्ञान रहेको छ तर उनले साहित्यको रचना भने नेपाली भाषामा मात्र गरेका छन् ।[59]

---

[57] विष्णु सुवेदी, पूर्ववत् ।

[58] शैलुङ्ग एफ.एम. को कार्यक्रम प्रस्तोता तथा शोधनायककी मित्र विनीता सिवाकोटीसँगको कुराकानीमा आधारित ।

[59] शोधनायकसँगको कुराकानीमा आधारित ।

### ३.४ निष्कर्ष

बहुमुखी प्रतिभाका धनी कवि विष्णु सुवेदीको व्यक्तित्वका विभिन्न पाटाहरु रहेका छन् । मूलतः उनको कवि व्यक्तित्व नै सर्वाधिक सशक्त व्यक्तित्व प्रतीत हुन्छ । उनको आन्तरिक व्यक्तित्व अन्तर्गत उनमा अर्न्तनिहित रुचि तथा स्वभावका विविध पक्षहरूको साथै बाह्य शारीरिक संरचनाको बनोटको पनि चर्चा गरिएको छ । सुवेदीको बाह्य व्यक्तित्व अन्तर्गत मूलतः कवि व्यक्तित्व, लेख रचना प्रकाशनका हिसाबले लेखक व्यत्तित्व, गीति रचनाको लेखन र प्रकाशनका आधारमा गीतकार व्यक्तित्व, फुटकर रचनाको अध्ययनका आधारमा कथाकार व्यक्तित्व, मञ्चित नाटकहरूको प्राप्त विवरण अनुसार नाटककार व्यक्तित्व, विविध पत्र-पत्रिकाको सम्पादनका आधारमा सम्पादक व्यक्तित्व जस्ता विविध पक्षको उल्लेख यस परिच्छेदमा गरिएको छ ।

प्रगतिवादी चेतनाले भरिएको उनका कविता सरस, सरल र बोधगम्य छन् । उनका कविताहरू गद्यमा लेखिएका छन् । साहित्यिक र साहित्येत्तर व्यक्तित्वका धनी सुवेदीका यिनै विभिन्न व्यक्तित्वका आयामहरूको चर्चा यस परिच्छेदमा गरिएको छ । यसबाट उनको बहुआयामिक व्यक्तित्वको चिनारी प्राप्त गर्न सकिन्छ ।

**परिच्छेद-चार**

# विष्णु सुवेदीको कृतित्वको अध्ययन

## ४.१ विषय परिचय

कविता साहित्यको प्रचीन विधाको रूपमा रहेको छ । प्राचीन धर्म ग्रन्थहरूमा प्रयुक्त पद्यात्मक शैलीले कविता विधालाई नै निर्देश गर्दछन् । कविता विधामा कलम चलाई आफूलाई कविका रूपमा परिचित गराउन सफल कवि विष्णु सुवेदीको कविता सङ्ग्रहहरूको यस परिच्छेदमा चर्चा गरिनेछ । सुवेदीले साहित्यका विविध विधामा कलम चलाएका भएता पनि कविता विधा उनको सिर्जनाको दृष्टिले उर्वर विधाको रूपमा रहेको छ । विष्णु सुवेदी मूतलः कवि व्यक्तित्व हुन् । कविको कर्म काव्य र कविद्वारा सिर्जना गरिएको रचनालाई कविता भनिएबाट कविको कर्म नै कविता हो भन्ने कुरा बुझिन्छ । आफ्नो कर्मलाई साहित्यका क्षेत्रमा लगाएर विष्णु सुवेदी वर्तमान समयसम्म पनि दृढताका साथ लागिपरेका छन् । सुवेदीको हालसम्म चार कविता सङ्ग्रहहरू क्रमशः **ती फूलहरूखै** ? (२०४९), **विधवा भाउजूहरूको देश** (२०६३), **सपनामाथि उभिएर** (२०६४) र **बूढो माझी** (२०६८) प्रकाशित छन् ।

यस परिच्छेदमा यिनै कविता सङ्ग्रहहरूमा सङ्ग्रहित कविताहरूलाई विधातत्वका आधारमा विश्लेषण गरिने छ,

## ४.२ कविताका विधागत स्वरूप र नेपाली कविता परम्परा

### ४.२.१ कविताको विधागत स्वरूप

साहित्यको विविध विधाहरूमध्ये कविता विधा पुरानो विधाको रूपमा परिचित छ । संरचनात्मक आयामका दृष्टिले पूर्वीय साहित्यमा काव्य (कविता) लाई लघुत्तम, लघु, मध्यम, बृहत् र बृहत्तर काव्यका रूपमा विभाजित गरिएको छ ।[६०] लघुत्तममा मुक्तक, लघुमा फुटकर कविता, मध्यममा खण्डकाव्य, बृहत्मा कलात्मक महाकाव्य र बृहत्तरमा विकासशील महाकाव्य राखिएको छ । पाश्चात्य साहित्यमा भने कविताका फुटकर र बृहत रूपमात्र प्राप्त छन् । विष्णु सुवेदीको कविता लघु रूपका छन्, जसलाई फुटकर पनि भनिन्छ ।

---

[६०] वासुदेव त्रिपाठी र अन्य (सम्पा), **नेपाली कविता भाग ४**, द्वितीय संस्करण, (काठः साझा प्रकाशन,२०५३), पृ.१२ ।

साहित्य गतिशील र परिवर्तनशील विधा भएकाले यसको कुनै ठोस परिभाषा दिन कठिन छ । पूर्वीय र पाश्चात्य काव्य चिन्तकहरूले प्राचीन कालदेखि नै काव्यकलाका बारेमा विचार विमर्श गर्दै आएका छन् तर पनि आजसम्म कुनै सर्वमान्य परिभाषा स्थापित हुन सकेको देखिदैन । कविताको सैद्धान्तिक चिनारीका क्रममा पूर्वीय र पाश्चात्य दुवै तर्फका साहित्य शास्त्रीहरूका महत्वपूर्ण केही मान्यताहरूको उल्लेख तल गरिएको छ -

**पूर्वीय साहित्यशास्त्रीहरूको काव्यसम्बन्धी मान्यता**

**भरतः** कोमल र ललित शब्दयुक्त गूढ शब्द र अर्थ नभएको सबैले बुझ्न सक्ने,नृत्यमा सजिलै प्रयोग गर्न सकिने, अनेक रसहरू भएको, सन्धि-सन्धानयुक्त काव्य नै शुभ वा श्रेष्ठ काव्य हो ।[61]

**भामहः** शब्द र अर्थका सहभाव काव्य हो; गद्य र पद्य गरी दुई प्रकारको हुन्छ ।[62]

**वामनः** गुण र अलङ्कारमा तारिएका शब्द र अर्थको साहचर्य नै काव्य हो ।[63]

**अग्निपुराणः** अलङ्कार र गुणले युक्त दोषमुक्त भएको र सङ्क्षेपमा व्यक्त गरिएको पदावली कविता हो ।[64]

**विश्वनाथः** रसात्मक वाक्य नै काव्य हो ।[65]

**जगन्नाथः** सुरम्य अर्थ पस्किदिने शब्द नै काव्य हो ।[66]

**पाश्चात्य साहित्यशास्त्रीहरूको काव्यसम्बन्धी मान्यता**

**होमरः** कवि हुनाका लागि दैवी प्रेरणा आवाश्यक पर्दछ ।[67]

**एरिस्टोटलः** काव्य कविता भनेको भाषाद्वारा अभिव्यक्त हुने अनुकरणात्मक कला हो ।[68]

---

[61] टंकप्रसाद नेउपाने , **साहित्यको रूपरेखा**, (काठ : साझा प्रकाशन,२०३८), पृ.६१ ।

[62] भानुभक्त पोखरेल, **सिद्धान्त र साहित्य**, (विराटनगरः श्याम पुस्तक भण्डार,२०४०), पृ.१२३ ।

[63] टंकप्रसाद नेउपाने, पूर्ववत् पृ.१२४ ।

[64] मोहनहिमांशु थापा, **साहित्य परिचय**, चौथो सं , (काठः साझा प्रकाशन,२०५०), पृ.३५ ।

[65] भानुभक्त पोखरेल, पूर्ववत् ।

[66] ऐजन ।

[67] केटलुंई रबर्टस (सम्पा.), **न्यू साइक्लोपिडिया अफ प्राक्टिकल कोटेसन**,तेस्रो सं., (न्यूयोर्क फङ्क एण्ड वागनल्स कम्पनी, १९४०), पृ.६०३ ।

[68] भानुभक्त पोखरेल, पूर्ववत् ।

**फ्रान्सिस बेकनः** कविता भनेको वास्तविक संसारभन्दा राम्रो संसारको सिर्जना गर्नु हो ।[69]

**वर्डस्वर्थः** कविता शक्तिशाली अनुभूतिहरूको अबाध उच्छलन हो । यसको उत्पत्ति शान्त समयमा सम्झना गरिएका आवेगहरूबाट हुन्छ ।[70]

**हड्सनः** कल्पना र भावनाद्वारा गरिएको जीवनको व्याख्या नै कविता हो ।[71]

**नेपाली विद्वानहरूको काव्यसम्बन्धी मान्यता**

**लक्ष्मीप्रसाद देवकोटाः** कला भनेको सिर्जनात्मक कल्पनाद्वारा सत्यको सुन्दर प्रकाशन हो । सत्य तीन प्रकारका हुन्छन् - व्यावहारिक, काल्पनिक र दार्शनिक । म कल्पनिक सत्यलाई सबभन्दा ज्यादा रुचाउँछु ।[72]

**बालकृष्ण समः** कविता भावनाको बौद्धिक कोमलता हो ।[73]

**बासुदेव त्रिपाठीः** कल्पना जीवनजगत्का मूल्यवान् अनुभवको काल्पनिक कलात्मक बद्ध/मुक्त लयात्मक भाषिक सङ्कथन हो ।[74]

**रामकृष्ण शर्माः** कविलाई म मानव हृदयभित्र सुषुप्त रहेको दैवी अंशको सुइच्छालाई भाषामा प्रकट गर्ने माउथपिस सम्झन्छु ।[75]

---

[69] वर्टन स्टभेन्सन(सम्पा.), **द होमबुक अफ कोटेसन**,नवौं सं., (न्यूयोर्कः डोड मेड एनुड कम्पनी, १९५८), पृ १५ ।

[70] भानुभक्त पोखरेल, पूर्ववत् ।

[71] विलियम हेनरी हड्सन, **एन इन्ट्रोडक्सन टु द स्टडी अफ लिटरेचर**, नवौं सं., (न्यू दिल्लीः कल्याणी पब्लिससी, १९७९), पृ ७५ ।

[72] लक्ष्मीप्रसाद देवकोटा, **कला र जीवन** लक्ष्मी निबन्ध सङ्ग्रह, तेह्रौं सं., (काठः साझा प्रकाशन, २०४९), पृ १५ ।

[73] वालकृष्ण सम, **आगो र पानी**, दोस्रो सं. (काठः साझा प्रकाशन, २०४९) ।

[74] वासुदेव त्रिपाठी र अन्य(सम्पा.), **नेपाली कविता भाग २**, (काठः साझा प्रकाशन, २०४९) ६४ ।

[75] रामकृष्ण शर्मा, **कवि दस गोर्खा**, दोस्रो सं., (काठः साझा प्रकाशन, २०४९) पृ. ६।

**निष्कर्ष**

उपर्युक्त परिभाषाहरूलाई हेर्दा विभिन्न विद्वानहरूले आ-आफ्ना प्रकारले कवितालाई परिभाषित गरेको देखिन्छ । यी सबै परिभाषाहरूबाट आवाश्यक कुराहरू एकत्रित गरी यस शोधपत्रमा निम्न लिखित परिभाषा दिइएको छ - 'छन्दोबद्ध अथवा छन्दमुक्त भाषामा अनुभूतिपूर्ण लयात्मक रूपमा व्यक्त गरिएको अलङ्कारले युक्त संरचनालाई कविता भनिन्छ', यही परिभाषाका आधारमा यस शोधपत्रमा विष्णु सुवेदीका कविताहरूको विश्लेषण गरिएको छ ।

## ४.२.२ नेपाली कविताको परम्परा

कविता विधा साहित्यको प्राचीन विधाको रूपमा रहेको छ । नेपाली कविता पम्पराको चर्चा गर्दा यसको प्रारम्भदेखि हालसम्मको अवस्थाको चर्चा गर्नु आवाश्यक हुन्छ ।

**प्राथमिक काल**

नेपाली कविताको प्राथमिक काल वि.स. १८२६ देखि वि.स. १९४० सम्मको समयावधिलाई मानिन्छ । यो कविताको प्रारम्भिक लेखनको समयका रूपमा रहेको छ । यो नेपाली कविताको अभ्यासिक चरण हो । यस समयमा कविताहरू पूर्वार्द्धमा वीरधारा र उत्तरार्द्धमा भक्तिधारा अन्तर्गत रहेर रचना गरिएको पाइन्छ । भक्तिधाराका पनि तीन उपधारा देखापरेका छन्- रामभक्ति, कृष्णभक्ति, र निर्गुण भक्तिधारा । यस कालका प्रमुख कविहरूमा वीरधारा अन्तर्गत शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, राधावल्लभ, सुन्दरानन्द बाँडा आदि पर्दछन् भने भक्तिधारा अन्तर्गत भानुभक्त आचार्य, इन्दिरस, विद्यारण्यकेशरी, वसन्त शर्मा, यदुनाथ पोखऱ्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, वीरशाली पन्त ज्ञानदिलददास, छविलाल नेपाल, हरिदास आदि पर्दछन् ।

**माध्यमिक काल**

नेपाली कविताको माध्यमिक काल वि.स. १९४१ देखि वि.स. १९७४ सम्मको समयावधिलाई मानिन्छ । कविताको माध्यामिक काल मोतीराम भट्टको उदयसँगसँगै परम्परित भक्तिधारा गौण भई श्रृङ्गारिक भावधाराले उत्कर्षता प्राप्त गरेको समय हो । यस कालका केन्द्रीय कवि मोतीराम भट्ट नै हुन् । नेपाली कविताको माध्यामिक कालमा साहित्यले लेखोट युग पार गरी छापाखाना युगमा प्रवेश गरेको हो । यस कालका कवितामा श्रृङ्गारिक प्रवृत्ति मुख्य रूपमा हाबी भएर रहन्छ । नेपाली कविताको श्रृङ्गारिक काल भनेको मुद्रण युगमा प्रवेश गरेको समय पनि हो । यसै समयदेखि नेपालमा विभिन्न पत्र-पत्रिका प्रकाशनका साथै कवि लेखकहरू पुस्तकाकार रूपमा समेत देखिन थालेका हुन् । माध्यामिक कालको श्रृङ्गारिक भावधारमा रहेर कविता लेख्ने प्रमुख कविहरूमा राजीवलोचन जोशी, गोपीनाथ लोहनी, वैयाकरण नेपाल, शिखरनाथ सुवेदी, होमनाथ खतिवडा, कृष्णप्रसाद रेग्मी, तीर्थराज पाण्डे, देवराज लामिछाने, राधानाथ लोहनी, शम्भुप्रसाद ढुङ्ग्याल, पहलमानसिंह स्वाँर आदि पर्दछन् ।

**आधुनिक काल**

नेपाली कविताको आधुनिक काल वि.स. १९७५ देखि हालसम्मको समयावधिलाई मानिन्छ । १९७४ सालको सूक्तिसिन्धु प्रकाशन पश्चात नेपाली कविताले १९७५ सालबाट आधुनिकता ग्रहण गरेको पाइन्छ । वि.स. १९९७ को दशकपछि नेपाली कविताका शैली र शिल्पमा परिष्कार, परिमार्जन देशभित्र र बाहिर दुबैबाट भएको पाइन्छ । नेपाली कविताको आधुनिक काललाई पूर्वार्द्ध(वि.स.१९७५-२०१६) र उत्तरार्द्ध (वि.स.२०१७ देखि हालसम्म) गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । पूर्वार्द्ध चरण अन्तर्गत परिष्कारवादी धारा (वि.स.१९७५-१९९०) र स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.स.१९९१-२०१६) पर्दछन् । नेपाली कविताको अधुनिक कालको उत्तरार्द्ध वि.स.२०१७ बाट प्रारम्भ हुन्छ । उत्तरार्द्ध चरण अन्तर्गत प्रयोगवादी धारा (वि.स.२०१७-२०२९) र समसामयिक धारा (वि.स.२०३० देखि यता) पर्दछन् । आधुनिक कालका यिनै धाराहरूको संक्षिप्त उल्लेख तल गरिन्छ-

**क) परिष्कारवादी धारा (वि.स.१९७५-१९९०)**

परिष्कारवादी धारालाई शास्त्रीय वा क्लासिकल धारा पनि भनिन्छ । माध्यामिक काललाई तोड्दै नेपाली कवितालाई आधुनिक कालतर्फ निम्त्याउने कवि लेखनाथ पौड्याल हुन् । उनी नेपाली परिष्कारवादी धाराका केन्द्रीय कवि हुन् । लेख्य व्याकरणका अनुशासनमा रही कविता लेख्ने र कवितामा भाव, लय, भाषाशैली र शिल्प संरचनामा संयमका साथै सन्तुलन एवम् परिष्कार-परिमार्जन चाहने परिप्रेक्षमा नै मुख्यतः यस धारालाई परिष्कारवादी भनिएको हो ।[76] साथै यस धाराले अँगालेको सामाजिक परिष्कार वा सुधार-परिवर्तनको चेतना अझ आत्मिक स्तरमा आध्यात्मिक परिष्कारका सन्दर्भमा पनि यसलाई परिष्कारवादी धारा भन्न सकिन्छ । परिष्कारवादी धाराका प्रमुख कविहरूमा लेखनाथ पौड्याल, धरणिधर कोइराला, महानन्द सापकोटा, सोमनाथ सिग्द्याल, बलकृष्ण सम आदि पर्दछन् ।

**ख) स्वच्छन्दतावादी-प्रगतिवादी धारा (वि.सं.१९९१-२०१६)**

आधुनिक नेपाली कविताको परिष्कारवाद पछिको अर्को महत्वपूर्ण मोडसँग सम्बन्धित रहेको छ-स्वच्छन्दतावादी धारा । आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराले आफ्नो प्रथम चरण स्वरूप १९९१-२००३ सालको अवधिलाई पार गरी वि.स. २००४-१६ का अवधिमा दोस्रो चरणमा प्रवेश गर्दै व्यङ्ग्यविद्रोह र क्रान्तिचेतनाको तीव्रतालाई पनि अँगाल्न पुगेको पाइन्छ । यस सन्दर्भमा स्वच्छन्दतावादले उक्त दोस्रो चरणमा आफ्नै व्यङ्ग्यविद्रोह र क्रान्तिचेतनालाई तीव्र तुल्याएको पनि छ र क्रमशः प्रगतिवादलाई अँगाली स्वच्छन्दतावाद नै स्वच्छन्दतावादी-प्रगतिवादी धारामा परिणत भएको पनि छ ।[77] स्वच्छन्दतावाद सामान्यतः परिष्कार भन्दा भिन्न किसिमको साहित्यिक धारा हो । परिष्कारवादले वस्तुतामा जोड दिन्छ भने स्वच्छन्दतावाद वैयक्तिकतामा वा आत्मापरकतामा बढी रमाउँछ । स्वच्छन्दतावादको अन्य महत्त्वपूर्ण प्रवृत्तिगत विशेषता हुन्- प्रबल प्रकृति प्रेम, मानवतावाद, आस्तिक र आध्यात्मिक चेतना र क्रान्ति चेतना, अतीत प्रतिको

[76] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग -४**, चौथो सं., (काठः साझा प्रकाशन, २०६०) पृ. ११९।

[77] ऐजन पृ. १२१-१२३ ।

मोह र भविष्यप्रतिको स्वप्निल परिकल्पना तथा वर्तमानसँगका असन्तुष्टि एवम् वेदनाका साथै करुणा र व्यङ्ग्यचेतनालाई पनि स्वच्छन्दतावादले अँगाल्न सक्छ ।[78]

नेपाली कविताको स्वच्छन्दतावादी धाराको २००४-२०१६ सालका बिचको दोस्रो चरणलाई स्वच्छन्दतावादी-प्रगतिवादी धाराका रूपमा चिनाउन सकिन्छ । यस स्वच्छन्दतावादी-प्रगतिवादी धाराले बेलाबखत सामाजिक, अर्थिक तथा राजनैतिक धारणालाई बढी खरो रूपमा प्रकट गरे पनि यसको कलात्मक स्थितिचाँहि खास गरी स्वच्छन्दतावादी-प्रगतिवादी रूपमै बढी चहकिलो छ । स्वच्छन्दतावादी कविहरूमध्ये प्रगतिवादी प्रवृत्तिलाई समेत पर्याप्त मात्रामा अँगाल्ने समकालीन र उत्तरवर्ती प्रमुख कवि प्रतिभाहरूहुन्- लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, युद्धप्रसाद मिश्र, धर्मराज थापा, विजय मल्ल, भूपि शेरचन, कुलमणि देवकोटा, भवानी भिक्षु आदि ।[79]

**ग) प्रयोगवादी धारा (वि.स.२०१६-२०२९)**

नेपाली कविताको अधुनिक कालको उत्तरार्द्ध २०१७ बाट प्रारम्भ हुन्छ । लक्ष्मीप्रसाद देवकोटाको अवसान सँगसँगै आधुनिक कालको पूर्वार्द्ध चरण समाप्त भयो भने कवि मोहन कोइरालाको प्रयोगधर्मी कवित्वले 'रूपरेखा' पत्रिका (२०१७) को **'घाइतेयुग'** कविताको माध्यामबाट उत्तर्राद्ध यात्राका प्रथम प्रहर स्वरूप प्रयोगवादी धारालाई आमन्त्रित गरेको पाइन्छ । यस प्रयोगवादी धारामा एकातर्फ प्रतीकवादी, अतियथार्थवादी र विसङ्गतिवादी अवचेतन लेखन र अमूर्त लेखनमा विश्रृङ्खलताको समष्टिप्रभावमा कविता अर्थिनुपर्ने स्थिति अब देखा पऱ्यो भने परिष्कारवादी र स्वचछन्दतावादी परम्पराका नेपाली पाठकहरूका निम्ति यो निकै दुर्बोध्य र क्लिष्ट रही विवादास्पद हुन पुग्यो । कवितात्मक अभिव्यक्ति प्रक्रियाका दृष्टिले यस लेखनले ज्यादाजसो अमूर्त चित्रकलाबाट प्रेरणा लियो र अवचेतन मनका तत्क्षणका अनुभूति पुञ्जलाई ज्यादाजसो विश्रृङ्खल र विसङ्गत रूपमा पोख्ने चेष्टा गऱ्यो । प्रयोगवादी नेपाली कवितामा कविता कृतिको सिङ्गो संरचना प्रायः अस्तव्यस्त र खजमजपूर्ण रहे पनि अनेक सुन्दर विम्व-प्रतीक र सङ्केतहरूको

[78] त्रिपाठी, पूर्ववत् पृ.१२१-१२३ ।

[79] त्रिपाठी, पूर्ववत्, पृ. १२५-१२६ ।

उपस्थिति चाँहि फेला पर्दछ । भाषालाई अवचेतन प्रवाहका रम्य वेगमा भाँचेर र कपेर गद्यकविता-सङ्गीतको नयाँ बान्की पनि यस धाराले नदेखाएको हैन ।[८०] यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हन् । यस धाराका अन्य प्रमुख कविहरूहुन् -द्वारिका श्रेष्ठ, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, जगदीश शमशेर राणा, तुलसी दिवस, पारिजात, कुमार नेपाल, पोषण पाण्डे, रत्नशमशेर थापा आदि ।

**घ) समसामयिक धारा (वि.स.२०३० देखि यता)**

नेपाली प्रयोगवादी धाराका एक दशक बित्दा नबित्दै राल्फा, अकविता, भोको पिँढी, मन्त्र, योङ्ग राइटर्स फ्रन्ट, बुट पालिस, अमलेख आदि अभियानका नयाँ चहलपहल नेपाली कविता परिप्रेक्ष्यमा देखा पर्न थाल्यो । प्रयोगवादी क्लिष्टताको युग पार गर्दै समसामयिक नेपाली कविताधाराका उत्थानमा हरिभक्त कटुवालको पनि देन रहेको छ । समसामयिक धाराका मुख्य प्रवृत्तिगत पहिचान हुन्-सम्प्रेषणीयताको प्रत्यावर्तन, लघु(मुक्तक) कविताप्रति विशेष आकर्षण, समसामयिक विकासोन्मुख नेपाली समाजका (२०४६ सालको जन-आन्दोलन भन्दा अघिका वा पछिका) सामाजिक, राजनैतिक एवम् आर्थिक र अन्य क्षेत्रमा देखा परेका विसङ्गतिका टड्कारा सन्दर्भ र समस्याप्रतिको तीव्र संवेदनशीलता र जागरुकता, युगीन-वैयक्तिक मानवीय अनि राष्ट्रिय र अन्तराष्ट्रिय असङ्गति र अन्तर्विरोध एवम् मूल्य-विचलनप्रतिको युवासुलभ आक्रोशको प्रखरता, अन्तर्विद्रोह र आक्रामकता, प्राकृतिक र ग्रामीण परिवेश भन्दा सहरबजारको गन्जागोल परिवेशप्रति बढी जागरुकता, दु:स्वप्न र स्वप्नघात, अस्तित्वबोध र अस्मिता, खस्रो-खरो र सहज कथन, तथा कठोर-कोमल दोहोरो भाषाशैली प्रति झुकाउ, व्यङ्ग्य, वर्तमान भोगाइका यथार्थ जीवन सन्दर्भ प्रति संवेदनशील, सटीक-नविन विम्व-प्रतीकको पर्याप्त उपयोग एवं सम्प्रेष्य तथा धारिलो कथन पद्धति र संरचनाको खोज आदि ।[८१] यस धारा अन्तर्गत रहेर कलम चलाउने कविहरू हुन्- शैलेन्द्र साकार, कणाद महर्षि, अविनास श्रेष्ठ, मीनबहादुर बिष्ट, तोया गुरुङ, अशेष मल्ल, किशोर पहाडी, गगन विरही, सरुभक्त, बूँद राणा, कृष्ण धराबासी, सीता पाण्डे, ध्रुव मधुकर्मी आदि ।

---

[८०] त्रिपाठी, पूर्ववत्, पृ. १२७-१२८ ।

[८१] त्रिपाठी, पूर्ववत्, पृ. १३१-१३२ ।

विष्णु सुवेदी पनि २०४० को दशकको उत्तरार्द्धमा साहित्यको क्षेत्रमा देखा परेका कवि हुन् । समसामयिक धारामा देखा परेका सुवेदीका कविताहरूले वर्तमानको सामाजिक, राजनीतिक, आर्थिक, नैतिक आदि विभिन्न पक्षहरूलाई यथासक्य उजिल्याउने प्रयत्न गरेका छन् । समसामयिक धारामा रहेर कविता रचना गर्ने सुवेदीको कवितात्मक प्रवृत्ति भने स्वच्छन्दतावादी-प्रगतिवादी रहेको छ । उनका कविताहरू सरल र सहज हुनुका साथै आम पाठकहरूका लागि बोधगम्य रहेका छन् । कविताका साथसाथै उनले साहित्यका विविध विधामा कलम चलाउँदै आएका छन् ।

## ४.३ आधुनिक नेपाली साहित्यमा विष्णु सुवेदीको आगमन

कवि विष्णु सुवेदी नेपाली कविताको फाँटमा वि.स. २०४७ सालमा प्रकाशित **वर्तमानका मान्छे हामी** (आँखा, अङ्क १०) कविताबाट उदाएका हुन् । उनका केही फुटकर कविता र केही लेखहरू विभिन्न साहित्यिक पत्र-पत्रिकामा प्रकाशित भएका छन् । विष्णु सुवेदीको रचनाहरू फुटकर रूपमा मात्र प्रकाशित नभई पुस्तकाकार कृतिका रूपमा समेत प्रकाशित भएका छन् । हालसम्म उनका चार कविता सङ्ग्रहहरू पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएका छन् ।

आधुनिक नेपाली कविताको समसामयिक धारामा देखापरेका कवि विष्णु सुवेदीको मूल प्रवृत्ति भने स्वच्छन्दतावादी-प्रगतिवादी रहेको छ । समसामयिक धाराका समयावधिका परिवेशमा पूर्ववर्ती स्वच्छन्दतावादी-प्रगतिवादी धाराका प्रवृत्तिप्रति विशेष उमुख रहेका कविहरूमध्ये विष्णु सुवेदी पनि एक हुन् । गद्य कविताको माध्यमबाट समाज र देशको यथार्थ चित्रण गरी सुधारको अपेक्षा राख्ने सुवेदीका कविताहरू विशेषतः निम्न वर्गीय पक्षधरका रूपमा उभिएका छन् । समाजमा रहेको वर्गीय विभेदको विरुद्धमा उनका रचनाहरूले धावा बोलेका छन् । सुवेदीका कवितामा प्रयुक्त देशप्रेम, प्रकृतिप्रेम, भविष्यप्रतिको आशावादीता, वर्तमानप्रतिको वितृष्णा आदि प्रवृत्तिहरू स्वच्छन्दतावादी प्रवृत्तिको रूपमा रहेका छन् ।

## ४.४ कविताका संरचक घटकहरू

साहित्यका अन्य विधाजस्तै कविता पनि एउटा विधा हो । यस विधामा पनि केही निजी तत्वहरू रहेका हुन्छन् । कवितामा कल्पना, भाव र बुद्धिजस्ता आन्तरिक तत्व र रीति, गुण, औचित्य, अलङ्कारजस्ता बाह्य तत्व रहेका हुन्छन् ।[82] भाव पक्ष र कला पक्ष काव्यका तत्व हुन् भने कल्पना तत्व, बुद्धि तत्व र शैली काव्यका अन्य आवश्यक तत्व हुन् ।[83] यी विभिन्न मतहरूलाई हेर्दा काव्य निर्माणका लागि शीर्षक, संरचना, विषयबस्तु, लयविधान, विम्व, प्रतीक, अलङ्कार, सादृष्यविधान, खण्डित भावको प्रयोग विचलन जस्ता तत्वहरू आवाश्यक पर्दछन् ।

### ४.४.१ शीर्षक

शीर्षक कविताको महत्वपूर्ण तत्व हो । शीर्षकले कुनै पनि सिङ्गो रचनाको विषयवस्तुगत विशेषतालाई प्रतिबिम्बित गरेको हुन्छ । कृतिमा वर्णन भएको विषय र शीर्षकबिच अन्तःसङ्गति रहनुपर्दछ । शीर्षक अभिधात्मक वा प्रतीकात्मक हुन सक्दछ । शीर्षक विशेषीकृत भएमा यसले कृतिका अर्न्तबाह्य संरचना वा भाषाशैलीले बहन गरेका समग्र विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गर्दछ ।[84]

### ४.४.२ संरचना

संरचना कुनै पनि वस्तुको मुख्य अङ्ग हो । संरचना बिना कुनै पनि रचना अपाङ्ग हुन्छ । संरचना भनेको कृतिको सग्लो वा पूर्ण रूप हो । संरचनाभित्र विभिन्न संरचक घटकहरू रहेका हुन्छन् । यिनै घटकहरू मिलेर एउटा सिङ्गो वा सग्लो रूप अर्थात कृतिको निर्माण हुन्छ ।

संरचना कविताको सन्दर्भमा सावयव वस्तु भएकाले ती सबै तत्वहरूको कूलयोगभन्दा बढी अरू केही पनि हो जसबाट कविताको निर्माण हुन्छ ।[85]

कविताको संरचना आन्तरिक र बाह्य दुई किसिमको हुन्छ । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा

---

[82] धीरेन्द्र बर्मा र अन्य(सम्पा), **हिन्दी विश्वकोश**,खण्ड २, (वाराणसीः नागरी प्रचारिणी सभा, २०१९) पृ. ५०४ ।

[83] बाबु गुलाव राय, **सिद्धन्त और विश्वकोश**, (दिल्लीः रामलाल पुरी, ई.१९५७) पृ. ४४ ।

[84] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता भाग-४**, द्वितीय संस्करण, (काठः साझा प्रकाशन, २०५३) पृ. १८ ।

[85] मोहनराज शर्मा, **शैली विज्ञान**, द्वितीय संस्करण, (काठः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८) पृ. १८ ।

पङ्क्तिविधान तथा पङ्क्तिपुञ्जसँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्ग-योजना पनि देखा पर्न सक्छ अनि महाकाव्यमा सर्गबन्ध अपरिहार्य नै रहन्छ ।[८६]

कवितामा संरचना तीन किसिमको हुन्छ- आख्यानात्मक, नाटकीय र प्रगीतात्मक ।

### ४.४.२.१ आख्यानात्मक संरचना

आख्यानात्मक कविता भनेको त्यो कविता हो जसमा कथाकथन हुन्छ । कविताको आख्यानात्मक संरचनामा कथावस्तुको अदि, मध्य र अन्त्यलाई योजनाबद्ध रूपमा विन्यास गरिएको हुन्छ ।

कविताको आख्यानात्मक संरचना त्यो हो, जसमा हलुका पाराको भए पनि कथानक हुन्छ । यसमा प्रयुक्त कथावस्तुको आदि, मध्य र अन्त्यलाई सहजै पहिल्याउन सकिन्छ ।[८७]

### ४.४.२.२ नाटकीय संरचना

कवितामा दुई विरोधी पात्र वा भावको बिचमा द्वन्द्व, संवाद तत्व, कथानकको उतारचढाव र घटनाका विभिन्न आकस्मिक मोडहरू आदि नाटकीय प्रभाव उत्पन्न गर्ने तत्वहरू भएको कवितालाई नाटकीय संरचना भएको कविता भनिन्छ ।

नाटकीय संरचना भएको कवितामा द्वन्द्व र तर्क वितर्कको घनत्व हुन्छ, जो एकालाप वा वार्तालाप पनि हुनसक्छ । वस्तुतः आकस्मिक मोडहरू नै नाटकीय संरचना भएका कविताका खास पहिचान हुन् ।[८८]

### ४.४.२.३ प्रगीतात्मक संरचना

[८६] वासुदेव त्रिपाठी, पूर्ववत्, पृ. १७ ।
[८७] मोहनराज शर्मा पूर्ववत्, पृ.३५ ।
[८८] मोहनराज शर्मा पूर्ववत्, पृ. ३७ ।

एउटा मूल वा केन्द्रीय भाव विचार भएको कवितालाई प्रगीतात्मक संरचना भएको कविता भनिन्छ । यो प्रायः एकालाप ढाँचामा प्रस्तुत हुन्छ र यसमा व्यक्तिगत वा सामाजिक अनुभूति हुन्छ ।

प्रगीतात्मक संरचना भएको कविता प्रायः आकारमा छोटो हुन्छ । यसमा एउटै केन्द्रीय भाव वा विचार हुन्छ, जसको विस्तार सम्पूर्ण कवितामा गरिन्छ ।[89]

## ४.४.३ विषयवस्तु

सर्जकले कुनै पनि कृतिको सिर्जना गर्दा कुनै एउटा विषयको चयन हुन्छ । विषयको चयन नगरी कुनै पनि कृतिको निर्माण हुन सक्दैन । कविताको सिर्जना गर्न पनि सर्जकले कुनै एउटा विषयको चयन गर्दछ । विषयवस्तु रचनाका लागि छनौट गरिएको भावभूमि हो । कविले आफ्ना वरिपरि धर्म, संस्कृति, रहनसहन, स्वभाव, प्रकृति आदिजस्ता विभिन्न विषयको चयन गर्न सक्छ । कुनै पनि रचनाको बीज विचार नै विषय हो । जीवन भोगाइका क्रममा कविलाई उत्प्रेरित गर्ने वस्तु नै विषय बन्न सक्ने भएकाले विषय छनौटमा कवि स्वतन्त्र हुन्छ ।[90]

## ४.४.४ भाषाशैलीय विन्यास

भाषा अभिव्यक्तिको माध्यम हो भने शैली भावाव्यक्तिको पद्धति हो । कवितालाई बढी लयात्मक बनाउन पद, पदावली, वाक्य र पङ्क्तिगुच्छा आदिको विशेष प्रकारको विधान गरिन्छ । कविताको भाषा अभिधात्मक भन्दा लाक्षणिक तथा व्यञ्जनार्थकका साथै सङ्क्षिप्त र सङ्केतार्थक हुनुपर्दछ । सामान्य भाषा र कविताको भाषामा निम्नलिखित भेदहरू पाइन्छन्[91]

| सामान्य भाषा | कविताको भाषा |
|---|---|
| अभिधात्मक | व्यङ्ग्यात्मक |
| एकार्थक | अनेकार्थक |

[89] मोहनराज शर्मा पूर्ववत् , पृ.३८।

[90] मोहनराज शर्मा पूर्ववत्, पृ.३९ ।

[91] मोहनराज शर्मा, **कविताको भाषा समकालीन सन्दर्भ**, 'प्रज्ञा', (२२/७८ काठः २०५०) पृ.१३६ ।

| | |
|---|---|
| अनलङ्कृत | अलङ्कृत |
| नियमित | विचलित |
| लोकोपयोगी | भावोपयोगी |
| सूचनात्मक | सिर्जनात्मक आदि । |

उल्लिखित तालिकाबाट कवितामा प्रयोग हुने भाषा एउटा विशिष्ट किसिमको भाषा हो भन्ने बुझिन्छ । यस शोधमा भाषा शैलीको चर्चा गर्दा विम्व, प्रतीक, विचलन, खण्डित भावको प्रयोग आदि जस्ता भाषामा प्रयोगको चर्चा गरिएको छ ।

विम्व कुनै पनि वस्तुको लाक्षणिक अर्थ बुझाउन प्रयोग गरिने सांसारिक जगत्‌बाट टिपिएका सामग्री हुन् । यसको प्रयोगबाट कविता उदात्त, सुन्दर र आलङ्कारिक पनि हुन्छ । विम्व विषयको प्रभावशाली, सजीव तथा अनुभवगम्य बनाउन सहायक सिद्ध हुन्छ ।[९२] शब्दार्थको माध्यमले कवि कल्पनाद्वारा प्रयोग गरिने कलात्मक सौन्दर्यतत्व र अमूर्त भई देखिने विम्व हो ।

कवितामा अभिधात्मक भाषाको प्रयोगभन्दा प्रतीक बढी महत्वपूर्ण र कलात्मक हुन्छ । प्रतीकमय भाषाले मानवीय संवेग र संवेदनालाई व्यञ्जनात्मक रूपमा प्रस्तुत गर्दछ, शब्द र अर्थको नवीन सन्दर्भलाई व्यक्त गर्दछ ।[९३] व्यञ्जना व्यापारबाट कवितामा प्रतीकको भाव तथा मानसिक चित्रलाई सजिवताका साथ उतरिएको हुन्छ र एउटा शब्दले विस्तृत अनुभूतिलाई समेट्ने क्षमता राखेको हुन्छ । यही सचेतताका साथ व्यक्त गर्ने तत्व नै प्रतीक हो । विचलन भनेको सामान्यतया मानकको उलङ्घन वा अतिक्रमण हो । भाषामा व्याकरणिक संरचना ध्वनि प्रकृया र यसबाट ध्वनित हुने अर्थको निश्चित नियम हुन्छ ।[९४] यिनै मानक नियममा अतिक्रमण भयो भने विचलन हुन्छ ।

'लय' शब्द सङ्गीतका क्षेत्रबाट आएको शब्द हो । सङ्गीतका क्षेत्रबाट आएको 'लय' शब्दले गाएन, बादन , नर्तन आदिलाई परस्पर सूत्रबद्ध गर्ने काम गर्दछ ।[९५] 'ली' धातुमा

[९२] पवनकुमार मिश्र, **प्रयोगवादी काव्य**, (मध्य प्रदेश: हिन्दी ग्रन्थ एकादमी नेपाल १९७७) पृ.२८३ ।

[९३] रमेश भट्टराई, **प्रतीक योजना र केही नेपाली गद्य कविता**, प्रज्ञा (२२/७८ काठः पृ.१२३ ।

[९४] तुलसीप्रसाद गौतम, **मोहन कोइरालाका केही कविताहरूको वस्तुपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, वि.वि. वि.,ने. के.वि. २०५४ ।

[९५] खगेन्द्रप्रसाद लुइँटेल, **नेपाली गद्य कवितामा भाषिक लयविधान**, प्रज्ञ (वर्ष २२, २०५०) पृ.१३६ ।

'अच्' प्रत्यय लागेर बनेको 'लय' शब्दले तन्मयता, तल्लीनता, एकाग्रता, स्वरको आरोह-अवरोहको स्थितिलाई बुझाउँछ ।[96]

लय सिर्जना गर्ने तत्व अनुप्रस पनि हो । लय सिद्धान्तअनुसार पद वा पदावली अन्तर्गत समान ध्वनि भएका एक वा अनेक स्तर र व्यञ्जन वर्णको बारम्बार आवृत्ति हुँदा हुन जाने शब्दालङ्कार नै अनुप्रास हो ।[97] शास्त्रीय नियमानुसार लेखिएको पाउ, श्लोक र छन्दका माध्यामबाट लय सिर्जित हुन्छ, जुन वार्णिक र शाब्दिक पनि हुन सक्छ । गद्य वा पद्य जे भएपनि कविता लयात्मक हुने हुँदा अन्य विधाबाट अलग देखाउने तत्व नै लय भएको हुनाले कविताको महत्वपूर्ण तत्व हुन पुगेको हो । कविताको विश्लेषण गर्दा लय अन्तर्गत वर्ण, पद, पदावली, वाक्यात्मक समानान्तरता, अनुप्रास र शब्दद्वित्वलाई अँगालिएको छ ।

कविता भाषिक संरचना भएकाले यही भाषिक संरचनाभित्र भाव अभिव्यक्ति भएको हुन्छ । भाव भन्नाले कविताको शब्दमा अर्न्तनिहित शक्ति भन्ने बुझिन्छ । हरेक वस्तुमा भाव निहित हुने भएकाले कवितामा पनि भाव रहनुपर्ने हुन्छ । कविले विविध विषयलाई समेटेर काव्य रचना गर्ने भएकाले आफूले अनुभव गरेका ज्ञान तत्व नै कवितामा अभिव्यक्त हुन्छ । संरचना, कथनपद्धति, भाषाशैली, अन्य रूपात्मक तत्वका माध्यामबाट कविताभाव प्रकट हुन्छ ।[98] कविताबाट भावकलाई प्राप्त हुने मूल वस्तु नै भाव भएकाले यसलाई पनि कविताको तत्वका रूपमा लिन सकिन्छ ।

### ४.४.५ कथनपद्धति

कथनकला नै कथन पद्धति हो । स्रष्टाले अभिव्यक्ति प्रस्तुत गर्दा लिएको स्थानका आधारमा कथनपद्धति निर्क्यौल गर्न सकिन्छ । स्रष्टाले प्रथम पुरुषीय शैलीमा प्रस्तुत गर्दछ भने त्यो आत्मलापीय कथनपद्धति हुन्छ ।

---

[96] शिवराम आप्टे, **संस्कृत हिन्दी कोश**, (वाराणसीः मोतीलाल वनारसीदास,ई. १९६६) पृ.८७६ ।

[97] खगेन्द्रप्रसाद लुइँटेल,पूर्ववत्, पृ.१३७ ।

[98] गणेशप्रसाद भट्टराई, **कुलचन्द्र कोइरालाका केही कविताहरूको वस्तुपरक अध्ययन** ',(काठः कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान, २०५०), पृ. ६५ ।

स्रष्टाले अरु कसैलाई अभिव्यक्तिको प्रस्तुतिमा उभ्याउँछ भने त्यो कविनिद्धवक्तृत्वप्रौढोक्ति कथन पद्धति हुन्छ । कविता मूलतः आत्मलाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथानकला हो तापनि त्यस मनोलाप वा मनो-गुनगुनको अभिव्यक्ति गर्ने श्रुतिरम्य कथन अपेक्षा नै हुन्छ । त्यो कथन कौशलका रूपमा उच्चार्य रहने परिप्रेक्षमा कथन पद्धति कवितामा पनि एक महत्वपूर्ण तत्वका रूपमा रहेको हुन्छ ।[११]

## ४.४.६ उद्देश्य

कुनै पनि काम या कुरा गराईको सामान्य वा विशिष्ट उद्देश्य हुने गर्दछ । त्यस्तै साहित्यकारद्वारा रचना गरिने सिर्जनामा पनि निश्चित उद्देश्य हुने गर्दछ । सामान्य रूपमा व्यक्तिगत सन्तुष्टिको लागि पनि साहित्य सिर्जना गर्ने गरिन्छ । समाज सुधार, सामाजिक, सांस्कृतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य, वातावरणीय समस्या, राजनैतिक विकृति र विसङ्गति, देशमा विद्यमान भ्रष्टचार, वर्गीय विभेदको अन्त्यको चाहना आदि विविध उद्देश्य राखेर साहित्यको सिर्जना गरिन्छ । साहित्यको माध्यामबाट स्रष्टाले समाज सुधारको साथै देशमा विद्यमान समसामयिक विकृति र विसङ्गति प्रतिको असन्तुष्टि व्यक्त गर्दछन् । साहित्य समाजको लागि, जनताको लागि, समाजका विपन्न र पिछडिएका वर्गको लागि, वौद्धिक वर्गको लागि आदि विविध वर्ग र समुदायलाई लक्षित गरी लेखिएको हुन्छ । यसरी लेखिएको साहित्य बिना उद्देश्यको हुँदैन ।

## ४.५ 'ती फुलहरू खै ?' कवितासङ्ग्रहको विश्लेषण

## ४.५.१ विषय परिचय

**'ती फूलहरू खै** ?' सुवेदीको फुटकर कविताहरूको सङ्ग्रह हो । यो उनको प्रथम प्रकाशित कृति पनि हो । २०४८ सालको अन्तिम महिनामा प्रकाशित भएको सुवेदीको यस यस कृतिमा जम्मा १६ वटा फुटकर कविताहरू सङ्ग्रहित छन् । २०४८ चैत्रमा प्रकाशित यस कृतिको प्रकाशन विष्णु घिमिरे, दोलखाबाट भएको हो । यस कवितासङग्रहको मुद्रण ऐश्वर्य छापाखाना रक्तकाली, काठमाडौंले गरेको हो । २९ पृष्ठ रहेको यस कृतिको मूल्य रु. ५ रहेको छ । सुवेदीले यस सङ्ग्रह प्रकाशनको क्रममा आफ्नो

[११] वासुदेव त्रिपाठी पूर्ववत्, पृ. १९ ।

उपनाम '**प्रायश्चित**' राखेका छन् । यस कृतिमा रमेश खड्काले भूमिका लेखेका छन् । **आफ्नो भनाई** शीर्षक अन्तर्गत सुवेदीले कृति प्रकाशनका बारेमा केही कुरा व्यक्त गरेका छन् । सामान्यतया लघु आयामका कविताहरूको बाहुल्यता रहेको यस कृतिमा केही उपशीर्षक अन्तर्गतका लघुत्तम कविताहरू पनि रहेका छन् । २९ पृष्ठ सम्मको आयाममा फैलिएको यो कविता सङ्ग्रह सानो र छरितो छ ।

कविले यस कृतिमा हरेक कविताहरूमा मानवता र मानव हृदयको भावहरूलाई नजिकबाट नियाल्न सकेजस्तो देखिन्छ र वर्तमान समाज त्यसभित्रका विसङगतिहरू, प्रकृतिमाथिको मानवीय दूर्व्यवहार, मानवीय देखावटीपना, नारी सौन्दर्य र विकृत यौनगतिविधिप्रति तीव्र व्यङ्ग्य, सहिदहरू प्रतिको श्रद्धा र विश्वास, मानवीय जिजीविषा र जीवन भोगाईप्रतिको असन्तुष्टिलाई विषय बनाएका छन् । उनको कविता सङ्ग्रहभित्र परिवेश अनुकूलतको विषय चयन र शब्द संयोजनले कविता सरल र सहज बनेको छ । यो यस कृतिमा उनको कविताको सबल पक्ष हो । राजनीति, धर्म, वर्ण, लिङ्ग, जातजाति, सम्प्रदाय आदिका आधारमा समाजमा गरिने भेदभाव र विसङ्गतिको मार्मिक चित्रण गरिएको पाइन्छ । कवि विष्णु सुवेदीका कृतिहरूलाई विधा तत्वका कसिमा राखेर विश्लेषण गर्दा उनको कवित्वको उचित सम्मान र रचनाको सही मूल्याङ्कन हुँने हुँदा यहाँ सङ्ग्रहलाई शीर्षक, संरचना, लयविधान, कथनपद्धति, बिम्ब, प्रतीक, अलङ्कार र भाषाशैलीका कोणबाट व्याख्या / विश्लेषण गर्नु उचित हुने देखिन्छ ।

### ४.५.२ शीर्षक

शीर्षक चयनका दृष्टिले सुवेदीको यस कृतिमा मिश्रित रूप देख्न सकिन्छ । अभिधात्मक, विम्वात्मक, लक्ष्यार्थक, प्रतीकात्मक किसिमका शीर्षक कवि सुवेदीका प्रस्तुत कृतिमा पाउन सकिन्छ । शीर्षकद्वारा नै कविताको भावलाई प्रक्षेपण गर्ने कवि सुवेदीको प्रयास प्रशंसनीय देखिन्छ । उनका कविता सङ्ग्रहका रचनाहरूलाई शीर्षकले पनि न्याय गरेको देखिन्छ ।

**(क) अभिधात्मक**

सिङ्गो रचना विषयलाई शीर्षकले सोझै सम्प्रेषण गरेमा त्यस्तो शीर्षकलाई अभिधात्मक मानिन्छ । यस कविता सङ्ग्रहका अधिकांश कविताहरूका शीर्षक अभिधात्मक रहेको पाइन्छ । प्रस्तुत कविता सङ्ग्रहभित्र रहेका **लेख्न बाँकी नै छन् ती कथाहरू, ती कलम त्यसै त्यसै, तैले यो धरतीमा एकपटक, शहीदलाई श्रद्धा चढाउन आतुर छु म, हामी, हाँसो** कविताका शीर्षकहरू र उपशीर्षकहरू अभिधात्मक रहेका छन् ।

**(ख) प्रतीककात्मक**

कृति भित्रका विषय सन्दर्भलाई शीर्षकले प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ भने त्यो प्रतीकात्मक शीर्षक मानिन्छ । कुनै प्रतीकद्वारा रचना सन्दर्भ शीर्षकमा सन्दर्भित हुन्छन् भने त्यो प्रतीकात्मक शीर्षक हुन्छ । यस कविता सङ्ग्रहभित्र यस किसिमका शीर्षक पनि देख्न सकिन्छ । उदाहरणका रूपमा **बस्ती ब्यूँझाउनेहरू, तेन्जिङ्ग अब हिमाल चढ्दैन** रहेका छन् ।

**(ग) बिम्बात्मक**

कवितामा प्रस्तुत हुने कुनै पनि बिम्बलाई शीर्षकमा नै प्रस्तुत गरिएका कविताहरू यस कोटिमा पर्दछन् । जब पाठक पढ्दै जान्छ तब उसको मानसपटमा कुनै बिम्ब नै तयार हुन्छ र त्यही बिम्बलाई शीर्षकद्वारा नै प्रक्षेपित गरिएका रचनालाई यसको उदाहरण मान्न सकिन्छ । **जस्तैः ती फूलहरू खै ?, फूलको अपहरण गर्ने कुरा, यी पहाडहरू किन मौन छन् आज** ? लगायतका कविताहरूलाई उदाहरणको रूपान लिन सकिन्छ ।

**(घ) लक्ष्यार्थक**

लक्ष्यका तहमा अर्थ व्यञ्जित हुन्छ भने त्यो लक्ष्यार्थ हुन्छ । शीर्षकले रचना सन्दर्भलाई नै लक्ष्यात्मक रूपमा प्रस्तुत गर्ने कविताहरूलाई उदाहरण मान्न सकिन्छ । **यो त स्वतन्त्रता, मेरो लासलाई त्यहीँ परको..... , एक दृष्टिः हामीहरूको मृत्यु, समय र सभ्यताको समझदारी, इतिहास कोर्ने सवालमा, समाप्तीको** शीर्षक

र **छरपट्टिको संगालो** शीर्षक अन्तर्गत रहेको **देशान्तरको खोजी** उपशीर्षकका कविताहरू उदाहरणका रूपमा लिन सकिन्छ ।

### ४.५.३ संरचना

संरचनाका दृष्टिले हेर्दा कवि सुवेदीको 'ती फूलहरू खै ?' कविता सङ्ग्रह लघु एवम् लघुत्तम आकारको देखिन्छ । १६ वटा कविता सङ्ग्रहित प्रस्तुत कृतिमा संरचनात्मक रूपमा प्रायः छोटा-छोटा कविताहरू समावेश गरिएका छन् । ३ पङ्क्तिका लघुत्तम आकारका रचनादेखि बढिमा ५० पङ्क्तिसम्मका लघु आकारका संरचनामा आबद्ध कविताहरू यस सङ्ग्रहमा सङ्गृहित छन् । एक पङ्क्तिमा १ शब्द देखि १० शब्दहरू रहेको पाइन्छ । लघुत्तम आकारको संरचनाको रूपमा **छरिपट्टको संगालो** शीर्षक अन्तर्गत तीन पङ्क्तिको भएको **समाम्तीको** उपशीर्षकको कविता रहेको छ । त्यसैगरी ५० पङ्क्तिको लघु आकाको संरचना भएको कविता **यी पहाडहरू किन मौन छन् आज** ? हो । यस सङ्ग्रहका १६ वटा कविताहरूमध्ये ८ वटा कविताहरू एउटै पङ्क्ति समूहमा आवद्ध छन् भने बाँकी ८ कविताहरू २ वा २ भन्दा बढि पङ्क्ति समूहमा संरचित छन् ।

व्याकरणात्मक दृष्टिले यस कृतिमा भाषिक चिह्नहरूको अत्याधिक प्रयोग गरिएको पाइन्छ । शीर्षक सहित कविताहरूमा प्रयुत्त यस्ता चिह्नहरूमा क्रमशः पूर्णविराम(।) २०, अल्पविराम(,) १२८, प्रश्नवाचक(?) २९, उद्गार(“”) ३, विष्मयादी बोधक(!) ८३ , वैकल्पिक(/) ५ , योजक / सूचक(-) ८० , अपूर्ण संकेत(....) ९ वटा रहेका छन् । यस्ता विविध विराम चिह्नहरूले बाह्य एवम् आन्तरिक संरचनालाई कसिलो बनाउन महत्वपूर्ण योगदान गरेको देखिन्छ । यस कृतिमा कविताहरूलाई पङ्क्ति समूहमा विभाजन गर्दा वर्ग आकारको ३ वटा चिह्नको प्रयोग गरिएको छ । त्यस्तै कवितामा प्रयुक्त अनुप्रास, छोटा-छोटा शब्दको प्रयुक्ति, अनुच्छेद विभाजन आदिले आन्तरिक संरचनालाई कसिलो बनाएको देखिन्छ ।

यसको उदाहरण स्वरूप तलका कवितालाई हेरौँ :

बलत्कारको शिकार भएर
मेरी आमा मरीछन् ।
एउटा लामो इतिहास बोकेर म जन्मिए !

पश्चात फगत हराएको देशान्तर खोज्नु रहेछ !

( देशान्तरको खोजी,पृष्ठ ९)

प्रस्तुत उदाहरणले बाह्य संरचना तर्फ लघुत्तम् स्वरूपको प्रतिनिधित्व गर्दछ भने छोटा-छोटा शब्द संयोजनले आन्तरिक संरचनात्मक सबलता र सशक्ततालाई प्रस्तुत गर्दछ ।

त्यस्तै बाह्य संरचनात्मक लघुत्तम् स्वरूपलाई पृष्ठ ९ मा रहेको **छरिपट्टको संगालो** शीर्षक अन्तर्गत रहेको **समाप्तीको** उपशीर्षकको अर्को कविताले स्पष्ट गर्दछ,

एउटा नभेटिने भोक भित्तासँग लडीरहेछ
म बेअर्थको यात्रामा बाँच्नुको महत्व बोकेर
समाप्तीको इतिहास कोरिरहेछु ।

## ४.५.४ लयविधान

लय विधानका दृष्टिले यस कविता सङ्ग्रह सबल रहेको पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहित सबै कविताहरू मुक्त वा गद्य लयमा संरचित छन् । गद्य वा मुक्त लयको प्रयोग गरिएको हुँदा बाह्य लयभन्दा आन्तरिक लय सशक्त रूपमा देखापरेको छ । वर्णगत समानान्तरता, पदावलीगत समानान्तरता, वाक्यात्मक समानान्तरता, शब्दको पुनरावृत्ति, अनुप्रास र शब्दद्वित्वले कवितामा आन्तरिक लयको सिर्जना गर्नमा प्रमुख भूमिका खेलेका छन् । जसले गर्दा सिङ्गो कृतिकै लयविधानलाई सबल बनाउने काम गरेका छन् । यसै सन्दर्भलाई पुष्टि दिनको लागि प्रस्तुत कृतिकै विभिन्न कविताहरूको केही पङ्क्ति उदाहरण स्वरूप साभार गर्न सकिन्छ :

**वर्णगत समानान्तरता**

धरतीमा रूमलिरहेछ,-कतै देखिन्छ र कतै विलाइरहेछ
आज हिमालै चढ्न सक्तैन गौरवको

( तेन्जिङ्ग अब हिमाल चढ्दैन, पृष्ठ २)

लड्नुपर्ने युद्धहरू, कति यहाँ लड्न बाँकी नै छन्

आगोलाई रातो भनेर झुक्याउने ती दुश्मनहरूलाई
अग्नी कुण्डमा जलाउन बाँकी नै छ
गोरे, च्यामे र कालीको कथा लेख्न बाँकी नै छ
जब कि लेख्न बाँकी नै छन् ती कथाहरू

(लेख्न बाँकी नै छन् ती कथाहरू, पृष्ठ ४)

एक हुल मान्छेहरू शिर झुकाउँदै म तिर लम्किए
उनीहरूले गिटार, मादल र स्वर अनि भोको पेट
सारंगीको गितारको झन्कार छोडेर .......

(बस्ती ब्युँझाउनेहरू, पृष्ठ ४)

यस सङ्ग्रहका अधिकांश कविताहरूका पङ्क्तिहरूमा यस्ता प्रकारका वर्णगत समानान्तरता पाइन्छ ।

**शब्दको पुनरावृत्ति**

बम खसाल बाम खसालका आवाजहरू
समझदारीमा शान्ति लेख्न, शान्ति बोल्न.....

(समय र सभ्यताको समझदारी, पृष्ठ १५/१७)

छङ्ग, छङ्ग बज्दै गरेका साङ्गलाका आवाजहरूले
न तर्सियौ तिमी छियाः छिया पार्ने कठोर वचनहरूले
यो अर्ति भनेको तिम्रो अर्ति हो, तिम्रो

(शहीदलाई श्रद्धा चढाउन आतुर छु म, पृष्ठ २३/२४)

विद्रोह, साहस छैन खोतल्नु पर्छ, खोतल्नु पर्छ ।

(यी पहाडहरू किन मौन छन् आज ?, पृष्ठ २७)

मान्छे हैनस् मान्छेको तँ

(तैले यो धरतीमा एक पटक, पृष्ठ १५)

हाम्रा गायक जनताका गायक थिए ।

(बस्ती ब्युँझाउनेहरू, पृष्ठ ५)

ती फूलहरू खै ? जुन फूलहरू मुस्कान फाल्दै
ती फूलहरू खै ? जुन फूलहरू यो आत्मामा रहेर

(ती फूलहरू खै ?, पृष्ठ ६)

चिहान माथि चिहान खनेर

हैन तर्साउने डर होला छियाः छिया पारेर पुरिदिनु

(मेरो लासलाई त्यहीं परको....,पृष्ठ २०/२१)

यस्ता शब्दगत पुनरावृत्तिले कविताको लययोजनालाई अझ बढी शसक्त बनाएको छ ।

**पदावलीगत समानान्तरता**

फूलको यौवन लुट्ने थिए मान्छेहरूले

फूलको जीवन खोस्ने थिए मान्छेहरूले

(फूलको अपहरण गर्ने कुरा, पृष्ठ १९)

तेन्जिङ्ग अब हिमाल उक्लन सक्दैन

तेन्जिङ्ग अब हिमाल हेर्न सक्दैन

( तेन्जिङ्ग अब हिमाल चढ्दैन, पृष्ठ १)

लेख्नु पर्ने कुराहरू लेख्नु बाँकी नै छन्

देख्नु पर्ने दृष्यहरू देख्न बाँकी नै छन्

( लेख्न बाँकी नै छन् ती कथाहरू, पृष्ठ ३)

उल्लिखित पदावलीगत समानान्तरताको उदाहरणमा आदि र अन्त्यानुप्रास अलङ्कारको पनि स्वभाविक प्रयोग भएको पाइन्छ । जसबाट सिङ्गो कृतिकै लयविधानलाई बुझ्न सकिन्छ ।

**शब्द-द्वित्व**

यस सङ्ग्रहका **ती फूलहरू खै ?, शहीदलाई श्रद्धा चढाउन आतुर छु म, भन्नुस् आमा नढाँटी मलाई, यो त स्वतन्त्रता** जस्ता शीर्षकका कविताहरूमा प्रयुक्त शब्द-द्वित्वले पनि कवितामा कवितामा लयात्मक साङ्गितिकता थपेका छन् ।

छियाः छिया

छङ्ग, छङ्ग

भरी-भरी

गल्ली गल्ली ....

### ४.५.५ भावविधान

भाव विधानका दृष्टिले यस कविता सङ्ग्रहमा विविधता पाउन सकिन्छ । विविध भाव संयोजनले पनि प्रस्तुत कृतिको ओज बढाएको छ । मातृभूमि प्रतिको अगात माया र स्नेह, प्रकृतिको उपासना, ग्राम्य जीवनशैली प्रतिको आकर्षण, सामाजिक, राजनीतिक विकृति र विसङ्गतिको चित्रण, सुमार्गको खोजी, सभ्य समाजको निर्माण, विभेदरहित समाजको चाहना, सहिदको बलिदानी, प्रकृतिमा बढ्दै गएको प्रदुषण, मान्छेको देखावटीपना, मानवीय जीवन भोगाई, संरक्षक नै हिंस्रक बन्दै गएको वर्तमान स्थिति, शान्तिको तीव्र चाहना, क्रान्तिको आह्वान लगायतका विविध भावहरू स्रष्टा सुवेदीको प्रस्तुत कृतिमा पाउन सकिन्छ । त्यसैगरी मानवीय संम्वेदना क्षीण हुँदै गएको र मानवताको लिलाम गरेर पशुवत् व्यवहारतर्फ उद्यत आजको मान्छेको चित्र पनि कविले प्रस्तुत कृतिभित्र प्रस्तुत गरेका छन् । यी र यस्तै विविध भाव संयोजनले गर्दा सिङ्गो कृति नै पठनीय बनेको छ । जीवन जगत्का यावत् रूपरङ्ग अर्थात् विभिन्न रूपहरू यस कविता सङ्ग्रभित्र देख्न सकिन्छ । यस्तै विविध भाव संयोजन अर्थात् भाव भावविधानलाई झल्काउनको लागि प्रस्तुत कृतिभित्रकै कविताहरूका पङ्क्तिपुञ्जहरू उदाहरणका लागि साभार गर्न सकिन्छ :

अब म ती फूलको कुरा चलाउन नसक्ने भएको छु !
मेरो मन भत्केको छ ती फूलहरूको हत्यामा !
मेरो मन विग्रेको छ ती फूलहरूको वियोगमा !!

( ती फूलहरू खै ?, पृष्ठ ७)

युवकले सोध्यो दिउँसोको प्रवचन,हस्ताक्षर
य खिस्स हाँसी र लज्जाई
तब बिस्तारै बोली जोखिम शब्दहरू
यो स्वतन्त्रता !! परीणाम हो ।

( यो त स्वतन्त्रता, पृष्ठ २९)

सगरमाथामा उसले प्रदुषण पाएको छ
फोहरका थुप्रा, गोल्टिनका बट्टा र कागजका टुक्रा
सिवाय-फगत चुरोटका ठुटा

( तेन्जिङ्ग अब हिमाल चढ्दैन, पृष्ठ १)

तर आज मालीको लापर्वाहीमा
फूल छाडा भएका छन्-नाङ्गा बनेका छन्
फूलहरू गल्ली-गल्ली चाहर्दैछन्,
मान्छेहरू ती फूल देख्दा लोभिने गर्छन्
र आँखा छर्छन् बाटो भरी सडक भरी
म सुनिरहेछु आज मालीलाई विकृतिले छाएको छ

( फूलको अपहरण गर्ने कुरा, पृष्ठ १९)

विध्वंस, ध्वंस, अमानवीय कार्यको विरुद्ध
शित, शान्ति र मुक्ति, स्वतन्त्रता र कामनाको
समभ्फदारीमा-शान्ति लेख्न शान्ति बोल्न
यहाँ आज समय र सभ्यताको समभ्फदारी
लेखिएको छ ! कोरिएको छ ।

(समय र सभ्यताको समभ्फदारी, पृष्ठ १७)

### ४.५.६ कथनपद्धति

कथन कलालाई नै कथन पद्धति मानिसकेपछि त्यस दृष्टिबाट पनि स्रष्टा विष्णु सुवेदीको **ती फूलहरू खै ?** कविता सङ्ग्रहलाई हेर्दा सामग्र कृतिभित्र एकै किसिमको कथनकला देखिन्छ । स्रष्टाले अभिव्यक्ति प्रस्तुत गर्दा लिएका स्थानका आधारमा कथनपद्धतिको निर्क्यौल गर्ने गरिन्छ । यस कोणबाट हेर्दा कवि प्रौढोक्ति अर्थात आत्मलापीय शैलीको प्रथम पुरुषीय कथन पद्धति समग्र कवितामा पाउन सकिन्छ । यसबाट के स्पष्ट देखिन्छ भने यस कविता सङ्ग्रहभित्र कवि प्रौढोक्ति कथनकलाको प्रयुक्ति रहेको छ । यद्यपी कहिँकतै तृतीय पुरुषीय अर्थात् कविनिवद्धवक्तृपौढोक्ति पनि अन्तमिश्रित भएर आएको छ । समग्रमा भने सम्पूर्ण कृति नै कवि प्रौढोक्तिको कथनपद्धतिमा संरचित रहेको देखिन्छ । अर्न्तमिश्रित कथन पद्धतिको उदाहरणकै रूपमा यहाँ पृष्ठ १५ मा रहेको **समय र सभ्यताको समभ्फदारी** शीर्षकको कविताका केही अंशलाई राख्नु उचित हुने देखिन्छ,

यही कतै शहर माभ्फमा

समय र सभ्यताको आवाजहरूको
हिटलरले गरेको अमानवीय सम्झौता
दिनहूँ आँसुको भेलामा/तालमा/आफूलाई डुबाएर
हस्ताक्षर समयसँग क्षमा मागिरहेछ......
समय क्षतिग्रस्त बनेको मुहार बोकेर
बाहिर आउन नसक्ने भएको छ !
सभ्यता दिनहिनका पूर्वकथा बोकेर
हामी सामु अन्यौल, भूल सोचिरहेछ !

### ४.५.७ भाषाशैली

भाषाशैली कविताका लागि मात्र नभएर समग्र साहित्यिक विधाका लागि आवाश्यक तत्व मानिन्छ । भाषा बिना कुनै पनि साहित्यिक विधा वा रचनाको कल्पना गर्न सकिदैन । यस कविता सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग प्रशस्त गरिएता पनि कवितालाई दुरूह भने बनाएको पाइदैन । सबै कविताहरूको श्रृङ्खला मिलेर आएको छ भने कविताहरूका पङ्क्तिहरूले भावलाई अर्थ्याउनमा कुनै वाधा पुऱ्याएका छैनन् । यस सङ्ग्रहका कविताहरूमा धेरैजसो खण्डित भावको प्रयोग, विम्वको प्रयोग, प्रतीकको प्रयोग गरिएको छ । जसको प्रयोगले कवितालाई दुर्वोध्य नबनाई अभिधार्थमा भन्दा व्यञ्जनार्थमा कविताहरूको मूल भाव बुझ्नुपर्ने हुन्छ ।

व्याकरणात्मक दृष्टिले यस कविता सङ्ग्रहका कविताहरूमा अर्धविराम चिह्नदेखि प्रायः सम्पूर्ण चिह्नहरूको प्रयोग गरिएको भए तापनि कविताहरूका पङ्क्तिहरू अपूर्ण जस्ता देखिँदैनन् । धेरैजसो कविताहरूमा पङ्क्तिहरूको पदक्रममा विचलन आएको छ । यस सङ्ग्रहका कविताहरूमा झर्रो नेपाली शब्दहरूको प्रयोग गर्नुको साथै परम्परित व्याकरणका दृष्टिले क्रिया विहीन पङ्क्तिहरू देखिए पनि तिनको स्वाभाविक प्रयोग  भएको पाइन्छ । गाउँघरका बोलीलाई टपक्क टिपेर कविता रच्न सक्ने सुवेदीको यस कविता सङ्ग्रह भित्रका रचनाहरूमा छोटा छोटा शब्दको प्रयोग अनुप्रासमय लेखनीले गर्दा भाषिक सहजतासँगै शैलीगत मधुरता पनि

प्रचुर रहेको पाइन्छ । यस सङ्ग्रहका कविताहरूमा सरल, सरस र सामान्य पाठकले सहज रूपमा बुझ्ने किसिमको भाषाशैलीको प्रयोग गरिएको छ,

दिन भरी उसले -
जनसभामा महिला जागरणका कुरा गरी
बलत्कारको विरोध गरी
अन्याय, अत्याचारको भण्डाफोर गरी
असमानता र भेदभावको भाषण छाडी
आम सभामा पुगी गोष्ठि धाई......

(यो त स्वतन्त्रता, पृष्ठ २७)

काव्यिक रचनालाई सुललित बनाउनका लागि बिम्ब, प्रतीक र अलङ्कारले पनि महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । स्रष्टा कवि विष्णु सुवेदी पनि आफ्ना सिर्जनाहरूमा बिम्ब, प्रतीक र अलङ्कारको संयोजनमा सशक्त नै देखिन्छन् । काव्य कृतिका लागि आवाश्यक तत्व मानिएको बिम्ब, प्रतीक र अलङ्कारको सुसंयोजनले गर्दा सुवेदीको यस कविता सङ्ग्रह ओजपूर्ण बनेको छ ।

यस कविता सङ्ग्रहका सम्पूर्ण रचनाहरूमा कुनै न कुनै रूपमा विम्व, प्रतीक र अलङ्कारले उपस्थिति जनाएका छन् । यद्यपि ती विम्व, प्रतीक र अलङ्कारको उपस्थिति स्वतःस्फूर्त स्वाभाविक देखिन्छ । कृतिभित्रका कुनै पनि रचनामा विम्व, प्रतीक र अलङ्कारको संयोजन बलजफती, कृत्रिम तथा अस्वभाविक देखिँदैन । सहज स्वाभाविक एवम् स्वतःस्फूर्त सिर्जनामा आएका तिनै विम्व, प्रतीक र अलङ्कारले कवि सुवेदीका कवितालाई अझ सुस्वाद्य बनाएका छन् । विभिन्न किसिमका मूर्त तथा अमूर्त विम्वको प्रयोग गर्दै कविले भावअनूकुल प्रतीक आयोजनामा निकै कुशलता प्रर्दशन गरेका छन् । त्यसैगरी कवि सुवेदीका प्रस्तुत कृति भित्रका रचनाहरूमा अलङ्कारको प्रयोगको अवस्था पनि निकै समृद्ध देखिन्छ । प्रायः रचनाहरूमा अनुप्रास अलङ्कारलाई स्थान दिएको देखिने प्रस्तुत कृतिभित्र उपमा अलङ्कारले पनि सबलता पाएको छ भन्न सकिन्छ ।

**बिम्बका केही उदाहरणहरू**

बूढो निधार, फूल, नपुंसक इतिहास, व्वाँसाका मुख, रोवट मान्छे, कोर परेका हात, चण्डीहरू, नरभक्षी अनुहार, एकलव्यको यात्रा, एक झोला आँट, तारा जस्ता विम्वहरूले यस सङ्ग्रहका कविताहरूलाई अझ अर्थपूर्ण बनाएको छ ।

**प्रतीक**

सीता, भृकुटी, सेता अनुहारहरू, पहेँला रगत, पहाड, आगो, ठूलो माछाले सानो माछा निलेको जस्ता प्रतीकहरूको यथोचित प्रयोग यस कविता सङ्ग्रहमा प्रयोग भएका छन् ।

**उपमाका उदाहरण**

**भन्नुस् आमा नढाँटी मलाई** शीर्षकको कवितामा प्रयुक्त 'व्वाँसाका जस्ता नङग्रा' उपमा अलङ्कारको उदाहरण हो ।

**खण्डित भावको प्रयोग**

अब तेन्जिङ्ग हिमाल चढ्दैन- हिमाल...!
के तपाईलाई थाहा छ ?-
किनकी आज तेन्जिङ्गले-

(तेन्जिङ्ग अब हिमाल चढ्दैन, पृष्ठ १/२)

केवल..........! र
सोचेथें कुनै बखत-
मान्छे हैनस् मान्छेको तँ-

(तैले यो धरतीमा एक पटक, पृष्ठ १४/१५)

शायद मृत्युको हुनुपर्छ त्यो .......।

(एक दृष्टिः हामीहरूको मृत्यु, पृष्ठ १८)

होशियारको.....!
सावधानीको..........!

(यी पहाडहरू किन मौन छन् आज ?, पृष्ठ २६)

लेख्न बसिरहेछु-
लगाउँदै भ्रम पारिन्छ-

म त्यो इतिहासको भण्डाफोरमा-
तर लेखिएन-

(इतिहास कोर्ने सवालमा, पृष्ठ १०/११)

जुन स्वर र संगीतहरूले-
व्वाँसाका मुखदेखि बच्न सक्ने प्रवचनहरू-
म यस बखत ती मुक्तिदाता-
बस्ती उचाल्न पसेका थिए-

(बस्ती ब्युँझाउनेहरू, पृष्ठ ५)

कति चाँडै हतारिन्छन्-

(लेख्न बाँकी नै छने ती कथाहरू, पृष्ठ ४)

ती फूलहरू खै ?-

(ती फूलहरू खै ?, पृष्ठ ६)

यस प्रकारका खण्डित भावको प्रयोग यस सङ्ग्रहमा सङग्रृहित कविताहरूमा धेरै मात्रमा देख्न पाइन्छ ।

हामीले सोचेजस्तो मृत्यु मर्न पाएनौ
हामीले सोचेजस्तो मृत्यु वेहोर्न पाएनौ,
यो प्रकारको मृत्यु भोग्नुमा
यो प्रकारको मृत्यु मर्नुमा

(एक दृष्टिः हामीहरूको मृत्यु, पृष्ठ १६)

**अन्यानुप्रास**

लेख्नु पर्ने कुराहरू लेख्नु बाँकी नै छन्
देख्नु पर्ने दृष्यहरू देख्न बाँकी नै छन्,

(लेख्न बाँकी नै छन् ती कथाहरू, पृष्ठ ३)

न्यायका लागि लड्नुपर्ने युद्धका गीतहरू
हकहितका लागि जुध्नुपर्ने युद्धका गीतहरू,

(बस्ती ब्युँझाउनेहरू, पृष्ठ ४)

बेला बखतमा मेरा मनहरू सोध्छन् ती फूलहरू खै ?
म सोध्छु आफैंलाई ती फूलहरू खै ?

(ती फूलहरू खै ?, पृष्ठ ७)

उनीहरूको अन्तर वेदना, अन्तर कथाको पीडा
मोदनाथका सियोले घोचिएका औँलाको पीडा

(ती कलम त्यसै, त्यसै, पृष्ठ १२)

समयका आवाजहरू
सभ्यताका आवाजहरू,

(समय र सभ्यताको समझदारी, पृष्ठ १६)

फूलको यौवन लुट्ने थिए मान्छेहरूले
फूलको जीवन खोस्ने थिए मान्छेहरूले

(फूलको अपहरण गर्ने कुरा, पृष्ठ १९)

तारे होटलको डान्समा मस्त भई
चाट र मासुमा व्यस्त भई

(यो त स्वतन्त्रता, पृष्ठ २८)

**अङ्ग्रेजी आगन्तुक शब्द**

यस सङ्ग्रहका कतिपय शीर्षकका कविताहरूमा अङ्ग्रेजी आगन्तुक शब्दहरू पनि पाइन्छन्, जस्तैः बम, ह्विस्की ब्राण्डी, डलर, रुवल, गिटार, रोबाट, बोटल, अप्रेशन, मनिब्याग आदि ।

**प्रचलित झर्रो शब्द**

कोर परेको हात, रण्डी, वेश्या, छाडा, नामर्द, चिहान ।

यस सङ्ग्रहका कविताहरूमा प्रयोग गरिएका झर्रो शब्दले कवितालाई रोचक र पठनीय बनाएको छ ।

**पदक्रममा विचलन**

शैली वैज्ञानिक पद्धति अनुसार भाषिक विचलनले यस कृतिका कविताहरूका भाव र अर्थगत सौन्दर्य वृद्धिमा विचलनका माध्यमबाट यस प्रकारले भूमिका खेलेको छ,

| विचलन | ठीक पदक्रम |
|---|---|
| तेन्जिङ्ग हिमाल चढ्न सक्दैन आत्म स्वीकृतिको | तेन्जिङ्ग आत्म स्वीकृतिको हिमाल चढ्न सक्दैन |
| हामीहरूलाई केही दिन बाँकी राखेनन् उनीहरूले | उनीहरूले हामीहरूलाई केही दिन बाँकी राखेनन् |
| एउटा लामो इतिहास बोकेर म जन्मिए | म एउटा लामो इतिहास बोकेर जन्मिए |
| छोरा हैनस् बाबु मान्छेको तँ | बाबु तँ मान्छेको छोरा हैनस् |
| इतिहास लेखिन्थ्यो त्यसवेला | त्यसवेला इतिहास लेखिन्थ्यो |

**भावमा विचलन**

मैले धरतीको माटो बिर्सेर
वायुमण्डलमा चिहान कोपरेको छु,
त्यहाँ पर माटो नभएको देश छ,
माटोले नछोओस् हावाले नभेटोस्,

(मेरो लासलाई त्यहीं परको...,पृष्ठ २०)

एक झोला आँटको विश्वास सहित,

(शहीदलाई श्रद्धा चढाउन आतुर छु म, पृष्ठ २३)

हाम्रो मृत्यु अप्रेशनमा होस्,

(एक दृष्टिः हामीहरूको मृत्यु, पृष्ठ १८)

पहेंलो रगत बगीरहेछ कालिमाटीमा,

(तैले यो धरतीमा एक पटक, पृष्ठ १४)

यस शताब्दिका रोबाट मान्छे,

(हामी, पृष्ठ ८)

एउटा नमेटिने भोक भित्तासँग लडिरहेछ

(समाप्तीको, पृष्ठ ९)

### ४.५.८ निष्कर्ष

**ती फूलहरू खै** ? (२०४८) कविता सङ्ग्रह कवि विष्णु सुवेदीको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । १६ वटा कविताहरू सङ्ग्रृहित यस कृतिमा विभिन्न विषयवस्तुहरूलाई समावेश गरिएको छ ।

विष्णु सुवेदीको यस सङ्ग्रहभित्र रहेका कविताले वर्तमान समाज र त्यस भित्रका विसङ्गति- विकृतिहरू, राजनीतिक अराजकता, मानवीय पीडा, राष्ट्रिय अन्तराष्ट्रिय सन्दर्भका आधारमा वर्तमानको यथार्थ चित्रण गरेका छन् । भ्रष्ट नेतृत्वप्रतिको आक्रोश, सहिदको बलिदानको मूल्य बोध गर्न नसकेको वर्तमानको राजनीतिक दुरावस्था, मानवीय व्यवहारले प्रकृतिमाथि दिनहूँ भैरहेको प्रदुषण, स्वतन्त्रताको नाममा हुने गरेको मनोमानी, प्रजातन्त्रको नममा एकथरीले रजाई गरेको र अर्काथरी भोग्नु परेको अन्याय र अत्याचारहरू आदि विविध विषयको प्रस्तुतिलाई कविले आफ्नो कवितामा सहज रूपमा व्यक्त गर्न सफल भएका छन् । गद्य लयमा लेखिएको यस सङ्ग्रहका कविताहरूमा अनुप्रासयुक्त शब्दको सुसंयोजनले गर्दा आन्तरिक लय सिर्जना भएको छ । जसकारण यस कृतिका कविताहरू श्रुतिमधुर र सुरम्य छन् भने स्वतःस्फूर्त स्वाभाविक रूपमा आउने बिम्ब र प्रतीकको प्रयोगले गर्दा यस कृतिको गरिमा अझ माथि उठेको छ । सहज सरल भाषाको प्रयोगले यो कविता सङ्ग्रह सबै पाठक सामु बोधगम्य बनेको छ ।

## ४.६ 'विधवा भाउजूहरूको देश' कवितासङ्ग्रहको विश्लेषण

### ४.६.१ विषय परिचय

**विधवा भाउजूहरूको देश** कविता सङ्ग्रह कवि विष्णु सुवेदीको दोस्रो फुटकर कविता सङ्ग्रह हो । २०६२ साल असारमा प्रकाशित यो कृतिको प्रथम संस्करणमा १००० प्रति प्रकाशित भएको देखिन्छ । **ती फूलहरू खै** ? कविता सङ्ग्रहको सफलता पछि कविता लेखनमा उनको कलम अझ तिखारिदै अघि बढ्यो । उनका प्रकाशित अप्रकाशित फुटकर कविताहरूको सङ्ग्रह **विधवा भाउजूहरूको देश** हो । ३३ वटा फुटकर कविताहरू सङ्ग्रृहित भएको यो कृति सानो र छरितो खालको रहेको छ । विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अनामनगरबाट प्रकाशित यस कृतिको मुद्रण पिनाक अफसेट प्रेसबाट भएको हो । यस कृतिको मूल्य रु.४० र संस्थागत रु.१०० राखिएको छ । यस कृतिमा लघु आयामका कविताहरू रहेका छन् । ७८ पृष्ठमा फैलिएको यस कविता सङ्ग्रहमा शीर्षक अन्तर्गत अन्य उपशीर्षकका कविताहरू रहेका छैनन् । यस सङ्ग्रहमा **शुभेच्छाका केही शब्द** शीर्षकमा सुधा त्रिपाठीको भूमिका रहेको छ । यस सङ्ग्रहका बारेमा **लेख्नै पर्दा** शीर्षकमा कविले आफ्ना भनाइहरू व्यक्त गरेका छन् । यस सङ्ग्रहमा जम्मा ३३ वटा कविताहरू रहेका छन् । यो विभिन्न पत्र–पत्रिकामा प्रकाशित र केही अप्रकाशित कविताहरू समेतको सङ्ग्रहका रूपमा रहेको छ । **चिमाल, हिन्दु साप्ताहिक, दोलखा स्मारिका, प्रतिबद्धता** जस्ता पत्रिकामा फुटकर रूपमा प्रकाशित कविताहरूलाई सङ्ग्रह गरी कवि सुवेदीले कृतिको प्रकाशन गरेका छन् ।

यस सङ्ग्रहका बारेमा लक्ष्मी बस्नेतले यस्तो दृष्टिकोण प्रस्तुत गरेकी छन्,

यस कविता सङ्ग्रहभित्रका कविताहरूले देशको वर्तमान अवस्थालाई विषय बनाएको छ । छाप्रामा रातभर आँसु चुहाउने भाउजूदेखि लिएर सोह्र श्रृङ्गार खोसिएका भाउजूसम्मको कथाले वर्तमान भाउजूहरूको कथा बोकेको छ । यस सङ्ग्रहभित्र एक्काइसौं शताब्दीका नेपाली नारीप्रति समाजको दृष्टिकोण, ठूलो जात र सानो जात भनी गरिने जातीय छुवाछुत, आफूलाई समयको गुरु ठान्ने

पण्डितहरूसँग सोधिएको कवितात्मक प्रश्नहरूले गर्दा कविताले समाजको आमूल परिवर्तन चाहेको देखिन्छ ।[100]

त्यसैगरी चिरञ्जिवी मास्केले यस सङ्ग्रहका बारेमा यस प्रकारको विचार व्यक्त गरेका छन्,

कवि सुवेदीले देखेको, भोगेको र सुनेको यथार्थलाई कविता सङ्ग्रहमार्फत् प्रस्तुत गर्दै द्वन्द्वको वर्तमान अवस्थामा त्यस्ता विकृति हटाउन जोड दिएका छन् ।[101]

छविलाल सिलवालको यस सङ्ग्रहका कवि सुवेदीकाबारे यस्तो दृष्टिकोण रेहेको छ,

सरल भाषामा बहेका उनका मनका भावनाहरूले देशमा भएका, भइरहेका गतिविधिहरूलाई सहज रूपमा प्रस्तुत गर्न सफल छन्, विष्णु सुवेदी ।[102]

विशालकुमार भण्डारीले यस कविताका विषयवस्तुलाई यसरी प्रकट गरेका छन्,

कवि सुवेदीद्वारा लिखित यस कविता सङ्ग्रहले समग्र देशको राजनैतिक विकृति, नेपाली समाजको द्वन्द्वले सामाजिक रूपमा पारेको असर, गाउँ बस्तीको पीडा, विधवा भाउजू अनि छोरा गुमाएका आमाहरूका रोदनलाई मार्मिक तवरबाट कविता मार्फत हामी सामु ल्यएका छन् ।[103]

श्रीबाबु कार्कीले यस सङ्ग्रहमा यस्तो समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरेका छन्,

कविले समाजमा व्याप्त असमानताको घीनलाग्दो र दिगमिग लाग्ने कहानी कविताको तानमा बुनेका छन् । विष्णु सुवेदीको कविता विचारमा प्रबलता, चिन्तनको सघनता, ज्ञानको प्रचुरता र शैलीगत विशिष्टताले गर्दा उँभौली

---

[100] लक्ष्मी बस्नेत, **'विधवा भाउजूहरूको पीडा कवितामा छताछुल्ल'**, रोडम्याप साप्ताहिक,२०६२ ।

[101] चिरञ्जीवी मास्के, **'सत्य यथार्थ'**, सौगात समाचारपत्र ,२०६२ ।

[102] छविरमण सिलवाल, **'विधवा भाउजूहरूको देशमा केही क्षण'**, जनप्रहार साप्ताहिक ,२०६२ ।

[103] विशालकुमार भण्डारी, **'विधवा भाउजूहरूको देशभित्र घोत्लिँदा'**, सौर्य साप्ताहिक ,२०६२ ।

लागिरहेको महसुस गर्न सकिन्छ । कवि सामाजिक संस्कृतिक मूल्यको विघटन, राष्ट्रियतामा खण्डिकरण, सुशासनमा क्षयीकरण र प्रशासनिक लवस्तत्र्याँइमा ठाडो प्रहार गर्दै अगाडि बढेका छन् ।[104]

यस कविता सङ्ग्रहका बारेमा कवि स्वयम्को भनाइ यसप्रकार रहेको छ,

शायद यो विधवा बनाउने श्रृङ्खलाको अन्त्य पनि नजिकै देखिँदैन । शुभकामनाहरूलाई बेवास्ता गरिएको, आमचाहानालाई उपेक्षा गरिएको यो सन्दर्भमा विधवाको संख्या थपिदै जाँदा लाग्छ एकदिन गौतम बुद्धको अहिंसावादी देश, संसारकै उच्च सगरमाथाको देश, स्वभिमानी सभ्यता, कला र सँस्कृतिको देश भनेर चिनिने नेपाल संसारभरिकै सबैभन्दा बढी विधवाको देश भनेर चिनिने छ । यसै सन्दर्भमा बेला बखतमा भएका, देखिएका र मन छोएका विषयमा सिर्जित अनुभूति तथा पीडानुभूति दुवैलाई संयोजन गरेर लिपिबद्ध गरेको छु **विधवा भाउजूहरूको देश**......।[105]

सुधा त्रिपाठीले यस सङ्ग्रहका बारेमा यस्तो समीक्षा प्रस्तुत गरेकी छन्,

यस सङ्ग्रहका कविताहरूको प्रस्तुति चमत्मकारपूर्ण छैनन् । यिनले उपाख्यानात्मक शैली अङ्गालेका छन् । प्रस्तुतिमा भन्दा पनि अर्न्तवस्तुमा यी कविताको महत्ता झल्कन्छ ।  यिनले मर्मस्पर्शी कुरा मात्र नगरी कवित्वको गुणलाई पनि आफूमा  आत्मसात् गरेका छन् । यी कविताहरूले वर्तमान नेपाललाई राम्रैसँग टिपेका छन् । यी कविताले वर्तमान नेपालका उकालीका भन्दा पनि ओरालीका कथा चाहि हालेका छन् । देश र जनताप्रति स्वयंलाई जिम्मेवार नठान्ने र देशको वेदना बिर्सेर व्यक्तिगत संसारमा नरमाउने युवकका अभिव्यक्ति  हुन् यी कविताहरू जसले जिम्मेवार हुन नसकेको नेतृत्व वर्गको क्रियाकलापलाई चुनौति दिएका छन् ।[106]

---

[104] श्रीबाबु कार्की, **'कवि विष्णु सुवेदीका कविता केलाउँदा'**, साझा विचार साप्ताहिक ,२०६२ ।

[105] विष्णु सुवेदी, **'लेख्नै पर्दा'**, विधवा भाउजूहरूको देश,२०६२ ।

[106] सुधा त्रिपाठी, **'शुभेच्छाका केही शब्द'**, विधवा भाउजूहरूको देश,भूमिका ।

यसप्रकार यस सङ्ग्रहका कविताहरूमा कवि आफू बाँचेको देशको समयलाई यथार्थ रूपमा प्रस्तुत गरेका छन्,

चर्किएको, भत्किएको ऐनामा
देखिन्छ हरेक वस्तु टुक्रा-टुक्रा
तिम्रो अनुहारको ऐनामा
देखिन्छन्-यो हिमाल, यो पहाड, लेकबेसी
अनि हाम्रा उज्यालाहरू टुक्रा-टुक्रा
हो, देखिन्छन् रगतले सिँचेको यो सिंगो भूगोल
र, स्वयं यो देश टुक्रा-टुक्रा ।

विष्णु सुवेदीको दोस्रो कृति **विधवा भाउजूहरूको देश** कविता सङ्ग्रहमा कविले वर्तमान समाजमा देखिएका विसङ्गति विकृतिको भण्डाफोर गरेका छन् । उनका प्रत्येक कविताले मानवतावादी स्वर सुसेलेका छन् । स्वच्छन्दताभित्रको प्रगतिको चाहना उनका यसै सङ्ग्रहका कविता कवितामा भेटिन्छन् । प्रकृतिमा स्वच्छन्द उड्न चाहनु, ग्रमीण परिवेशमा डोका, नाम्लामा रम्न चाहनु, नारी समस्याको चित्रण, देशमा शान्तिको कामना, भातृत्वको चाहना, सुरम्य, सभ्य समुन्नत समाज निर्माणको चाहना यस रचनाले बोकेको छ । साथै यस सङ्ग्रहका कविताहरूले मानवीय मूल्य र मान्यता बोकेको, शान्तिको र एकताको चाहना लिएका छन् । यस कृतिलाई गुणात्मक रूपमा एक उत्कृष्ट कृति मान्न सकिन्छ ।

### ४.६.२ शीर्षक

यस कविता सङ्ग्रहभित्रका कविताहरू शीर्षक चयनका दृष्टिले विविध किसिमका तर उचित र सुहाउँदा देखिन्छन् । अभिधात्मक, लक्षणात्मक, विम्वात्मक, प्रतीकात्मक किसिमका शीर्षकहरू शीर्षकहरू रहने भएता पनि यस शीर्षकको कविता सङ्ग्रहमा अधिकांशतः अभिधात्मक शीर्षकहरू रहेको पाइन्छ । समग्र रचनाभित्रका कुराहरूलाई शीर्षकले सोझै अर्थात् अभिधा तहमा अर्थ अभिव्यञ्जित गरेका रचनाहरू प्रस्तुत कृतिभित्र देख्न सकिन्छ ।

(क) **अभिधात्मक**

यस शीर्षकको कविता सङ्ग्रहभित्रका कविताहरूमध्ये अधिकांश कविताको शीर्षकहरू भिधात्मक रहेका छन् । प्रस्तुत कविता सङ्ग्रहभित्र रहेका **विधवा भाउजूहरूको देश, काली घर्तिनीको बयान, आखिर मै आमा दुख्छु, लिखे दमाइको पत्रः विष्टाको नाउँमा, दुःख नमान मानबहादुर, हाकिम साहेब, हामी, माग, यसपालिको रोपाइँ, कबिताको बाली,पर्खाल, फूल र संसार, हिमालहरू, रात परेपछि, चरा र मान्छे, गाउँहरू हाँस्न छाडेपछि, प्रजातन्त्र,शहीद र सपना,साझा बस्ती, म अचेल नयाँ कविता लेख्नै सक्दिन** जस्ता कविताका शीर्षकहरू अभिधात्मक रहेका छन् ।

(ख) **प्रतीकात्मक**

कुनै प्रतीकद्वारा रचना सन्दर्भ शीर्षकमा सन्दर्भित हुन्छन् भने त्यो प्रतीकात्मक शीर्षक हुन्छ । यस कविता सङ्ग्रहभित्र यस किसिमका कविताहरू देख्न सकिन्छ । उदाहरणका रूपमा **सानी-१/२, खुट्टाहरू हिडिरहेछन्** जस्ता कवितालाई लिन सकिन्छ ।

(ग) **बिम्बात्मक**

यस कविता सङ्ग्रहमा केही कविताका शीर्षकहरू बिम्बात्मक देखिन्छन् । यसका उदाहरणमा **द्रौपदी आमा** शीर्षकको कवितालाई लिन सकिन्छ ।

(घ) **लक्ष्यार्थ**

शीर्षकले रचना सन्दर्भलाई नै लक्ष्यात्मक रूपमा प्रस्तुत गर्ने कविताहरूलाई यसको उदाहरण मान्न सकिन्छ । **पहाड चडिरहेकाहरूको माझमा, प्रश्नः समयका पण्डितहरूलाई, उपर्युक्त सम्बन्धमा,नानीहरूको खेल** कविताहरू यसको उदाहरण मान्न सकिन्छ ।

### ४.६.३ संरचना

संरचनाका दृष्टिले स्रष्टा विष्णु सुवेदीको **विधवा भाउजूहरूको देश** शीर्षकको कविता सङ्ग्रह मझौला एवम् लघु आकारको रहेको पाइन्छ । जम्मा ३३ वटा रचनाहरूलाई ७९ पृष्ठमा समेटिएको प्रस्तुत कृतिमा कविता समावेश गर्नु भन्दा अगाडि ५ पृष्ठ सहित जम्मा पृष्ठ सङ्ख्या ९३ रखिएको देखिन्छ । यस कृतिभित्र रचनाहरूको संरचनाहरूलाई हेर्दा लघु एवम् मझौला आकारको संरचनात्मक स्वरूप देख्न सकिन्छ ।

यस कवितासङ्ग्रहका कविताहरू मध्ये सबैभन्दा लामो कविता ८१ पङ्क्तिसम्म फैलिएर रहेको **आखिर मै आमा दुख्छु** शीर्षकको कविता रहेको छ । त्यसैगरी सबैभन्दा छोटो कविता ३७ पङ्क्तिमा आबद्ध **पर्खाल** शीर्षकको कविता रहेको छ । यस सङ्ग्रहका कविताहरूको पङ्क्ति योजनालाई हेर्दा घटिमा १ शब्दको पङ्क्ति देखि बढीमा ९ शब्द सम्मको रहेको छ । व्यकरणात्मक दृष्टिले यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त भाषिक चिह्नहरूको प्रयोगलाई हेर्दा क्रमशः पूर्ण विराम(।) २२१, अल्पविराम(,) २६४, प्रश्नवाचक (?) १३२, उद्गार (“”) १६, विष्मयादिबोधक (!) १२२, वैकल्पिक चिह्न(/) ९, योजक चिह्न(-) ७७, अपूर्ण सङ्केत चिह्न(.....) ४२ आदि चिह्नहरूको प्रयोग भएका छन् । यसरी हेर्दा अत्याधिक चिह्नको प्रयोगमा अल्पविराम चिह्न देखिन्छ भने कम चिह्नको प्रयोगमा वैकल्पिक चिह्न देखिन्छ । यस सङ्ग्रहका ३३ वटै कविताहरू विभिन्न पङ्क्ति समूहमा आवद्ध भएका छन् ती पङक्ति समूहहरूको संरचनामा एकरूपता पाइदैन । पङ्क्ति समूहको विभाजनमा कुनै चिह्न वा सङ्केतको प्रयोग गरिएको छैन । यस सङ्ग्रहका कविताहरू भावको प्रस्तुतिका दृष्टिले श्रृङ्खलित रूपमा आएका छन् जसले गर्दा कविताहरू सहज र सरल बनेका छन् । यस सङ्ग्रहका कविताहरू प्रगीतात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### ४.६.४ लयविधान

विष्णु सुवेदीको **विधवा भाउजूहरूको देश** शीर्षकको कविता सङ्ग्रहका लयविधानको अध्ययन आवाश्यक देखिन्छ । काव्यिक संरचनाहरूमा पनि लयविधानलाई पनि अति आवश्यक तत्वका रूपमा लिने गरिन्छ । लय विधानका

दृष्टिले हेर्दा यस कविता सङ्ग्रह सबल एवम् सशक्त रहेको देखिन्छ । सम्पूर्ण संरचनाहरू मुक्त एवम् गद्य लयमा संरचित रहेका छन् । कुनै किसिमका नीति नियममा नबाँधिइकन मुक्त रहेर लेखिएका यस कृतिका रचनाहरू मुक्त एवम् गद्य लयमा हुँदा हुदै पनि यिनमा संयोजित आन्तरिक लयले समग्र रचनाहरूलाई माधुर्यपूर्ण बनाएको पाइन्छ । कुनै पनि शास्त्रीय छन्दका परिधिभित्र नरहेर लेखिएका प्रस्तुत कृतिका रचनाहरूमा भएको आन्तरिक लयले समग्र रचनाहरूलाई मिठासपूर्ण मधुर एवम् पठनीय तुल्याएका छन् । गद्यलयमा रहँदा रहँदै पनि कुनै न कुनै रूपमा यस कृति भित्रका रचनाहरूमा गरिएको अनुच्छेद विभाजन, विभिन्न विराम चिन्हको प्रयोग, अनुप्रासयुक्त शब्द संयोजन, वर्णगत समानान्तरता, शब्द द्वित्व, पदावलीगत समानान्तरता, शब्दको पुनरावृत्तिले प्रस्तुत कृतिको लय विधानलाई सबल सशक्त एवम् समृद्ध तुल्याएको मान्न सकिन्छ । यस तथ्यलाई निम्न उदाहरणद्वारा प्रस्ट पार्न सकिन्छ :

**वर्णगत समानान्तरता**

शिर ठाडो पारेर हिड्नुहुन्न, मुख खोलेर बोल्नुहुन्न

(विधवा धाउजूहरूको देश, पृष्ठ १२)

यसो हेर्छु म पनि, हेर्दा हेर्दै म तिमीलाई सम्झन्छु

(सानी-२, पृष्ठ १६)

के गर्नु ?जीवन बुझ्न नसकेरै धानेका रहेछौ

(लिखे दमाईको पत्रः विष्टका नाउँमा, पृष्ठ २६)

आजकाल विचारको पर्खाल उठाउछ मान्छे

(पर्खाल, पृष्ठ ६६)

म कुनै अर्को नयाँ कविता कोर्नै सक्दिन

(म अचेल नयाँ कविता.....पृष्ठ ७८)

गाउँमाजस्तो निन्द्रा लाग्दैन शहरमा मान्छेहरूलाई

(रात परेपछि, पृष्ठ ६३)

**शब्दको पुनरावृत्ति**

बग्छ त रगत बग्छ, बग्छ त लास बग्छ,

कुनै समय पढ्न पाइन्थ्यो, हेर्न पाइन्थ्यो

नत्र जे पनि हुन्छ जे पनि भोगिन्छ

बस्तीमा बुठ बज्रँदा, बस्तीमा बन्दुक गर्जदा

(विधवा भाउजूहरूको देश, पृष्ठ १२)

चेली भन्छन्, छोरी भन्छन्

(सानी-१, पृष्ठ १४)

अध्यारोमा ज्ञान पढ्छे इतिहास पढ्छे

(सानी-२, पृष्ठ १७)

मुखियाकै नासो मुखियाकै रगत

खै र हजुर हाम्रो बाटो,खै र हजुर हाम्रो माटो

यो बामपुड्के, बेनामको बामपुड्के

(काली घर्तिनीको बयान, पृष्ठ १८)

जति रोए पनि, जति चिच्याए पनि

भाइ-भाइ नजुध भन्छु

(आखिर मै आमा दुख्छु, पृष्ठ २१/२३)

झ्न निर्बस्त्र, झन् कुरूप, झन् कमजोर

(द्रौपदी आमा, पृष्ठ २४)

मौसमले यही भन्छ समयले यही भन्छ

(उपर्युक्त सम्बन्धमा,५३)

आगो निभ्ला, निभ्ला भो चुलामा

(माग, पृष्ठ ४९)

देवता भएर फूल कि फूल भएर देवता

(फूल र संसार, पृष्ठ ५९)

पठाउदैन कम्बल पठाउदैन चामल

(गाउँहरू हाँस्न छाडेपछि, पृष्ठ ६९)

**पदावलीगत समानान्तरता**

र फरक फरक भयो न्याय
र फरक फरक बन्यो दस्ताबेज

(सानी-१, पृष्ठ १५)

चोट जता लागे पनि
घाउ जता दुखे पनि

(आखिर मै आमा दुख्छु, पृष्ठ २१)

हामी क्रमशः गुमाउदै छौ विवेक
हामी क्रमशः लुटाउँदै छौ अस्मिता

(हामी, पृष्ठ ३६)

लाटाहरूको काधँ
सोझा हरूको काधँ

(पहाड चढिरहेकाहरूको माझमा, पृष्ठ ३८)

जीवन एउटा खोज
जीवन एउटा सम्भावना

(एकैछिन पर्ख, पृष्ठ ४६)

कविताको रङ्ग कस्तो हुन्छ ?
कविताको उमेर कति हुन्छ ?

(कविताको बाली, पृष्ठ ५७)

कहाँ शहर हाँस्न सक्छ र ?
कहाँ देश हाँस्न सक्छ र ?

(गाउँहरू हाँस्न छाडेपछि, पृष्ठ ६९)

कसरी फलाम बँनू म ?
कसरी काँढा बँनू म ?

(आखिर मै आमा दुख्छु, पृष्ठ २२)

**वाक्यगत समानान्तरता**

यो देशमा कानुन छ र सानी पनि छे
यो देशमा ईज्जत छ र सानी पनि छे
यो देशमा मर्यादा छ र सानी पनि छे ।

(सानी-१, पृष्ठ १५)

निर्धक्क हिड्न पाउनुपर्छ भन्छु
निर्धक्क बोल्न पाउनुपर्छ भन्छु

(आखिर मै आमा दुख्छु, पृष्ठ २३)

मलाई सोध्नु छ- समयका पण्डितहरूसँग
हिटलरले भनेको समय खै ?
मुसोलिनीले समातेको समय खै ?
फुजिमोरीले हाँकेको समय खै ?

(प्रश्नः समयका पण्डितहरूलाई, पृष्ठ ३३)

तिमीले मुख खोलेर बोलेपछि
तिम्रा पछि लाग्ने सबै बोल्छन्

(हातहरू हल्लाएपछि, पृष्ठ ५४)

एउटा सुन्दर देश बनाऔँ
एउटा सुन्दर बस्ती बसालौँ

(साझा बस्ती, पृष्ठ ७१)

सत्य ढाँटेको होइन
नभए समय साक्षी छ

(म अचेल नयाँ कविता.....,पृष्ठ ७९)

पदावलीगत समानान्तरता र वाक्यगत समानान्तरतामा रहेका अनुप्रसले कविताको लय सिर्जनामा अझ सहयोग पुऱ्याएको पाइन्छ ।

**शब्द-द्वित्व**

छिया छिया, थिचि-थिचि, भाइ-भाइ,
कता-कता, कुना-कुना, तप-तप,
बेला-बेला, बल्ल बल्ल, वल्टाइ-पल्टाइ
झन् झन्, सुस्त सुस्त, बाङ्गो टिङ्गो,
निभ्ला निभ्ला, रोपाइँ-रोपाइँ, थुप्रै थुप्रै,
अलग-अलग, टुक्रा-टुक्रामा, थोपा, थोपा
घामपानी-घामपानी, झ्याल झ्यालमा , लहै-लहैमा

कतिपय कवितामा प्रयुक्त यस्ता द्वित्व शब्दले पनि कवितामा रोचकता थपेका छन् ।

### ४.६.५ भावविधान

भावविधानलाई रचनाको मेरुदण्ड नै मानिन्छ । भावविधानले नै रचना अर्थात् कृतिको अस्तित्व स्थापित गरिदिन्छ । भाव विधानका दृष्टिले कवि विष्णु सुवेदीको **विधवा भाउजूहरूको देश** शीर्षकको कृति मिश्रित रूपको देखिन्छ । प्रस्तुत कृति भित्रका रचनामा विविध भाव संयोजन गरिएको पाइन्छ । सामाजिक जीवनको यथार्थ, मातृभूमिप्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, विकृति र विसङ्गतिको चङ्गुलमा पसेको वर्तमान मान्छेबाट अपहरित भएको मानवता, भ्रातृत्व, मातृत्व, अपनत्वको क्रन्दन अदिको विषय सन्दर्भलाई प्रस्तुत कृतिभित्रको भावमय प्रस्तुतिमा समेटिएको छ । यी यस्ता भावलाई स्रष्टा विष्णु सुवेदीले आफ्नो प्रस्तुत कृतिमा अत्यन्तै सहज र सबल एवम् शसक्त रूपमा संयोजन गरेका छन् । जसले गर्दा प्रस्तुत कृति भित्रका सम्पूर्ण रचनाहरू भावमय एवम् पठनीय बनेका छन् । राजनीतिक कुचक्रमा फसेका निमुखा र निरीह जनताको बोलीहरूका साथै देशमा घटेका विभिन्न राजनीतिक घटना र द्वन्द्वबाट प्रत्यक्ष मारमा परेका आम नेपाली जनताको रोदन र क्रन्दन यस कृतिमा टड्कारै सुन्न सकिन्छ । भाइभाइ बिचमा हुने गरेका मनमुटाव, त्यसबाट उब्जिएको द्वन्द्व र द्वन्द्वबाट पीडा भोग्न बाध्य आमा, बाबा, टुहुरा बालबच्चाहरू,  विधुवा नारीहरू र विदुर पुरुषहरूको रुवाबासी र रङ्गहीन जीवनको चित्रण यस कृतिमा गरिएको छ । समाजमा व्याप्त असमानताका सन्दर्भहरू, हाकिमको काम प्रतिको उदासीनता, मनोमानी र भ्रष्टचारी प्रवृत्ति, गाउँको स्वच्छता, सहरको बढ्दो विकृति, समानताको चाहनासँगै गरिएको साझा बस्तीको कल्पना, देश दुखेको वर्तमान अवस्था र यस्तो अवस्थामा सारा देशबासीहरूको रसिलो आँखाले ओभाउन गरेको प्रतिक्षा, गरिब र पिछडिएका जाति र वर्गले भोग्नु परेको पीडालाई यस कविता कृतिले विषयवस्तु बनाएको छ । निराशा र वेदनाले भरिएका भावहरू पूरै कृतिभरि छरिएर रहेका छन् । यी र यस्तै भावहरूलाई पुष्टि गर्न यस कृतिभित्रका कविताका केही अंशहरूलाई यहाँ प्रस्तुत गरिन्छ :

विधवा भउजूहरूको देशमा
अचेल
आँखामा फूल्दैन गुराँस
मनमा फूल्दैन सयपत्री
फूल्छ त केवल
बस्तीहरूमा पीडाको सिस्नो
र पोलीरहन्छ निरन्तर

(विधवा भउजूहरूको देश, पृष्ठ १ )

यो बामपुड्के हजुर ?
मुखियाकै नासो, मुखियाकै रगत
तर के गर्नु हजुर अजसम्म न्वारन भाको छैन
नाउँ पाको छैन ।

( काली घर्तिनीको बयान, पृष्ठ १९ )

बाउसेहरूले-
उथल पुथल मनसँगै/अज्ञात, भय र त्राससँगै
खेतका गह्रा त सम्याए,
तर उहित्यैदेखि दुखेको मन
सम्याउन सकेनन्

( यसपालिको रोपाइँ, पृष्ठ ५०)

### ४.६.६ कथनपद्धति

अभिव्यक्ति प्रस्तुतिको क्रममा स्रष्टाले लिएको स्थानका आधारमा कथन पद्धतिको निर्क्यौल गर्न सकिन्छ ।यस दृष्टिले हेर्दा स्रष्टा विष्णु सुवेदीको **विधवा भउजूहरूको देश** शीर्षकको कृतिभित्र मिश्रित रूप देख्न सकिन्छ । अधिकांशतः कवि प्रौढोक्तिको प्रयुक्ति देखिन्छ । यद्यपी केही रचनाहरूमा त दुवै कथनकलाको प्रयोग पाउन सकिन्छ । माथि उल्लेखित गरिएझैँ अधिकांश रचनाहरूमा कवि कथनको आत्मालापीय कथनकला प्रयोग गरिएको पाइन्छ । प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरी लेखिएका यस्ता रचनाहरूको बाहुलता प्रस्तुत कृतिमा देखिन्छ । त्यसैगरी तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग पनि प्रस्तुत कृतिमा पाउन सकिन्छ । जसबाट

निर्मित हुने कवि निबद्धवक्तृप्रौढोक्ति पनि कथन पद्धतिको रूपमा प्रयोगमा आएको देखिन्छ । अभिव्यक्तिको प्रस्तुतिमा स्रष्टा आफैँ उभिएका रचनाहरू कविप्रौढोक्तिका रूपमा प्रस्तुत कृतिमा आएका छन् भने अभिव्यक्ति प्रस्तुत गर्दा स्रष्टाले अन्य कसैलाई उभ्याएका कविताहरू कविनिबद्धवक्तृप्रौढोक्ति कथनकला रूपमा यस कृतिभित्र रहेको पाइन्छ । त्यसैगरी एकै रचनाभित्र मिश्रित कथन पद्धतिको प्रयोग गरिएका रचनाहरू पनि स्रष्टा विष्णु सुवेदीको यस कृतिमा पाउन सकिन्छ । कथन पद्धतिका विविध रूपरङ्गहरू मध्येबाट कवि निवद्धबक्तृप्रौढोक्तिको प्रयोग पृष्ठ १८ मा रहेको काली घर्तिनीको बयान शीर्षकको कविताका केही अंश उदाहरणका रूपमा यहाँ उद्‌धृत गर्नु सान्दर्भिक हुने देखिन्छ,

हो हजुर हो, तपाईको अनुमान ठीक हो
तपाई पढे लेखेको मान्छे, देख्दैमा बुझ्नुभो !
हो हजुर हो, तपाईले भनेको ठीकै हो ।
घर पूर्व तीन नम्बर ओखलढुङ्गा
जात हजुर ? के गरौँ र जातका कुरा
मैले छोएको पानी चल्दैन रे,
मैले पकाएको भात चल्दैन रे !
हो हजुर, म
तपाईहरू जस्तो ठूलाबडाले बनाएको नियममा बाँधिएकी
एउटी असहाय काली घर्तिनी......।

### ४.६.७ भाषाशैली

भाषाले सिर्जनालाई अभिव्यक्तिको स्वरूप प्रदान गर्दछ भने शैलीले अभिव्यक्तिलाई सुललित, सुबोध्य एवम सुस्वाद्य बनाउने काम गर्दछ । भाषाशैलीका कोणबाट हेर्दा कवि विष्णु सुवेदीको **विधवा भाउजूहरूको देश** शीर्षकको कविता सङ्ग्रह अत्यन्तै सरल, स्वाभाविक, सहज, सुबोध्य एवम् व्यञ्जनायुक्त, ललित, लयात्मक देखिन्छ । जुनसुकै रचनामा पनि कवि विष्णु सुवेदी सजिलो, स्वभाविक, सुकोमल, सुललित भाषा प्रयोग गर्न रुचाउँछन् भने सहज ललित व्यञ्जनायुक्त र लयात्मक शैलीको प्रयोग गर्दछन् । स्रष्टा सुवेदी कहीँ कतै पनि रचनामा क्लिष्ट,

दुरूह भाषाको प्रयोग गर्दैनन् । प्रायः सामान्य पाठकले पनि बुझ्न सकिने सजिलो सरस भाषालाई स्रष्टाले प्रयोग गरेको देखिन्छ । भाषिक सरलता, सरसता, स्वाभाविकता पाइने कवि सुवेदीको **विधवा भाउजूहरूको देश** शीर्षकको कविता कृतिको शैली पनि सुललित र सहज देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग प्रशस्त गरिएता पनि कवितालाई जटिल भने बनाएको पाइदैन । यस सङ्ग्रहका कविताहरूमा प्रशस्त मात्रामा खण्डित भावको प्रयोग, विम्वको प्रयोग, प्रतीकको प्रयोग गरिएको छ । जसको प्रयोगले कवितालाई आलङ्कारिक र चमत्कारपूर्ण बनाएको छ ।  काव्यिक रचनाहरूलाई काव्यमय, सुललित बनाउनका लागि अलङ्कार वा बिम्ब, प्रतीकको प्रयोग गरिन्छ । यी तत्वहरू कवितामा स्वाभाविक र स्वतस्फूर्त रूपमा आएका छन् ।

व्याकरणात्मक दृष्टिले यस कविता सङ्ग्रहका कविताहरूमा अर्ध विराम चिन्हदेखि प्रायः सम्पूर्ण चिन्हहरूको प्रयोग गरिएको छ । कविताहरूमा प्रशस्त मात्रामा पङ्क्तिहरूको पदक्रममा विचलन आएको छ । यस सङ्ग्रहका कविताहरूमा परम्परित व्याकरणका दृष्टिले क्रियाविहीन पङ्क्तिहरू देखिएता पनि तिनको स्वभाविक प्रयोग भएको पाइन्छ । कविताहरूमा सरल, सहज र सामान्य पाठकले सहज रूपमा बुझ्न सक्ने भाषा शैलीको प्रयोग गरिएको पाइन्छ ।

**बिम्बका केही उदाहरणहरू**

द्रौपदी, कुमालेको चक्र, बुद्ध, गान्धारी, यदुवंशी, चीरहरण, काधँहरू, पाँकेको आँप, आकाशको धुम्रकेतु, अनाडीको पिलो, मल्ल युद्ध, कुरुयुद्ध, पर्खाल, एकटुक्रा उज्यालो जस्ता बिम्बहरूको प्रयोगले कवितालाई अझ सशक्त र चमत्कारिक बनाएका छन् ।

**प्रतीक**

महाभारत, युधिष्ठिर, दुर्योधन, हिटलर, नाइटिङ्गेल, गान्धी, सुकरात जस्ता कवितामा प्रयुक्त प्रतीकहरूको प्रयोगले कविताहरूलाई संक्षिप्त र प्रतीकात्मक बनाउन सफल भएका छन् ।

**उपमा**

बगरेको सामु बोकाले आँसु झारेजस्तो,

(द्रौपदी आमा, पृष्ठ २५)

सिमेन्ट झैँ जमेका रहरहरू

(म नयाँ संस्करण खोजिरहेछु, पृष्ठ ३४)

बेहुली बिहानमा घामले चिहाएजस्तो

आकाश र रहर एउटै जस्तो,

आलु वीउ जस्तै उम्रेका,

युरिया मलको फूर्तिजस्तो,

(रहरको पहाड, पृष्ठ ४४)

नदीजस्तै हो बुझ्नलाई जीवन,

(एकैछिन पर्ख, पृष्ठ ४७)

मधुकरको घोडाजस्तो,

(यसपालिको रोपाइँ, पृष्ठ ५०)

गजधुम्म आकाशझैँ

(हातहरू हल्लाएपछि, पृष्ठ ५४)

पहराको आवाज झैँ, गोलाको आवाज झैँ

(सानी-१, पृष्ठ १४)

छोडेको साँढेजस्तो डुक्रन्छन् शहरका मान्छेहरू

(रात परेपछि, पृष्ठ ६३)

यस्ता उपमाहरूको प्रयोगले प्रस्तुत कृतिका कविताहरूमा रोचकता थपेको छ ।

**टुक्काको प्रयोग**

मुखमा ताल्चा ठोक्नु, घाउमा नुन छर्कनु, छोडेको साढेजस्तो यस्ता कतिपय नेपाली टुक्काको प्रयोगले कविताहरू सुस्वद्य र सरस बनाएका छन् ।

**अङ्ग्रेजी शब्द**

साइनबोर्ड, ग्यारेन्टी, बोर्डिङ स्कुल जस्ता कतिपय अङ्ग्रेजी शब्दको प्रयोग यस सङ्ग्रहका कविताहरूमा गरिएको छ ।

**अनुकरणात्मक शब्द**

घ्वार्र, कुखुरी काँ आदि अनुकरणात्मक शब्दको प्रयोग पनि यहाँ पाउन सकिन्छ ।

**आदि अनुप्रास**

मात्र पुनरावृत्ति हुन्छ कलिलो सूर्योदय
मात्र पुनरावृत्ति हुन्छ बस्तीमा मलामीको जमात,

(विधवा भाउजूहरूको देश, पृष्ठ ११)

मलाई जोगाउँदा मेरो आफन्त पर्छ
मलाई बचाउँदा मेरो पराइ पर्छ ,

(आखिर मै आमा दुख्छु, पृष्ठ २२)

को पो राप बेगर बाँच्न सक्छ ?
को पो ताप बेगर निदाउन सक्छ ?

(दुःख नमान मानबहादुर, पृष्ठ २८)

**अन्त्यानुप्रास**

खेतको कान्लामा जीवन खोजिरहेकी हुन्छे
वनका काँडामा जीवन भोगिरहेकी हुन्छे

(सानी-१, पृष्ठ १५)

बामपुड्के त मैल् नबढेर राखेकी
समाजमा लोकाचार गर्न मैल्यै ढाँटेकी ।

(काली घर्तिनीको बयान, पृष्ठ २०)

देशको छातीमा लात्ती हान्नेहरू
आमाकै लाम्टा तान्नेहरू ।

(दुःख नमान मानबहादुर, पृष्ठ २९)

पियन दाइ कता हो कताका जाति
हाकिमको भन्दा पियन दाइकै ठूलो छाती ।

(हाकिम साहेव, पृष्ठ ३०)

म जीवनको पहाड चढ्दै छु
म जीवनमा रङ्ग भर्दै छु

(एकैछिन पर्ख, पृष्ठ ४७)

ऊ जन्मदा सर्वत्र रात थियो
ऊ जन्मदा सर्वत्र घात थियो

(एकटुक्रा उज्यालोमुनि, पृष्ठ ७२)

**संस्कृत श्लोकको प्रयोग**

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःख भाग्जनः ॥

(किमबोर्थको सम्बोधन, पृष्ठ ७५)

**नाराको प्रयोग**

मुलुकी ऐन जिन्दावाद ! देवकोटा बाजे जिन्दावाद !!

(लिखे दमाईको पत्रः विष्टका नाउँमा, पृष्ठ २७)

आजका बालक नानीहरू भोलिका विद्वान् हुन्
आजका बालक नानीहरू भोलिका कर्णधार हुन्

(नानीहरूको खेल, पृष्ठ ७७)

**कथ्य भाषाको प्रयोग**

काम्ले, बिस्कुन, पखला, कर्के आँखा, पोस्तक, फलामे, भाको, पाको, मर्जी, बाउसे, रोपार, माना पाथि, मुर्कुट्टा जस्ता कथ्य बोलचालको भाषाको प्रयोग यस सङ्ग्रहका कतिपय कवितामा पाइन्छ ।

**थेगोको प्रयोग**

**काली घर्तिनीको बयान** शीर्षकको कवितामा **हजुर** भन्ने थेगोको प्रयोग भएको छ ।

**पदक्रममा विचलन**

शैली वैज्ञानिक पद्धति अनुसार भाषिक विचलनले यस कृतिभित्रका कविताहरूको भाव र अर्थगत सौन्दर्य बढाउन मद्दत गरेको छ ।

| विचलन | ठीक पदक्रम |
|---|---|
| मलाई सोध्नु छ-समयक पण्डितहरूसँग | मलाई समयक पण्डितहरूसँग सोध्नु छ |
| खोज्नुपर्छ थुप्रै नयाँ सम्भावनाहरू | थुप्रै नयाँ सम्भावनाहरू खोज्नुपर्छ |
| म कसरि खुसीको कविता लेखौँ ? | म खुसीको कविता कसरि लेखौँ ? |
| रहरले नै कैदी बनाउँछ मान्छेहरूलाई | मान्छेहरूलाई रहरले नै कैदी बनाउँछ |
| के थाहा पाउनु भो तपाईले समयको बारे ? | तपाईले समयको बारे के थाहा पाउनु भो ? |

**भावमा विचलन**

अर्को नयाँ कविता रोप्नै सक्तिन ।

(म अचेल नयाँ कविता लेख्नै सक्तिन, पृष्ठ ७९)

मान्छेलाई पोल्छ मान्छे हुनुको आत्मग्लानीले

(चरा र मान्छेहरू, पृष्ठ ६५)

सूर्य भर्खरै समुन्द्र पिएर सुतेको छ

(एकैछिन पर्ख, पृष्ठ ४६)

दिनदिनै भाँचिदो छ शरीरको एक हिस्सा

(द्रौपदी आमा, पृष्ठ २५)

**खण्डित भावको प्रयोग**

चार घडी रात छँदै बिचरी सानी.......

यसो........सोच्दा साच्चै

सानी आगो हँदै छे........

(सानी-२, पृष्ठ १६/१७)

एउटी असहाय काली घर्तिनी.........

मुखिया बाले राजीनामासँगै गाँसेका रे.......

(काली घर्तिनीको बयान, पृष्ठ १८/२०)

एउटा प्रश्न सोधुँ.........

नत्र..........

थाहा छ..........

सधैँ बाँच्दैनन्.........

(दुःख नमान मानबहादुर, पृष्ठ २८/२९)

पियन दाइ यसो.......मर्का बुझ्केर

(हाकिम साहेब, पृष्ठ ३०)

जुन थालमा खायो त्यही थालमा.........

(हामी, पृष्ठ ३७)

तर सत्य अर्कै..........

(पहाड चडिरहेकाहरूको माझमा, पृष्ठ ३८)

के हो खुट्टा.......

प्रश्न जन्मन्छ.........

(खुट्टाहरू हिंडिरहेछन्, पृष्ठ ४०/४१)

थाहा भए होला........

(प्रजातन्त्र, शहीद र सपना, पृष्ठ ४३)

ए हुत्तिहारा.......?

बा.......! भरे.........?

(माग, पृष्ठ ४९)

उराठ, बैराग र अरु........

(फूल र संसार, पृष्ठ ५९)

### ४.६.८ निष्कर्ष

**विधवा भउजूहरूको देश** (२०६२) कविता सङ्ग्रह कवि विष्णु सुवेदीको दोस्रो प्रकाशित कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा जम्मा ३३ कविताहरू सङ्ग्रहीत छन् भने ती कवितहरू मध्ये कतिपय कविताहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित समेत भइसकेका छन् ।

यस सङ्ग्रहभित्र रहेका हरेक हरफले देशले भोगेको द्वन्द्व र त्यसबाट समाजमा परेको प्रत्यक्ष नकारात्मक प्रभावलाई नजिकबाट नियालेका छन्, वर्तमान समाज र त्यसभित्रका विसङ्गतिहरू, राजनीति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, जातजाति आदिका आधारमा समाजमा गरिने भेदभावप्रति तीव्र आक्रोश व्यक्त गर्दै समतामूलक समाजको चाहना व्यक्त गरेका छन् । सामाजिक जीवनको यथार्थ, मातृभूमि प्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, विकृति र विसङ्गतिको चङ्गुलमा परेको वर्तमान मान्छेबाट अपहरित भएको मानवता, भ्रातृत्व, मातृत्व, अपनत्वको क्रन्दन अदिको विषय सन्दर्भलाई प्रस्तुत सम्पूर्ण कृतिभित्र समेटिएको छ । गद्यलयमा लेखिएको यस कृतिका कविताहरूमा अनुप्रासयुक्त शब्दहरूको सुसंयोजनले गर्दा आन्तरिक लयको सिर्जना भएको छ । जसकोकारण यस सङ्ग्रहका कविताहरू श्रुतिमधुर र सुरम्य बनेका छन् । स्वतःस्फूर्त स्वाभाविक रूपमा आउने बिम्ब र प्रतीकको प्रयोगले गर्दा यस कृतिको गरिमा अझ माथि उठेको छ । सरल र सहज भाषाको प्रयोगले यो कविता सङ्ग्रह बोधगम्य बनेको छ ।

## ४.७ सपनामाथि उभिएर कवितासङ्ग्रहको विश्लेषण

### ४.७.१ विषय परिचय

**सपनामाथि उभिएर** कविताहरूको सङ्ग्रह कवि विष्णु सुवेदीको तेस्रो फुटकर कविता सङ्ग्रह हो । २०६४ सालमा प्रकाशित यो कृति तीन स्रष्टा कवि विष्णु सुवेदी, गीतकार कवि भोजराज न्यौपाने र गजलकार चिरञ्जिवी मास्केको संयुक्त प्रयास हो । **विधवा भाउजूहरूको देश** कविता सङ्ग्रहको सफलता पछि कविता लेखनमा उनको कलम अझ तिखारिदै अघि बढ्यो । उनका प्रकाशित अप्रकाशित कविताहरूको सङ्ग्रह **सपनामाथि उभिएर** हो । १९ वटा फुटकर कविताहरू सङ्ग्रहित यो कृति सानो र छरितो खालको रहेको छ । इन्द्रेणी साहित्य समाजबाट प्रकाशित यस कृतिको मुद्रण डल्फिन अफसेट प्रेसबाट भएको हो । यस कृतिको मूल्य रु.७५ र संस्थागत रु.१५० राखिएको छ । यसमा लघु आयामका कविताहरू रहेका छन् । जम्मा ८१ पृष्ठसम्म फैलिएको यस संयुक्त कविता सङ्ग्रहमा सुवेदीका कविताहरू कविताखण्डमा ३३ पृष्ठ सङ्ख्यामा फैलिएको छ । यस सङ्ग्रहमा **कवितामा इतिहासको रन्को** शीर्षकमा श्यामलको भूमिका रहेको छ । यस सङ्ग्रहका बारेमा **स्वगत** शीर्षकमा कविले आफ्ना भनाइहरू व्यक्त गरेका छन् । यस सङ्ग्रहमा

जम्मा १९ वटा कविताहरू रहेका छन् । यो विभिन्न पत्र–पत्रिकामा प्रकाशित र केही अप्रकाशित कविताहरू समेतको सङ्ग्रहका रूपमा रहेको छ । **नौलो विहानी, शब्द-संयोजन, जागृति** जस्ता पत्रिकामा फुटकर रूपमा प्रकाशित कविताहरूलाई सङ्ग्रह गरी कवि सुवेदीले कृतिलाई प्रकाशनमा ल्याएका छन् ।

यस कविता सङ्ग्रह भित्रका कविताहरू देशको वर्तमान अवस्थालाई छर्लङ्ग पार्न सफल छन् । सुवेदीले जनसरोकारका विषयमाथि टिप्पणीका साथै मकै बेच्न बसेकी केटीको कथासहित नेपाली जनताले भोग्नुपरेका पीडा, व्यथा, समसामयिक विषयवस्तुलाई आफ्ना कवितामार्फत् उतारेका छन् । नआँत्ती, नतर्सी अगाडि बढेमा दुःखकै बाटो हिडेर पनि शिखर पुग्ने विश्वास उनका कवितामा व्यक्त भएका छन् । एकदिन जोकोहीले पनि मृत्युको पासमा पर्नुपर्ने भएकाले षड्यन्त्र, दाउपेच र स्वार्थको पछि नलाग्न **तिमी मृत्यु र म** मार्फत् आग्रह गर्नुभएको छ । गाउँको समस्यालाई कहिल्यै गम्भीर ढङ्गले नहेर्ने काठमाडौँ प्रवृत्तिलाई व्यङ्ग्य गर्दै **काठमाडौँ बुझ्पचाउँदो रहेछ** कविता मार्फत् हुम्लामा सकिएको नुन, जुम्लामा निखिएको तेललाई टेलिभिजन र पत्रिकामा मात्र बुझ्न चाहने सिंहदरवारवासीलाई झापड हानिएको छ । कवि राष्ट्रिय अखण्डता र सार्वभौमिकतालाई बलात्कार गर्नेलाई चारवटा प्रश्न सोध्दै जवाफ चाहन्छन् । कवि सुवेदी जनताको नोकर भएर जनतालाई नै नभेट्ने मालिक भनाउँदो नेतालाई उसले लगाएको दौरा, सुरुवाल कोटको आधिकारिकता माथि प्रश्न गर्छन् । कवि एक दिन समय रोकिने प्रण गर्दै कुनै दिन तानाशाहीले कठघरामा उभिएर जनताद्वारा सजाय पाउने कुरा व्यक्त गर्द छन् । कवि सपना देख्छन् सुन्दर समृद्ध समाजको, तानाशाही ढलेको, जनताले अधिकार पाएको र स्वतन्त्र नेपालको ।[107]

कवि देशभक्तिमा ज्यान अर्पने सहिदप्रति यसरी भक्तिभाव प्रकट गर्छन्,

उनको एउटा देश थियो
त्यही सत्ता र शक्तिको भरमा
निमुखा र गरिब प्रजामाथि
राजा, मनोमानी शासन गर्थे .....।

( एउटा आधुनिक दन्त्यकथा, पृष्ठ ७२)

[107] आनन्द श्रेष्ठ, **सपनामाथि उभिएर हेर्दा**, रोल्वालिङ टाइम्स,२०६५ ।

राजनीतिक सामाजिक र प्रेमको पेरिफेरीमा लेखिएको विष्णु सुवेदीका कविता आमपाठकलाई सजिलै आकर्षित गर्ने खालका छन् ।

जब मान्छेहरू उठे
र हावामा हातहरू हल्लाए
तब जुरुक्कै उठ्यो बस्ती
जुरुक्कै उठे नउठेकाहरू ।

### ४.७.२ शीर्षक

विष्णु सुवेदीको **सपनामाथि उभिएर** शीर्षकको कविता सङ्ग्रहभित्रका कविताहरू शीर्षक चयनका दृष्टिले विविध किसिमका तर उचित र सुहाउँदा देखिन्छन् । अभिधात्मक, लक्षणात्मक, बिम्बात्मक, प्रतीकात्मक किसिमका शीर्षकहरू मध्ये रहने भएता पनि **सपनामाथि उभिएर** शीर्षकको कविता सङ्ग्रहमा अधिकांशतः अभिधात्मक शीर्षकहरू रहेको पाइन्छ । समग्र रचनाभित्रका कुराहरूलाई शीर्षकले सोझै अर्थात् अभिधा तहमा अर्थ अभिव्यञ्जित गरेको देख्न सकिन्छ ।

**(क) अभिधात्मक**

प्रस्तुत कविता सङ्ग्रहभित्र रहेका **दुःखको रङ्ग, तिमी मृत्यु र म, मकै नानी, काठमान्डौं बुझ्पचाउँदो रहेछ** आदि कविताका शीर्षकहरू अभिधात्मक रहेका छन् ।

**(ख) प्रतीकात्मक**

यस सङ्ग्रहभित्रका कविताहरू मध्ये **एउटा आधुनिक दन्त्य कथा, नयाँ क्यालेन्डर,** जस्ता कवितालाई प्रतीकात्मक शीर्षकको उदाहरणको रूपमा लिन सकिन्छ ।

**(ग) बिम्बात्मक**

कवितामा प्रस्तुत हुने कुनै पनि विम्वलाई शीर्षकमा नै प्रस्तुत गरिएका कविताहरू यस कोटिमा पर्दछन् । यसका उदाहरणमा **बन्दुकको पर्खाल** शीर्षकको कवितालाई लिन सकिन्छ ।

**(घ) लक्ष्यार्थ**

शीर्षकले रचना सन्दर्भलाई नै लक्ष्यात्मक रूपमा प्रस्तुत गर्ने कविताहरूलाई यसको उदाहरण मान्न सकिन्छ । **विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा, जब बस्तीहरू उठे , त्यतिबेला रोकिनेछ समय** जस्ता कविताहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ ।

**४.७.३ संरचना**

संरचनाका दृष्टिले यस कविता सङ्ग्रह लघु आकारको छ । जम्मा १९ वटा रचनाहरूलाई ३३ पृष्ठमा समेटिएको प्रस्तुत कृतिमा रचना समावेश गर्नु भन्दा अगाडि ३ पृष्ठ सहित जम्मा पृष्ठ सङ्ख्या ३६ रखिएको देखिन्छ । यस कृतिभित्रका रचनाहरूको संरचनाहरूलाई हेर्दा लघु एवम् मझौला आकारको संरचनात्मक स्वरूप देख्न सकिन्छ ।

यस कवितासङ्ग्रहका कविताहरूमध्ये सबैभन्दा लामो कविता ५३ पङ्क्तिसम्म फैलिएर रहेको पृष्ठ ६३ को **नयाँ देवता र पण्डित बा** शीर्षकको कविता रहेको छ । त्यसैगरी सबैभन्दा छोटो कविता २४ पङ्क्तिमा आबद्ध पृष्ठ ६१ को **बन्दूकको पर्खाल** शीर्षकको कविता रहेको छ । यस सङ्ग्रहका कविताहरूको पङ्क्ति योजनालाई हेर्दा घटिमा १ शब्दको पङ्क्ति देखि बढीमा १० शब्द सम्मको रहेको छ । व्याकरणात्मक दृष्टिले यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त भाषिक चिह्नहरूको प्रयोगलाई हेर्दा क्रमशः पूर्ण विराम (।) ५४, अल्पविराम(,) ५५, प्रश्नवाचक (?) ३१, उद्गार ("") ३, विष्मयादी-बोधक (!) ५४, वैकल्पिक (/) ४, योजक(-)२७, अपूर्ण संकेत चिह्न(.....)११ आदि चिह्नहरूको प्रयोग भएका छन् । यसरी हेर्दा अत्याधिक चिह्नको प्रयोगमा अल्पविराम चिह्न देखिन्छ भने कम चिह्नको प्रयोगमा उद्गार चिह्न देखिन्छ । यस सङ्ग्रहका १९ वटै कविताहरू विभिन्न पङ्क्ति समूहमा आवद्ध भएका छन् ती पङक्ति समूहहरूको संरचनामा एकरूपता पाइदैन । पङ्क्ति समूहको विभाजनमा कुनै चिह्न वा सङ्केतको प्रयोग गरिएको छैन । यस सङ्ग्रहका कविताहरू भावको प्रस्तुतिका दृष्टिले श्रृङ्खलित रूपमा आएका छन् जसले गर्दा कविताहरू सहज र सरल बनेका छन् । यस सङ्ग्रहका कविताहरू प्रगीतात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### ४.७.४ लयविधान

यस कविता सङ्ग्रहका लयविधानको अध्ययन आवाश्यक देखिन्छ । काव्यिक संरचनाहरूमा पनि लयविधानलाई पनि अति आवाश्यक तत्वका रूपमा लिने गरिन्छ । लय विधानका दृष्टिले हेर्दा **सपनामाथि उभिएर** शीर्षकको कविता सङ्ग्रह सबल एवम् सशक्त रहेको देखिन्छ । सम्पूर्ण संरचनाहरू मुक्त एवम् गद्य लयमा संरचित रहेका छन् । कुनै किसिमका नीति नियममा नबाँधिइकन मुक्त रहेर लेखिएका यस कृतिका रचनाहरू मुक्त एवम् गद्य लयमा हुँदाहुदै पनि यिनमा संयोजित आन्तरिक लयले समग्र रचनाहरूलाई माधुर्यपूर्ण बनाएको पाइन्छ । कुनै पनि शास्त्रीय छन्दका परिधिभित्र नरहेर लेखिएका प्रस्तुत कृतिका रचनाहरूमा भएको आन्तरिक लयले समग्र रचनाहरूलाई मिठासपूर्ण मधुर एवम् पठनीय तुल्याएका छन् । गद्यलयमा रहँदारहँदै पनि कुनै न कुनै रूपमा यस कृति भित्रका रचनाहरूमा गरिएको अनुच्छेद विभाजन, विभिन्न विराम चिन्हको प्रयोग, अनुप्रासयुक्त शब्द संयोजन, वर्णगत समानान्तरता, शब्द द्वित्व, पदावलीगत समानान्तरता, शब्दको पुनरावृत्तिले प्रस्तुत कृतिको लय विधानलाई सबल सशक्त एवम् समृद्ध तुल्याएको मान्न सकिन्छ । यस तथ्यलाई निम्न उदाहरण द्वाराप्रस्ट पार्न सकिन्छ ।

**वर्णगत समानान्तरता**

दु:खमा हाँस्ने पो मानिस हुन्छ ।

(दु:खको रङ्ग, पृष्ठ ५०)

तिमी र म दुबैले बुझ्केको परम सत्य यही हो,
फर्कनु पर्ने छैन फेरि यो दुनियाँतिर,

(तिमी, मृत्यु र म, पृष्ठ ५१/५२)

सिंहदरवार नजिकैको टेलिभिजनले

(काठमाडौं बुझ्क पचाउँदोरहेछ, पृष्ठ ५५)

हो हामी तिम्रा जुत्ताका तलुवा हुन चाहन्नौ,

(विषय वा प्रसङ्गले अर्को अर्थ....पृष्ठ ५९)

बन्दुकको पर्खालले पनि छेक्न सक्दो रहेनछ,

(बन्दूकको पर्खाल, पृष्ठ ६१)

तानाशाहा मान ढलेको शानमा उभिँदो रहेछ

(तानाशाहको शब्दकोश, पृष्ठ ६६)

तिम्री बहिनीहरू भएकी भए तिमी के गर्थ्यौ,

(चार प्रश्न, पृष्ठ ६८)

कान थिए उनका तर सुन्दैनथे उनले
त्यसैले त तँलाई सबै कुरा भनिन नि छोरा !

(एउटा आधुनिक दन्त्यकथा, पृष्ठ ७२/७३)

यदाकदा उ मलाई छल्छ

(मेरा सपनाहरू, पृष्ठ ८१)

**शब्दको पुनरावृत्ति**

ऊ पोलिरहन्छे मकैसँगै आफ्ना रहर, मकैसँगै आफ्नो आयु

(मकै नानी, पृष्ठ ५४

पानी पानी हुन्छ मन,

(अर्को दुर्घटनाको पर्खाइ, पृष्ठ ५७)

नयाँ देवताको नयाँ चित्र,

(नायाँ देवता र पण्डित बा, पृष्ठ ६४)

मन हुँदैन, कान हुँदैन र हुँदैन आँखा,

(तानाशाहको शब्दकोश, पृष्ठ ६६)

प्रजा भोकै भए पनि, नाङ्गै देखिए पनि

(एउटा आधुनिक दन्त्यकथा, पृष्ठ ७३)

**पदावलीगत समानान्तरता**

तिमी पनि मर्नेछौ
र म पनि मर्नेछु,
तिमी पनि रित्तै नाङ्गै र एक्लै
म पनि रित्तै नाङ्गै र एक्लै,

(तिमी, मृत्यु र म, पृष्ठ ५१)

ऊ झरी भन्दिन
ऊ घाम भन्दिन,

(मकै नानी, पृष्ठ ५३)

हाम्रो पनि तिम्रो जत्तिकै अधिकार छ
हाम्रो पनि तिम्रो जत्तिकै विश्वास छ,

(विषय र प्रसङ्गले अर्को अर्थ.....पृष्ठ ६०)

बच्चाहरूले देखें
वृद्धहरूले देखें,

(जब बस्तीहरू उठे, पृष्ठ ६२)

खोई हाम्रा छोराहरू
खोई हाम्रा छोरीहरू,

(त्यतिवेला रोकिनेछ समय, पृष्ठ ६८)

यदाकदा ऊ मलाई छल्छ

यदाकदा म उसलाई छल्छु,

(मेरा सपनाहरू, पृष्ठ ८१)

**वाक्यगत समानान्तरता**

दुःखको रङ्ग र
जीवनको रङ्ग उस्तै-उस्तै हुन्छ क्यारे
जति हेऱ्यो उति गाढा
जति भोग्यो उति आफ्नो,

(दुःखको रङ्ग, पृष्ठ ५०)

थाहा छ, एकदिन
तिमी पनि मर्नेछौ
र म पनि मर्नेछु
त्यसबखत-
मृत्युको मुखबाट
न तिमी फुत्कनेछौ
न म नै जोगिने छु
तिमी र म दुबैले बुझेको परम् सत्य यही हो,

(तिमी, मृत्यु र म, पृष्ठ ५१)

उसको काम मकै पोल्नु
दुई-चार रूपैया जम्मा पार्नु
त्यसैले छाक टार्नु
च्यात्तिएको चोलो टाल्नु
अध्यारो भविष्य फोर्नु
उज्यालो भविष्य कोर्नु
थोरै रहर पूरा गर्नु !

(मकै नानी, पृष्ठ ५३)

काठमाडौँ, पहाडका लागि,
तराईका लागि
विदेशी अनुदानले
गोष्ठि गर्छ

(काठमाडौं बुझ पचाउँदोरहेछ, ५६)

पदावलीगत समानान्तरता र वाक्यगत समानान्तरतामा रहेका अनुप्रसले कविताको लय सिर्जनामा अझ सहयोग पुऱ्याएको पाइन्छ ।

**शब्द-द्वित्व**

कतिपय कविताहरूमा प्रयुक्त शब्द द्वित्वले कविताको लय सिर्जनामा थप सहयोग पुऱ्याएको देखिन्छ,

सुखैसुख, उस्तै-उस्तै,

असिन-पसिन, पानी पानी,
छिया-छिया, सबै-सबै,
पूजा-आजा, पटक-पटक,
को-को, हिसाब-किताब,
पछि-पछि, अघि-अघि ।

### ४.७.५ भावविधान

भावविधान रचनाको मेरुदण्ड हो । भावविधानले नै रचना अर्थात् कृतिको अस्तित्व स्थापित गरिदिन्छ । भाव विधानका दृष्टिले कवि विष्णु सुवेदीको **सपनामाथि उभिएर** शीर्षकको कृति मिश्रित रूपको देखिन्छ । प्रस्तुत कृतिभित्रका रचनामा विविध भाव संयोजन गरिएको पाइन्छ । सामाजिक जीवनको यथार्थ, मातृभूमि प्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, विकृति र विसङ्गतिको चङ्गुलमा पसेको वर्तमान मान्छेबाट अपहरित भएको मानवता, तानाशाह र एकादेशमा भनिएका राजाहरूको कर्तुत, जीवन भोगाइ आदिको विषय सन्दर्भलाई प्रस्तुत कृतिभित्रको भावमय प्रस्तुतिमा समेटिएको छ । यी यस्ता भावलाई स्रष्टा विष्णु सुवेदीले आफ्नो प्रस्तुत कृतिमा अत्यन्तै सहज र सबल एवम् शसक्त रूपमा संयोजन गरेका छन् । जसले गर्दा प्रस्तुत कृति भित्रका सम्पूर्ण रचनाहरू भावमय एवम् पठनीय बनेका छन् । सबै सेवा र सुविधाहरू केन्द्रमा नै निहित भएको र त्यो केन्द्र काठमाडौं मात्र सिमेन्टको जङ्गलको रूपमा संवेदनाहीन भएको भाव कविले आफ्ना कविता मार्फत् व्यक्त गरेका छन् । भोलिको सुनौलो सपना लिएर आजको वर्तमान बाँच्न विवश मान्छेले सपना देख्न कहिल्यै छोड्न नहुने र एकदिन त्यो सपना साकार हुन्छ भन्ने आशा कविले लिएका छन् । सुवेदीका कविताहरू वर्तमानमा टेकेर सुनौलो भविष्यको चित्र कोर्न सफल देखिन्छन् । गरिबले भोग्नु परेको पीडा, जीवनमा आइपरेका दुःख कष्ट, देशको हिजोको चित्रण, दुर्घटनाहरूको महामारी, राजनीतिक मनोमानी र भ्रष्टाचारी प्रवृत्तिका साथ आशा, निराशा र वेदनाले भरिएका भावहरू पूरै कृतिभरि छरिएर रहेका छन् । यी र यस्तै भावहरूलाई पुष्टि गर्न यस कृतिभित्रका कविताका केही अंशहरूलाई यहाँ प्रस्तुत गरिन्छ,

एक दिन इतिहासको
कठघरामा उभ्याइने छ तिमीलाई !
र सोधिने छ एक एक गरी
तिमीले गरेका सारा कर्तुतहरू !
त्यसबेला
तिमीले भन्नुपर्ने छ माटो छोएर। (त्यतिबेला रोकिनेछ समय, पृष्ठ ७८)
एकादेशमा
एउटा राजा थिए
राजाका प्रजा थिए ।
उनको एउटा देश थियो
त्यही,
सत्ता र शक्तिको भरमा
निमुखा र गरिब प्रजामाथि
राजा, मनोमानी शासन गर्थे ! (एउटा आधुनिक दन्त्यकथा, पृष्ठ ७२)
काठमाडौँ, सिमेन्टको जङ्गल हो
योसँग मन छैन
र त ताप्लेजुङ्गको घाउमा ओखती दल्दैन
सोलुको पीडालाई बाँड्न चाहदैन
मात्र म हूँ भन्ने अहम् पाल्छ काठमाडौँ (काठमाडौँ बुझ्न पचाउँदोरहेछ, पृष्ठ ५६)

### ४.७.६ कथनपद्धति

अभिव्यक्ति प्रस्तुति गर्दा स्रष्टाले लिएको स्थानका आधारमा कथन पद्धतिको निक्यौल गर्न सकिन्छ ।यस दृष्टिले हेर्दा स्रष्टा विष्णु सुवेदीको **सपनामाथि उभिएर** शीर्षकको कृतिभित्र मिश्रित रूप देख्न सकिन्छ । अधिकांशतः कवि प्रौढोक्तिको प्रयुक्ति देखिन्छ । यद्यपि केही रचनाहरूमा त दुवै कथन कलाको प्रयोग पाउन सकिन्छ । माथि उल्लेखित गरिएझैँ अधिकांश रचनाहरूमा कवि कथनको आत्मालापीय कथनकला प्रयोग गरिएको पाइन्छ । प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरी लेखिएका यस्ता रचनाहरूको बाहुलता प्रस्तुत कृतिमा देखिन्छ । त्यसैगरी

तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग पनि प्रस्तुत कृतिमा पाउन सकिन्छ । अभिव्यक्तिको प्रस्तुतिमा स्रष्टा आफैँ उभिएका रचनाहरू कविप्रौढोक्तिका रूपमा प्रस्तुत कृतिमा आएका छन् भने अभिव्यक्ति प्रस्तुत गर्दा स्रष्टाले अन्य कसैलाई उभ्याएका रचनाहरू कविनिबद्धवक्तृप्रौढोक्तिका रूपमा यस कृतिभित्र रहेको पाइन्छ । त्यसैगरी एकै रचनाभित्र मिश्रित कथन पद्धतिको प्रयोग गरिएका रचनाहरू पनि स्रष्टा विष्णु सुवेदीको यस कृतिमा पाउन सकिन्छ । कथन पद्धतिका विविध रूपरङ्गहरूमध्येबाट कविप्रौढोक्तिको प्रयोग भएको कविताका. उदाहरणः

म जन्मिएँर
र त मसँगै
मेरा सपनाहरू !
.......मसँगै सुत्छ, मसँगै उठ्छ !
सपनाबिनाको म
र म बिनाको सपना
कसरी हुन्छ पूरा ?

(मेरा सपनाहरू, पृष्ठ ८०/८१)

## ४.७.७ भाषाशैली

भाषाले सिर्जनालाई अभिव्यक्तिको स्वरूप प्रदान गर्दछ भने शैलीले अभिव्यक्तिलाई सुललित, सुबोध्य एवम सुस्वाद्य बनाउने काम गर्दछ । भाषाशैलीका कोणबाट हेर्दा कवि विष्णु सुवेदीको **सपनामाथि उभिएर** शीर्षकको कविता सङ्ग्रह अत्यन्तै सरल, स्वभाविक, सहज, सुबोध्य एवम् व्यञ्जनायुक्त, ललित, लयात्मक देखिन्छ । जुनसुकै रचनामा पनि कवि विष्णु सुवेदी सजिलो, स्वाभाविक, सुकोमल, सुललित भाषा प्रयोग गर्न रुचाउँछन् भने सहज ललित व्यञ्जनायुक्त र लयात्मक शैलीको प्रयोग गर्दछन् । स्रष्टा सुवेदी कहीँ कतै पनि रचनामा क्लिष्ट, दुरुह भाषाको प्रयोग गर्दैनन् । प्रायः सामान्य पाठकले पनि बुझ्न सकिने सजिलो सरस भाषालाई स्रष्टाले प्रयोग गरेको देखिन्छ । भाषिक सरलता , सरसता, स्वाभाविकता पाइने कवि सुवेदीको **सपनामाथि उभिएर** शीर्षकको कविता कृतिको शैली पनि सुललित र सहज देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग प्रशस्त गरिएता पनि कवितालाई जटिल र क्लिष्ट भने बनाएको पाइँदैन ।

यस सङ्ग्रहका कविताहरूमा प्रशस्त मात्रामा खण्डित भावको प्रयोग, विम्वको प्रयोग, प्रतीकको प्रयोग गरिएको छ । जसको प्रयोगले कवितालाई आलङ्कारिक र चमत्कारपूर्ण बनाएको छ । काव्यिक रचनाहरूलाई काव्यमय, सुललित बनाउनका लागि अलङ्कार वा बिम्ब, प्रतीकको प्रयोग गरिन्छ । यद्यपि यी तत्वहरू कवितामा स्वाभाविक र स्वतस्फूर्त रूपमा आएका छन् ।

व्याकरणात्मक दृष्टिले यस कविता सङ्ग्रहका कविताहरूमा अर्ध विराम चिह्नदेखि प्रायः सम्पूर्ण चिन्हहरूको प्रयोग गरिएको छ । कविताहरूमा प्रशस्त मात्रामा पङ्क्तिहरूको पदक्रममा विचलन आएको छ । यस सङ्ग्रहका कविताहरूमा परम्परित व्याकरणका दृष्टिले क्रियाविहीन पङ्क्तिहरू देखिएता पनि तिनको स्वाभाविक प्रयोग भएको पाइन्छ । कविताहरूमा सरल, सहज र सामान्य पाठकले सहज रूपमा बुझ्न सक्ने भाषा शैलीको प्रयोग गरिएको पाइन्छ ।

**बिम्बका केही उदाहरणहरू**

अकबरी खोर्सानी, अक्करको फूल, चिप्लो ढुङ्गा, जलेको, बलेको, डढेको, गायक, पहाडभन्दा गह्रुङ्गो मृत्यु, सिमकाँडाको घेरा, पसिना र आँसुका थोपाहरू, च्यात्तिएको चोलो जस्ता बिम्बहरूको प्रयोग यस सङ्ग्रहका कविताहरूमा गरिएको छ ।

**प्रतीक**

हिटलर, इदि अमिन, खुट्टा, धेरै पुरानो जुत्ता, काठमाडौँ, नयाँ क्यालेन्डर जस्ता प्रतीकहरूको प्रयोगले कवितालाई बौद्धिक बनाएका छन् ।

**उपमा**

यस सङ्ग्रहका कविताहरूमा प्रशस्त उपमाहरूको पनि यथोचित प्रयोग गरिएको छ,

उत्ताउलो सपनाजस्तो
सुनजस्ता पहेँला मकै,

(मकै नानी, पृष्ठ ५३)

जिन्दगीजस्तै अलिनो तिउन,

(काठमाडौँ बुझ्न पचाउँदोरहेछ, पृष्ठ ५५)

पानीको फोकाजस्तो,

(बन्दुकको पर्खाल, पृष्ठ ६१)

आवाजहरू बमजस्तै,

(जब बस्तीहरू उठे, पृष्ठ ६२)

भ्यागुतोजस्तै खुसीले उर्फी,

(नयाँ क्यालेन्डर, पृष्ठ ६७)

कुनै विशाल वृक्षका जराजस्तै

(मेरा सपनाहरू, पृष्ठ ८०)

**अङ्ग्रेजी शब्द**

एम्बुलेन्स, साइरन, बम, क्यासिनो, लोगो जस्ता अङ्ग्रेजी अनुकरणात्मक शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहका कविताहरूमा गरिएको छ ।

**अनुकरणात्मक शब्द**

गर्ल्याम गुर्लुम

(सहिदको मृत्युमा, पृष्ठ ७१)

**आदि अनुप्रास**

हुम्लामा नुन सकिएको कुरा गर्छ
जुम्लामा तेल निखिएको कुरा भन्छ,

(काठमाडौँ बुझ्न पचाउँदोरहेछ, पृष्ठ ५५)

खोज्दै छन् अर्को सपना
रोज्दै छन् अर्को गाउँ
सोच्दै छन् अर्कै नयाँ देवता,

(नयाँ देवता र पण्डित बा, पृष्ठ ६४)

**अन्त्यानुप्रास**

तिम्रो उपस्थिति देखिने छैन
तिम्रो पदचाप सुनिने छैन,

(तिमी, मृत्यु र म, पृष्ठ ५१)

अध्यारो भविष्य फोर्नु
उज्यालो भविष्य कोर्नु,

(मकै नानी, पृष्ठ ५३)

काठमाडौँले विचित्रको सपना पाल्दोरहेछ
काठमाडौँमा एकाबिहानै सूर्य ढल्दोरहेछ,

(काठमाडौँ बुझ्न पचाउँदोरहेछ, पृष्ठ ५६)

नयाँ वर्ष आँगनमा आउँदैन
नयाँ वर्ष घरभित्र छाउँदैन,

(नयाँ क्यालेन्डर, पृष्ठ ६७)

**कथ्य भाषाको प्रयोग**

पोल्टा, ओखती, हुस्सु, तिउन, फुच्चे, एका-दुई, प्वाँखे यस्ता प्रकारका कथ्य भाषाको प्रयोग पनि यस कृतिमा यत्रतत्र पाइन्छ ।

**पदक्रममा विचलन**

यस कृतिका कविताहरूमा पनि अघिल्ला कृतिका कविताहरूमा जस्तै पदक्रममा विचलन देख्न सकिन्छ,

| विचलन | ठीक पदक्रम |
|---|---|
| दुःख त कसलाई पो मनपर्छ र ? | कसलाई पो दुःख मनपर्छ र ? |
| बिहान सबेरै जानु मकैबारी | बिहान सबेरै मकैबारी जानु |
| बोलाएर सबै गाउँलेहरूलाई | सबै गाउँलेहरूलाई बोलाएर |
| महल बनाउने धुनमा तिमी | तिमी महल बनाउने धुनमा |
| म अभिवादन गर्दछु तिम्रो मृत्युलाई | म तिम्रो मृत्युलाई अभिवादन गर्छु |

**भावमा विचलन**

म घाम पनि पग्लेको देख्छु
म पानी पनि जमेको देख्छु

(अर्को दुर्घटनाको पर्खाइ, पृष्ठ ५७)

मरेका भनिएका युगौं बाँच्दा रहेछन्

(सहिदको मृत्युमा, पृष्ठ ७१)

**खण्डित भावको प्रयोग**

तर मलाइ-

(दु:खको रङ्ग, पृष्ठ ४९)

तिम्रो एकलौटी हुनै सक्दैन.....

(विषय वा प्रसङ्गले अर्को...६०)

पल्लाघरको, तल्ला गाउँको....

राजधानीमा महल......

नर्क धसिनेगरी....

(नयाँ देवता र पण्डित बा, पृष्ठ ६३/६४)

एउटा पाठ्यक्रम......

(नयाँ क्यालेन्डर, पृष्ठ ६७)

उठ ! मान्छेहरू....

(नयाँ सालको अघिल्लो रात, पृष्ठ ७७)

म युवा हुँदा....

सपना पछि पछि....!

(मेरा सपनाहरू, पृष्ठ ८०/८१)

प्रस्तुत कविताशंमा सामान्य पाठकका लागि पनि बोध्य भाषाको प्रयोग त्यसैगरी जनबोलीका शब्दहरूको प्रयोग देख्न सकिन्छ । त्यसैगरी अनुप्रासको उचित संयोजनले कवितामा प्रशस्त माधुर्यता पाउन सकिन्छ ।

**४.७.८ निष्कर्ष**

**सपनामाथि उभिएर** (२०६४) कविता सङ्ग्रह कवि विष्णु सुवेदीको तेस्रो प्रकाशित कविता सङ्ग्रह हो । सपनामाथि उभिएर कृति तीन युवा साहित्यकारहरूको संयुक्त प्रयास हो । यसमा ३ वटा विधाहरू क्रमशः गीत, गजल र कविता रहेका छन् । सुवेदीको कविता खण्ड यस कृतिको अन्तिम खण्डको रूपमा

रहेको छ । जसअर्न्तगत सुवेदीका १९ कविताहरू सङ्ग्रृहित छन् भने ती कवितहरू मध्ये कवितपय कविताहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित समेत भइसकेका छन् ।

विष्णु सुवेदीको यस सङ्ग्रहभित्र रहेका हरेक हरफले समाजमा व्याप्त अन्याय, अत्याचार, मानवीय जीवन भोगाई जस्ता कुराहरूलाई निकै नजिकबाट नियालेका छन् जस्तो लाग्छ र वर्तमान समाज र त्यसभित्रका विसङ्गतिहरू, राजनीति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, जातजाति आदिका आधारमा समाजमा गरिने भेदभावप्रति तिव्र आक्रोश व्यक्त गर्दै समतामूलक समाजको चाहना व्यक्त गरेका छन् । गद्यलयमा लेखिएका यस कृतिका कविताहरूमा अनुप्रासयुक्त शब्दहरूको सुसंयोजनले गर्दा आन्तरिक लयको सिर्जना भएको छ । जसकारण यस सङ्ग्रहका कविताहरू श्रुतिमधुर र सुरम्य बनेका छन् । स्वतःस्फूर्त स्वाभाविक रूपमा आउने बिम्ब र प्रतीकको प्रयोगले गर्दा यस कृतिको गरिमा अझ माथि उठेको छ। सरल र रहज भाषाको प्रयोगले यो कविता सङ्ग्रह बोधगम्य बनेको छ ।

## ४.८ बूढो माझी कवितासङ्ग्रहको विश्लेषण

### ४.८.१ विषय परिचय

**बूढो माझी** कविता सङ्ग्रह कवि विष्णु सुवेदीको चौथो फुटकर कविताहरूको सङ्ग्रह हो । **ती फूलहरू खै ?, विधवा भाउजूहरूको देश, सपनामाथि उभिएर** जस्ता कविता सङ्ग्रहको सफलता पछि उनका प्रकाशित अप्रकाशित कविताहरूको सङ्ग्रह **बूढो माझी** हो । ३४ वटा फुटकर कविताहरू सङ्ग्रृहित यो कृति सानो र छरितो खालको रहेको छ। सम्पदा अन्वेषण तथा विकास मञ्च, नेपालबाट प्रकाशित यस कृतिको मुद्रण हाइडल प्रेस प्रा.लि. डिल्लीबजारबाट भएको हो । यस कृतिको मूल्य रु.१०० र संस्थागत रु.२०० राखिएको छ। यसमा लघु र मझौला आयामका कविताहरू रहेका छन् । जम्मा ७१ पृष्ठसम्म फैलिएको यो कविता सङ्ग्रह रचना बाहेक अन्य १७ पृष्ठ सङ्ख्या गरी जम्मा ८८ पृष्ठ रहेको छ । यस सङ्ग्रहमा **अक्षरहरूबाट बाहिर निस्केर** शीर्षकमा विप्लप ढकालको भूमिका रहेको छ । यस सङ्ग्रहका बारेमा **पाठकहरूको अदालतमा** शीर्षकमा कविले आफ्ना भनाइहरू

राखेका छन् । अन्तिम पृष्ठमा **साथीको आँखामा बूढो माझी** शीर्षकमा विर्ख क्रान्तिको समीक्षात्मक टिप्पणी रहेको छ । विभिन्न पत्र–पत्रिकामा प्रकाशित र केही अप्रकाशित फुटकर कविताहरूको सङ्ग्रहका रूपमा बूढो माझी रहेको छ । **दोलखा डट. कम., वेदना, बुकी, कौशिकी, स्मारिका, बिहानी, रोल्वालिङ टाइम्स** जस्ता पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित कविताहरूलाई सङ्ग्रह गरी कवि सुवेदीले यस कृतिको प्रकाशन गरेका छन् ।

यस सङ्ग्रहका बारेमा कवि विप्लप ढकाल भन्छन्,

कवि विष्णु सुवेदीले जीवनका दुःखहरूलाई आफ्ना कविताको विषय बनाएका छन् । उनका कविताहरू गाउँका मानिसहरूजस्तै सरल र सोझा छन् । गाउँका संवेदना र गाउँका विम्वहरूले यी कविताहरूमा एउटा उन्मुक्त जीवनको सृष्टि गरेका छन् । उनका कविताहरूमा कवि आफू बाँचेको समयको त्रासदीहरूलाई इमान्दारिपूर्वक अभिव्यक्त गरेका छन् । उनको कविताहरूमा लामो द्वन्द्वको पीडाबाट छटपटाईरहेको असङ्ख्य मानिसहरूको चित्कार सुनिन्छ । मान्छेका स्वतन्त्रताका आवाजहरू सुनिन्छ । उनले सरल कविताभित्र जटिल जीवनका जटिल विम्वहरूलाई जीवन्त र आकर्षण ढङ्गले सजाएका छन् ।[१०८]

कवि विष्णु सुवेदीले समाजको समग्र पक्षलाई अत्यन्त गहिराईमा पुगेर कविलाको माध्यामबाट राष्ट्रिय समस्यादेखि स्थानीय तहका सामाजिक विषयवस्तुहरू समेटेर बूढो माझी कविता सङ्ग्रह तयार गरेका छन् । उनले माझी बस्तीका पीडादेखि रेखा दमाईका मृत्युसम्मका समाजमा रहेका समसामयिक विषयवस्तुका साथै विकृति र विसङ्गतिलाई कविताको ऐनामार्फत् प्रस्तुत गर्न खोजेका छन् ।[१०९]

विष्णु सुवेदीको चौथो कृति **बूढो माझी** कविता सङ्ग्रहमा कविले समाजमा देखिएका विसङ्गति, विकृतिको भण्डाफोर गरेका छन् । उनका प्रत्येक कविताले मानवताको स्वर सुसेलेका छन् । नेपालभित्रका विभिन्न सामाजिक चालचलन र

---

[१०८] विप्लप ढकाल, **अक्षरहरूबाट बाहिर निस्केर**, 'भूमिका' बूढो माझी, २०६८ ।

[१०९] **प्रकाशकीय**, बूढो माझी, २०६८ ।

वर्गीय विभेदका साथै द्वन्द्वको परिणाम भोग्न बाध्य नेपालीहरूको कारूणिक स्वर गुन्जाएका छन् । समाज परिवर्तनको चाहना, निश्छल प्रेमको कामना, रित्तिदै गएको गाउँको विवशता, समाजमा पिछडिएकाहरूको यथार्थ चित्रण, ईश्वरको नाउँमा हुने गरेको देखावटीपना, आरोपित बोक्सी आमाहरूको क्रन्दन आदिलाई यस कृतिका रचनाहरूले आफ्ना विषयवस्तु बनाएका छन् । साथै यस सङ्ग्रहका कविताहरूले मानवीय मूल्य र मान्यता बोकेका, शान्ति र एकताको चाहना लिएका छन् । यस कृतिलाई गुणात्मक रूपमा एक उत्कृष्ट कृति मान्न सकिन्छ ।

### ४.८.२ शीर्षक

यस कविता सङ्ग्रहभित्रका कविताहरू शीर्षक चयनका दृष्टिले विविध किसिमका तर उचित र सुहाउँदा देखिन्छन् । यस कविता सङ्ग्रहमा अधिकांशतः अभिधात्मक शीर्षकहरू रहेको पाइन्छ । समग्र रचनाभित्रका कुराहरूलाई शीर्षकले सोझै अर्थात् अभिधा तहमा अर्थ अभिव्यञ्जित गरेका रचनाहरू प्रस्तुत कृतिभित्र देख्न सकिन्छ, जस्तैः

#### (क) अभिधात्मक

**बूढो माझी** शीर्षकको कविता सङ्ग्रहभित्रका कविताहरूमध्ये अधिकांश कविताको शीर्षकहरू भिधात्मक रहेका छन् । प्रस्तुत कविता सङ्ग्रहभित्र रहेका **मेरी आमाको पाठशाला, म त्यही बूढो प्रेमी, फूलमायाको डायरी, बूढो माझी, भ्रुण आवाज** आदि कविताका शीर्षकहरू अभिधात्मक रहेका छन् ।

#### (ख) प्रतीकात्मक

यस कविता सङ्ग्रहभित्र यस किसिमका कविताहरू देख्न सकिन्छ । उदाहरणका रूपमा **मुर्दाहरू मुर्दावाद, ठिटो घाम** जस्ता कवितालाई लिन सकिन्छ ।

(ग) **बिम्बात्मक**

कवितामा प्रस्तुत हुने कुनै पनि विम्वलाई शीर्षकमा नै प्रस्तुत गरिएका कविताहरू यस कोटिमा पर्दछन् । यसका उदाहरणमा **म नदी, छेक्ने तिमी को ?, भीरको फूल, फोटोविनाको फ्रेम, सारथीहरूलाई प्रश्न** शीर्षकको कवितालाई लिन सकिन्छ ।

(घ) **लक्ष्यार्थ**

शीर्षकले रचना सन्दर्भलाई नै लक्ष्यात्मक रूपमा प्रस्तुत गर्ने कविताहरूलाई यसको उदाहरण मान्न सकिन्छ । **नरोक्नु त्यो ताँतीलाई, ईश्वर भ्रम, गाउँ छोड्नु अघि, सपनामा रेखा दमाई** जस्ता कविताहरूलाई यसको उदाहरणको रूपमा लिन सकिन्छ ।

**४.८.३ संरचना**

संरचनाका दृष्टिले स्रष्टा विष्णु सुवेदीको **बूढो माझी** शीर्षकको कविता सङ्ग्रह लघु आकारको रहेको पाइन्छ । ३४ वटा रचनाहरूलाई ७१ पृष्ठमा समेटिएको प्रस्तुत कृतिमा कविता समावेश गर्नु भन्दा अगाडि १२ पृष्ठ र रचनाको अन्तिममा ५ पृष्ठसहित जम्मा पृष्ठ सङ्ख्या ८८ रखिएको देखिन्छ । यस कृतिभित्रका रचनाहरूको संरचनाहरूलाई हेर्दा लघु एवम् मझौला आकारको संरचनात्मक स्वरूप देख्न सकिन्छ ।

यस कविता सङ्ग्रहका कविताहरू मध्ये सबैभन्दा लामो कविता ७९ पङ्क्तिसम्म फैलिएर रहेको **फूलमायाको डायरी** शीर्षकको कविता रहेको छ । त्यसैगरी सबैभन्दा छोटो कविता १९ पङ्क्तिमा आबद्ध **समयकै पुलमा** शीर्षकको कविता रहेको छ । यस सङ्ग्रहका कविताहरूको पङ्क्ति योजनालाई हेर्दा घटिमा १ शब्दको पङ्क्ति देखि बढीमा ९ शब्द सम्मको रहेको छ । व्यकरणात्मक दृष्टिले यस सङ्ग्रहका कविताहरूमा प्रयुक्त भाषिक चिह्नहरूको प्रयोगलाई हेर्दा क्रमशः पूर्ण विराम(।) ८, अल्पविराम(,) १२०, प्रश्नवाचक (?) ६३, उद्गार (“”) २, विष्मयादिबोधक (!) २८४, वैकल्पिक(/) ११, योजक(-) ८१, अपूर्ण सङ्केत(.....)२० आदि चिह्नहरूको प्रयोग भएका

छन् । यसरी हेर्दा अत्यधिक चिह्नको प्रयोगमा अल्पविराम चिह्न देखिन्छ भने कम चिह्नको प्रयोगमा उद्गार चिह्न देखिन्छ । यस सङ्ग्रहका ३४ वटै कविताहरू विभिन्न पङ्क्ति समूहमा आवद्ध भएका छन् ती पङक्ति समूहहरूको संरचनामा एकरूपता पाइदैन । पङ्क्ति समूहको विभाजनमा कुनै चिन्ह वा सङ्केतको प्रयोग गरिएको छैन । यस सङ्ग्रहका कविताहरू भावको प्रस्तुतिका दृष्टिले श्रृङ्खलित रूपमा आएका छन् जसले गर्दा कविताहरू सहज र सरल बनेका छन् । यस सङ्ग्रहका कविताहरू प्रगीतात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### ४.८.४ लयविधान

काव्यिक संरचनाहरूमा पनि लयविधानलाई पनि अति आवाश्यक तत्वका रूपमा लिने गरिन्छ । लय विधानका दृष्टिले हेर्दा **बूढो माझी** शीर्षकको कविता सङ्ग्रह सबल एवम् सशक्त रहेको देखिन्छ । सम्पूर्ण संरचनाहरू मुक्त एवम् गद्य लयमा संरचित रहेका छन् । कुनै किसिमका नीति नियममा नबाँधिइकन मुक्त रहेर लेखिएका यस कृतिका रचनाहरू मुक्त एवम् गद्य लयमा हुँदाहुदै पनि यिनमा संयोजित आन्तरिक लयले समग्र रचनाहरूलाई माधुर्यपूर्ण बनाएको पाइन्छ । कुनै पनि शास्त्रीय छन्दका परिधिभित्र नरहेर लेखिएका प्रस्तुत कृतिका रचनाहरूमा भएको आन्तरिक लयले समग्र रचनाहरूलाई मिठासपूर्ण मधुर एवम् पठनीय तुल्याएका छन् । गद्यलयमा रहँदारहँदै पनि कुनै न कुनै रूपमा यस कृतिभित्रका रचनाहरूमा गरिएको अनुच्छेद विभाजन, विभिन्न विराम चिन्हको प्रयोग, अनुप्रासयुक्त शब्द संयोजन, वर्णगत समानान्तरता, शब्द द्वित्व, पदावलीगत समानान्तरता, शब्दको पुनरावृत्तिले प्रस्तुत कृतिको लय विधानलाई सबल सशक्त एवम् सबृद्ध तुल्याएको मान्न सकिन्छ । यस तथ्यलाई निम्न उदाहरणद्वारा प्रस्ट पार्न सकिन्छ :

**वर्णगत समानान्तरता**

मेरी आमाको पाठशालामा,

(मेरी आमाको पाठशालामा, पृष्ठ १)

टिनको छाना र कानको सुनले,

(म त्यही बूढो प्रेमी, पृष्ठ ४)

टाढाकाले कुरा काटे

(पृथक एउटा रहर, पृष्ठ ५)

दिनभरि सिमल चौरको दोबाटोमा

कि लास कि सास माग्न सक्ने भएकी छु...

(फूलमायाको डायरी, पृष्ठ ७/९)

के चानचुने चुनौती हो मान्छेहरूलाई,

(भीरको फूल, पृष्ठ १९)

टाउकोभरि रहरहरूको कपाल पालेर,

(जिन्दगी बूढो उमेर, पृष्ठ ३७)

र पनि पृथ्वीको कुनै कुनामा उभिएर

नयाँ अनुहार देखाएर गरिरहनेछ घोषणा

(सुदूर भविष्यवाणी, पृष्ठ ७१)

**शब्दको पुनरावृत्ति**

कुनै फड्के थिएन, पुल थिएन

आइपुगेको छु यो धुजा-धुजा मन बोकेर

मनले मन आँखाले आँखा पढिरहन्थ्यौँ,

(म त्यही बूढो प्रेमी, पृष्ठ ३)

लासको पछि पछि,

(पृथक एउटा रहर, पृष्ठ ५)

नयाँ गीत, नयाँ पीडा, नयाँ सपना.....

(बाटोको आत्मकथा, पृष्ठ २६)

आखिर को फेरियो र के फेरियो,

(सारथीहरूलाई प्रश्न, पृष्ठ ६१)

खुट्टा ढोग भन्यो, तेल घस भन्यो,

(एक लुङ पोते, पृष्ठ ६३)

आफू देवता भएको, आफू सम्राट भएको

(सुदूर भविष्यवाणी, पृष्ठ ७१)

**पदावलीगत समानान्तरता**

म नदी रोक्ने तिमी को ?
म नदी छेक्ने तिमी को ?

(म नदी, छेक्ने तिमी को ?, पृष्ठ ११)

कोही मन फकाउन
कोही मन पकाउन,

(मुर्दाहरू मुर्दावाद, पृष्ठ १६)

खोला दाबी गर्छ
तराई दाबी गर्छ
पहाड दाबी गर्छ.....,

(छिमेकी, पृष्ठ २८)

घरी फ्रेममा राखेर हेर्छु
घरी फ्रेमबाट निकालेर हेर्छु,

(फोटोविनाको फ्रेम, पृष्ठ ३५

घरी लडेर जाने
घरी बगेर जाने,

(जिन्दगी बूढो उमेर, पृष्ठ ३८)

कतै मेरो गाउँ पनि सहर भैसक्यो कि ?
कतै मेरो गाउँ पनि रहर भैसक्यो कि ?

(गाउँ छोड्नु अघि, पृष्ठ ४९)

**वाक्यगत समानान्तरता**

र पनि, पृथ्वीको कुनै कुनामा उभिएर
भनिरहनेछ कुनै चतुर नेता
देख्नु भो मेरो नाती ?,

(सुदूर भविष्यवाणी, पृष्ठ ७१)

आँखाहरू बन्दै थिए
हातगोडाहरू तन्कदै थिए
पाठेघरको साँघुरो अँध्यारोमा
म बिस्तारै रूप लिँदै थिए ,

(भ्रुण आवाज, पृष्ठ ६६)

हो, यसरी नै उसले मेरा रहर मार्‍यो
पैताला खुम्चायो
र बनायो कैदी
एक लुङ पोतेको दाम्लोले !

(एक लुङ पोते, पृष्ठ ६३)

**शब्द-द्वित्व**

धुजा-धुजा, छिया-छिया

(म त्यही बूढो प्रेमी, पृष्ठ ३/४)

पटक-पटक,

(भीरको फूल, पृष्ठ १९)

नयाँ-नयाँ, हाँगा-हाँगा, हल्ली-हल्ली,

(सातदोबाटोमा टाउकाहरू, पृष्ठ १७/१८)

हाँसी-हाँसी, पटक-पटक

(भीरको फूल, पृष्ठ १९)

माथि-माथि, तल-तल,

(मान्छे भन्नेहरूसँग, पृष्ठ २०)

पटक-पटक,

(आरोपित बोक्सी आमाहरू, पृष्ठ २१)

पर-पर, सदा-सदा

(बाटोको आत्मकथा, पृष्ठ २४/२५)

घरी-घरी, बिस्तारै-बिस्तारै,
झण्डै-झण्डै, के -के,

(छिमेकी, पृष्ठ २७/२८)

धीपधीप, तार्दा-तार्दो, चढाउँदा- चढाउँदै

(बूढो शिक्षक, पृष्ठ ३०)

सबै-सबै, फुकी-फुकी

(देउरालीमा उमेरहरू, पृष्ठ ४२)

उकालो-उकालो, एक्लो -एक्लो

(जीवनको झण्डा, पृष्ठ ४६)

अर्कै-अर्कै, कहाँ-कहाँ

(समयकै पुलमा, पृष्ठ ५०)

त्यसै -त्यसै, हतार-हतार, झन्-झन्

(भोक रेटिरहेको सारङ्गी, पृष्ठ ५३)

भर्खर-भर्खर

(सपनामा रेखा दमाई, पृष्ठ ५५)

### ४.८.५ भावविधान

भाव विधानका दृष्टिले कवि विष्णु सुवेदीको **बूढो माझी** शीर्षकको कृति मिश्रित रूपको देखिन्छ । प्रस्तुत कृति भित्रका रचनामा विविध भाव संयोजन गरिएको पाइन्छ । सामाजिक जीवनको यथार्थ, मातृभूमिप्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, विकृति र विसङ्गतिको चङ्गुलमा पसेको वर्तमान मान्छेबाट अपहरित भएको मानवता, वैयक्तिक अनुभव र अनुभूतिहरू, देशको बागडोर हातमा लिएर बसेका मै हूँ भन्नेहरूको अहमता, समाजमा व्याप्त अन्धविश्वास र रुढिवादी परम्परा  अदि विषय सन्दर्भलाई प्रस्तुत कृतिभित्रको भावमय प्रस्तुतिमा समेटिएको छ । यी र यस्ता भावलाई स्रष्टा विष्णु सुवेदीले आफ्नो प्रस्तुत कृतिमा अत्यन्तै सहज र सबल एवम् शसक्त रूपमा संयोजन गरेका छन् । जसले गर्दा प्रस्तुत कृति भित्रका सम्पूर्ण रचनाहरू भावमय एवम् पठनीय बनेका छन् ।

सामान्य जीवनका जटिल भोगाइ, एउटा बूढो माझीको दैनिकी र उसको जीवनको यथार्थ, बूढो प्रेमीको प्रेम, समाजमा आरोपित बोक्सी आमाहरूको कारुणिक अवस्था, समाज परिवर्तनमा लागेकाहरूको साहसिक यात्रा, ज्ञानको सागर

आमाको पाठशाला, छिमेकीको चलाखी, ईश्वरप्रतिको भ्रम, एक लुङ पोतेले बनाएको दास, भोलीको सुनौलो सपना ठिटो घाम, कानुनी मान्यता प्राप्त भ्रुण हत्या प्रतिको असन्तुष्टि, गाउँको वर्तमान भोगाई र रित्तोपना, अकाल मृत्यु र रेखा दमाईको प्रश्न आदि विषयहरूले उठाएका करुण, र संवेदनशील भावहरू पूरै कृतिभरि छरिएर रहेका छन् । यी र यस्तै भावहरूलाई पुष्टि गर्न यस कृतिभित्रका कविताका केही अंशहरूलाई यहाँ प्रस्तुत गरिन्छ :

के तपाई पनि सक्नुहुन्छ ?
भीरको फूल जस्तै फुल्न
कि तपाईको जीवन पनि
भीरकै फूल हो

( भीरको फूल, पृष्ठ १९)

निर्धो हुनु र उमेर पाक्नु
कति निकटता छ बोक्सी आमाहरूमा ?
कसले गर्छ हिम्मत औंला उठाउन
भर्खरैको किशोर वा किशोरीलाई ?

(आरोपित बोक्सी आमाहरू, पृष्ठ २२)

कठै ! त्रिशुली न हो, राप्ती न हो
माझी बूढाको मन जस्तै
एकै क्षणमा आउँछ भलबाढी
र लैजान्छ माछा, जाल र बूढो माझी
सबै सबै पर पर.....

( बूढो माझी, पृष्ठ ४५)

### ४.८.६ कथनपद्धति

अभिव्यक्ति प्रस्तुति गर्दा स्रष्टाले लिएको स्थानका आधारमा कथन पद्धतिको निर्क्यौल गर्न सकिन्छ ।यस दृष्टिले हेर्दा स्रष्टा विष्णु सुवेदीको **बूढो माझी** शीर्षकको कृतिभित्र मिश्रित रूप देख्न सकिन्छ । अधिकांशतः कवि प्रौढोक्तिको प्रयुक्ति देखिन्छ । यद्यपी केही रचनाहरूमा त दुवै कथन कलाको प्रयोग पाउन सकिन्छ । माथि

उल्लेखित गरिएझैँ अधिकांश रचनाहरूमा कवि कथनको आत्मालापीय कथनकला प्रयोग गरिएको पाइन्छ । प्रथम पुरुषीय दृष्टिविन्दुको प्रयोग गरी लेखिएका यस्ता रचनाहरूको बहुलता प्रस्तुत कृतिमा देखिन्छ । त्यसैगरी तृतीय पुरुषीय दृष्टिविन्दुको प्रयोग पनि प्रस्तुत कृतिमा पाउन सकिन्छ । अभिव्यक्तिको प्रस्तुतिमा स्रष्टा आफैँ उभिएका रचनाहरू कविप्रौढोक्तिका रूपमा प्रस्तुत कृतिमा आएका छन् भने अभिव्यक्ति प्रस्तुत गर्दा स्रष्टाले अन्य कसैलाई उभ्याएका रचनाहरू कविनिबद्धवक्तृप्रौढोक्तिका रूपमा यस कृतिभित्र रहेको पाइन्छ । त्यसैगरी एकै रचनाभित्र मिश्रित कथन पद्धतिको प्रयोग गरिएका रचनाहरू पनि स्रष्टा विष्णु सुवेदीको यस कृतिमा पाउन सकिन्छ । कथन पद्धतिका विविध रूपरङ्गहरूमध्येबाट कविप्रौढोक्तिको प्रयोग गरिएको **म त्यही बूढो प्रेमी** शीर्षकको कविताका केही अंश उदाहरणका रूपमा यहाँ उद्धृत गर्नु सान्दर्भिक हुने देखिन्छ :

त्यतिबेला
त्यो खोलाको बीचमा
कुनै फड्के थिएन, पुल थिएन
खोला एकनासले बग्थ्यो
तिमी पारिबाटै, म वारिबाटै
भावनाको पुल हाल्थ्यौ
तिमी मसम्म आउँथ्यौ
म तिमीसम्म धाउँथे !

### ४.८.७ भाषाशैली

भाषाशैलीका कोणबाट हेर्दा कवि विष्णु सुवेदीको यस कविता सङ्ग्रह अत्यन्तै सरल, स्वभाविक, सहज, सुबोध्य एवम् व्यञ्जनायुक्त, ललित, लयात्मक देखिन्छ । जुनसुकै रचनामा पनि कवि विष्णु सुवेदी सजिलो, स्वाभाविक, सुकोमल, सुललित भाषा प्रयोग गर्न रुचाउँछन् भने सहज ललित व्यञ्जनायुक्त र लयात्मक शैलीको प्रयोग गर्दछन् । स्रष्टा सुवेदी कहीँ कतै पनि रचनामा क्लिष्ट, दुरुह भाषाको प्रयोग गर्दैनन् । प्रायः सामान्य पाठकले पनि बुझ्न सकिने सजिलो सरस भाषालाई स्रष्टाले प्रयोग गरेको देखिन्छ । भाषिक सरलता, सरसता, स्वाभाविकता पाइने कवि

सुवेदीको **बुढो माझी** शीर्षकको कविता कृतिको शैली पनि सुललित र सहज देखिन्छ । यस सङ्ग्रहका कविताहरूमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग प्रशस्त गरिएता पनि कवितालाई अबोधगम्य भने बनाएको पाइदैन । यस सङ्ग्रहका कविताहरूमा प्रशस्त मात्रामा खण्डित भावको प्रयोग, विम्वको प्रयोग, प्रतीकको प्रयोग गरिएको छ । जसको प्रयोगले कवितालाई आलङ्कारिक र चमत्कारपूर्ण बनाएको छ । काव्यिक रचनाहरूलाई काव्यमय, सुललित बनाउनका लागि अलङ्कार वा बिम्ब, प्रतीकको प्रयोग गरिन्छ । यद्यपि यी तत्वहरू कवितामा स्वाभाविक र स्वतस्फूर्त रूपमा आएका छन् ।

व्याकरणात्मक दृष्टिले यस कविता सङ्ग्रहका कविताहरूमा अर्ध विराम चिह्नदेखि प्रायः सम्पूर्ण चिह्नहरूको प्रयोग गरिएको छ । कविताहरूमा प्रशस्त मात्रामा पङ्क्तिहरूको पदक्रममा विचलन आएको छ । यस सङ्ग्रहका कविताहरूमा परम्परित व्याकरणका दृष्टिले क्रियाविहीन पङ्क्तिहरू देखिएता पनि तिनको स्वाभाविक प्रयोग भएको पाइन्छ । कविताहरूमा सरल, सहज र सामान्य पाठकले सहज रूपमा बुझ्न सक्ने भाषा शैलीको प्रयोग गरिएको पाइन्छ ।

**बिम्बका केही उदाहरणहरू**

मलामी, एक मुट्ठी उज्यालो, मुर्कुट्टाहरूको पृथ्वी, जङ्गली काडाँ, समयको पुल, ज्वालामुखी, जस्ता बिम्बहरूले कविताको सौन्दर्य बढाउन मद्दत गरेका छन् ।

**प्रतीक**

लैला मजनु, बादशाह, नदि, हुचील, सारौं, भीर, बनमारा, ढाडे बिरालो, स्याल, चितुवा, एकलब्य, बुद्ध, सुकरात, गान्धी, ठिटो घाम जस्ता प्रतीकहरूको प्रयोग यस कृतिमा देख्न सकिन्छ ।

**उपमा**

पानीको छालजस्तै,
धागो चुँडिएको चङ्गा जस्तो,

(फूलमायाको डायरी, पृष्ठ ८)

रुमालको सातुजस्तै,

(बाटोको आत्मकथा, पृष्ठ २५)

सालघारीको आगो जस्तै,

(नरोक्नु त्यो ताँतीलाई, पृष्ठ ३१)

करेन्टको झड्का जस्तै,

(बौलाहा विचारहरू, पृष्ठ ५२)

फनफनी घुमेको जेरीको स्वरूप जस्तो

(जिन्दगी बूढो उमेर, पृष्ठ ३७)

चितुवा जस्तै, स्याल जस्तै, ढाडे जस्तै

(छिमेकी, पृष्ठ २७)

**अङ्ग्रेजी शब्द**

एसिड, फेम जस्ता अङ्ग्रेजी अनुकरणात्मक शब्दको प्रयोग पनि यस कृतिका कविताहरूमा पाइन्छ ।

**अनुकरणात्मक शब्द**

खुइचा, धीपधीप, गर्ल्यामगुर्लुम, च्याँहा च्याँहा, घुक्क घुक्क, लच्याक लुरुक यस कृतिका कविताहरूमा यस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएका छन् जसले बिम्बको समेत सिर्जना गर्दछन् ।

**आदि अनुप्रासको उदाहरण**

नरोक्नू, रोक्दै नरोक्नू

नछेक्नू, छेक्दै नछेक्नू

(नरोक्नू त्यो ताँतीलाई, पृष्ठ ३१)

सुकाएर जान्थे

फुकाएर जान्थे

(बाटोको आत्मकथा, पृष्ठ २५)

**अन्त्यानुप्रास**

पानी माथि नै सुतेर
पानी माथि नै कुदेर,

(बूढो माझी, पृष्ठ ४५)

घरी चकले लेखेर
घरी डस्टरले मेटेर,

(बूढो शिक्षक, पृष्ठ ३०)

विचारमा आतङ्क मिलाउनेहरू
विचारमा मृत्यु पिलाउनेहरू

(बौलाहा विचारहरू, पृष्ठ ५२)

**कथ्य भाषाको प्रयोग**

गल्छेडो, छादिरहेछन्, ओखती, दर्जी, भुङ्ग्रो, पखाला, खान्की, बाइ, चाल्नो, बोक्सी जस्ता कथ्य शब्दको प्रयोग यस कविता सङ्ग्रहमा प्रशस्त गरिएको छ

**पदक्रममा विचलन**

यस सङ्ग्रहका कविताहरूमा विचलित पदक्रमहरू प्रशस्त देख्न सकिन्छ,

| **विचलन** | **ठीक पदक्रम** |
|---|---|
| म आफूलाई कति सम्झन्थें भाग्यमानी | म आफूलाई कति भाग्यमानी सम्झन्थें |
| मैले नै सँगालेर राखें ती सबै-सबै | मैले नै ती सबै-सबै सँगालेर राखें |
| भनिरहनेछ एक्लो मतदाता नामावली पत्र बोकेर | एक्लो मतदाता नामावली पत्र बोकेर भनिरहनेछ |

**भावमा विचलन**

आगो पकाएर आगो नै पस्किरहेछन्,

(बौलाहा विचारहरू, पृष्ठ ५२)

के हाम्रो रगतमा पानी थियो

(सारथीहरूलाई प्रश्न, पृष्ठ ६०)

घामका लामा लामा खुट्टाहरू

(ठिटो घाम, पृष्ठ ६९)

अनायास मर्नेछ तातो सूर्य आकाशमै
विज्ञानले आत्महत्या गर्नेछ त्यतिबेला,
हिमालहरू भसिएर टाउकामा हिउँ पगाल्नेछन्,
(सुदूर भविष्यवाणी, पृष्ठ ७०/७१)

**खण्डित भावको प्रयोग**

कतै हजुरलाई पनि.......
(फूलमायाको डायरी, पृष्ठ ७)

म चाहन्छु-
पाले पुण्य मारे पाप.......
(एक  लुङ पोते, पृष्ठ ६३)

ढलाउन सभ्यताहरू......
सबै कृत्रिम.......
सबै सबै पर पर.......
कहित्यै.......
(आरोपित बोक्सी आमाहरू, पृष्ठ २३)

नयाँ गीत, नयाँ पीडा, नयाँ सपना.............
(बाटोको आत्मकथा, पृष्ठ २६)

प्रस्तुत कविताशंमा सामान्य पाठकका लागि पनि बोद्यगम्य भाषाको प्रयोग भएको छ । त्यसैगरी जनबोलीका शब्दहरूको प्रयोग पनि देख्न सकिन्छ । त्यसैगरी अनुप्रासको उचित संयोजनले कवितामा प्रशस्त माधुर्यता पाउन सकिन्छ ।

**४.८.८ निष्कर्ष**

**बूढो माझी** (२०६८) कविता सङ्ग्रह कवि विष्णु सुवेदीको चौथो प्रकाशित कविता सङ्ग्रह हो । यसमा सुवेदीका ३४ कविताहरू सङ्ग्रृहित छन् भने ती कवितहरू मध्ये कवितपय कविताहरू विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा प्रकाशित समेत भइसकेका छन् ।

विष्णु सुवेदीको यस सङ्ग्रहभित्र रहेका हरेक हरफले समाजमा व्याप्त अन्याय, अत्याचार, मानवीय जीवन भोगाई जस्ता कुराहरूलाई निकै नजिकबाट नियालेका छन् र वर्तमान समाज र त्यसभित्रका विसङ्गतिहरू, राजनीति, धर्म, लिङ्ग, वर्ण, सम्प्रदाय, जातजाति आदिका आधारमा समाजमा गरिने भेदभावप्रति तीव्र आक्रोश व्यक्त गर्दै समतामूलक समाजको चाहना व्यक्त गरेका छन् । सामाजिक रुढिवादी मान्यता र चाल-चलनले डरलाग्दो समस्या उत्पन्न गर्ने भएकाले यसमा समय अनुसारको परिष्कार गरिदै लानुपर्ने कविको मान्यता पाइन्छ । वर्तमानको लापर्वाहीले भविष्यको धमिलो रेखा कोर्ने भएकाले भोलिको लागि आजै सचेत हुन समेत कविले निर्देश गरेका छन् । गद्यलयमा लेखिएका यस कृतिका कविताहरूमा अनुप्रासयुक्त शब्दहरूको सुसंयोजनले गर्दा आन्तरिक लयको सिर्जना भएको छ । जसकारण यस सङ्ग्रहका कविताहरू श्रुतिमधुर र सुरम्य बनेका छन् । स्वतःस्फूर्त स्वाभाविक रूपमा आउने बिम्ब र प्रतीकको प्रयोगले गर्दा यस कृतिको गरिमा अझ माथि उठेको छ । सरल र रहज भाषाको प्रयोगले यो कविता सङ्ग्रह सबै पाठकसामु बोधगम्य बनेको छ ।

## कवि सुवेदीका प्रकाशित फुटकर रचनाहरूको सूची-

| क्र.स. | शीर्षक | विधा | कृति/पत्रिका | वर्ष | अङ्क | पूर्णा. | पृष्ठ | साल |
|---|---|---|---|---|---|---|---|---|
| १. | वर्तमानका मान्छे हामी | कविता | आँखा | | | १० | | २०४७ |
| २. | गलत शिक्षा नीति र त्रि.वि.वि को शूल्क निर्धारण | लेख | समालोचना दैनिक | | | | | २०४८ मंशिर |
| ३. | आजको अभिव्यक्ति जनताको | कविता | " | | | | | २०४८ मंशिर |
| ४. | रेडियो नेपाल र यसका कार्यक्रम | लेख | " | | | | | २०४८ मंशिर |
| ५. | जुर्मुराएको विवश मान्छे | कविता | आँकुरा | १ | १ | | | २०४८ |
| ६. | चित्रकोर्न थालेको छु | " | " | २ | १ | | | २०४९ |
| ७. | र एक दिन गोरेको घरमा | " | " | ३ | १ | | ३६ | २०५० |
| ८. | विचार बाहिर र विचार भित्रको ग्लोबमा | " | चिमाल | १४ | ७ | | | २०५१ |
| ९. | कविताको बाली | " | " | १७ | ९ | | | २०५४ |
| १०. | एउटी काली घर्तीनीको बयान | " | " | १८ | १० | | | २०५५ |
| ११. | विचारार्थ प्रश्नहरू | " | पौरख मासिक | १६ | ६ | | | २०५३ |
| १२. | समाज परिवर्तनमा युवाहरूको दायित्व | " | दोलखा ज्योति | २ | २ | | | २०५४ |
| १३. | आउनुहोस् एकपटक जनमत सङ्ग्रह गरौं | " | पौरख मासिक | १६ | ७ | | ४० | २०५३ |
| १४. | कविताको सत्ता | " | " | १६ | १० | | | २०५३ |
| १५. | एक किलो विचार | " | विद्यार्थी जागरण | १६ | ५ | | ४ | २०५४ |
| १६. | पारिजात र सिद्धिचरण खोज्दछन् | " | प्रतिभा | ३ | | ११ | | २०५१ |
| १७. | जब बाघ स्याल र स्याल मुसा बन्छ | " | छलफल साप्ताहिक | १७ | ७ | | | २०५५ |
| १८. | झरीको आकार | " | घटना विचार | ४ | १८ | | | २०५५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९. | वो मि पेन (नेवारीमा) | " | कुल्सी | ४ | २६ | | | २०५५ |
| २०. | अव्यक्त एउटा रहर | " | प्रयास मासिक | १ | १ | | १८ | २०५५ |
| २१. | विकास श्रृङ्खला | लेख | दोलखा टुडे | १-६ | | | | २०५५ |
| २२. | आस्था सम्बोधन श्रृङ्खला | " | गौरीशङ्कर टाइम्स | | | | | |
| २३. | सानीलाई सम्बोधन | " | " | ३ | | १८ | १७ | २०५६ |
| २४. | मेरा विश्वासहरू | कविता | " | २ | ९ | | | २०५५ |
| २५. | स्रष्टा र सृजना | " | " | १ | १ | | | २०५१ |
| २६. | थामी जाती र बाल साहित्य | लेख | बाल सहित्य | | | | | २०५६ |
| २७. | क्रमशः आकार र आयतनमा बदल | कविता | आँखा | | | | | २०५५ |
| २८. | एउटा प्रलयको कोलाहलबाट | " | छलफल | | | | | २०५३ |
| २९. | अचेल मेरो छोरो टिष्टा र सिक्किम पढाउँछ | " | प्रकाश सा. | | | | | २०५३ |
| ३०. | एक हुल ताराहरू | " | विचार | | | | | २०५३ |
| ३१. | एउटा अभियुक्त प्रेमीको वकपत्र | कथा | दोलखा टुडे | २ | ३ | | १३ | २०५६ |
| ३२. | अक्षरको शिविरबाट | कविता | प्रदेय | १ | १ | | | |
| ३३. | मैन पग्लिएको सगरमाथा | " | सांग्रीला | | | | | २०५० |
| ३४. | नपुंशक प्रजातन्त्र | " | छलफल सा. | | | | | |
| ३५. | खुट्टाहरू | " | हिन्दु सा. | | | | | |
| ३६. | नयाँ वर्ष | " | छलफल सा. | | | | | |
| ३७. | अभिवादन | " | महिमा सा. | | | | | |
| ३८. | अभिवादन तिम्रो मृत्युलाई | " | छलफल सा. | | | | | |
| ३९. | सिद्धान्तको घोडा र गद्धारहरूको सवार | " | " | | | | | |
| ४०. | किन गुम्दै छ जनतामा नेता र पार्टीप्रतिको विश्वास ? | लेख | पौरख | | | | | २०५३ |
| ४१. | सडक पेटी किनारामा | कविता | जनमत | | | | १४१ | २०६४ |
| ४२. | समस्यै समस्याको जालोभित्र ग्रामीण पत्रकारिता | लेख | खोतालखाताल | | | | | २०५७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४३. | भानुभक्त अनि भानुभक्तहरू | कविता | जिरीदीप सेरोफेरो | | | | ३५ | २०५८ |
| ४४. | बन्दुकको पर्खाल | " | नौलो बिहानी | ८ | ४ | | ५६ | २०६३ |
| ४५. | म त्यही बूढो प्रेमी | " | रोल्वालिङ टाइम्स | १ | १ | | | २०६४ |
| ४६. | एक लुङ पोते | " | वेदना | ३५ | १ | ७४ | ६६ | २०६५ |
| ४७. | हामी क्रमशः | " | वन्दना | २२ | | ५४ | ९४ | २०६१ |
| ४८. | भीर पाखामै फूलें | गीत | नव आलोक | ५ | १ | २२ | २५ | २०६४ |
| ४९. | आज फेरि पधेँरीमा | " | " | ३ | १ | १३ | ६ | २०६२ |
| ५०ं | हामी नागरिक बोलिरहेछौँ | कविता | नागार्जुन | १ | १ | २० | ६३ | २०६४/६५ |
| ५१. | जब बस्तीहरू उठे | " | शब्द-संयोजन | ३ | १ | २५ | २३ | २०६३ |
| ५२. | एउटा यस्तो साँझ | " | चिमाल | | | | ७ | २०६२ |
| ५३. | नयाँ सालको अघिल्लो रात | " | जागृति | | | | ८ | २०६४ |
| ५४. | म अचेल नयाँ कविता..... | " | दोलखा स्मारिका | | | | १११ | २०५८ |
| ५५. | यही बाटो हिँहेर | " | गोगर राष्ट्रिय पाक्षिक | १ | १ | | २५ | २०६६ |
| ५६. | माछा मारिरहेको बूढो माझी | " | कौशिकी | १० | १ | २६ | ६८ | २०६५ |
| ५७. | सारथीहरूलाई प्रश्न ? | " | बुकी | १ | १ | | २ | २०६५ |
| ५८. | मौरी भुसुना र कमिलाको आवाज | " | महिला आवाज | ११ | ८ | | ८२ | २०६२ |
| ५९. | म नदी, छेक्ने तिमी को ? | " | स्मारिका | | | | १२८ | २०६६ |
| ६०. | शासकको कविता | " | राष्ट्रसेवक दर्पण | २ | २ | | १५ | २०६८ |
| ६१. | रङ्ग बुद्ध र रेश्माको चाहना | " | सहसिर्जना | | | | ९६ | २०६७ |
| ६२. | आदिम समयको ठिटो घाम | " | दोलखा डट कम | ६ | २ | | ३३ | २०६७ |
| ६३. | पत्रकारहरूको नाकमा नागरिक सम्बोधन | लेख | कलम चौतारी | | | | २९ | २०६८ |
| ६४. | दारिवाल बौलाहाको वकपत्र | कविता | परिकल्पना | २ | २ | | ७ | २०६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६५. | आरोपित बोक्सी आमाहरूको पक्षमा | ” | बिहानी | ८ | २ | | ११६ | २०६७ |
| ६६ | सुदुर भविष्यवाणी | ” | प्रदेय | ११ | ३ | | ३४ | २०६७ |
| ६७. | फूलको तर्क | ” | राष्ट्रसेवक दर्पण | १ | १ | | ८५ | २०६७ |
| ६८ | मलामी रहर | ” | आँखा | | १६ | | ३७ | २०६४ |
| ६९ | आमाका पक्षमा | ” | ” | ४३ | १८ | | | २०६९ |
| ७०. | फुलमायाको डायरी | ” | कौशिकी | ९ | ६ | ३९ | ९२-९३ | २०६६ |
| ७१. | यो दुनियाको कुनैपनि........ | ” | दोलखा डट कम | ८ | ४ | | २९ | २०६९ |
| ७२. | नुहाएर भर्खरै आएको म | ” | राष्ट्रसेवक दर्पण | २ | ३ | | २३ | २०६९ |
| ७३. | समयको साक्षी बूढो उमेर | ” | | ६ | २ | | ३९ | २०६९ |
| ७४. | दुई गीत | गीत | साझा विचार साप्ताहिक | | | | | |
| ७५. | छोटा छोटा कविता | कविता | नवतरङ्ग | | | | ४ | २०६८ |
| ७६. | मौन धारणा ! | ” | श्रीखण्ड सा. | | | | ५ | २०६९ |
| ७७. | रंग उस्तै उस्तै | ” | कालिञ्चोक सन्देश | | | | ६ | २०६८ माघ |
| ७८. | भूतपूर्व कविजीसँग एकैछिन | ” | ” | | | | ६ | २०६८ मंसिर |
| ७८. | मृत्युहरूमा मलामीहरू | ” | कालिञ्चोक स्मारिका | | | | २३ | २०५७/५८ |
| ७९. | अब हाम्रो पालो | ” | वुधबार सा. | | | | | २०६३/६४ |
| ८०. | पेन्टागन पर्व | ” | जिरीको मझेरी | | | | ४ | २०५८ |
| ८१. | वुद्धिमानहरू निरन्तर जन्मिरहने छन् | लेख | दोलखाली आवाज | | | | | २०६० मंसिर |
| ८२. | बाल साहित्य कार्यपत्र | | बालसाहित्य | | | | | २०५५/५६ |
| ८३. | किमबोर्थको सम्बोधन | | | १ | १ | | ७७ | २०६० मंसिर |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८४. | आत्मलाप | कथा | प्रदेय | १३ | ५ | | ५९ | २०६९ माघ |
| ८५. | अधुरो सपना | नाटक | | | | | | २०४८ मञ्चित दोलखा |
| ८६. | भीरमुनिको गाउँ | ” | | | | | | २०५१ ” |
| ८७. | सपनाहरूको रङ्ग | ” | | | | | | २०५० ” |
| ८८. | बासुरीको धुन | ” | | | | | | रेडियो नेपालबाट प्रशारित |
| ८९. | भर्खरै आएका छौ रक्तमुच्छेल | कविता | नवतरङ्ग | | | | ४ | २०६८ मंसिर |
| ९०. | दन्त्य कथा र शासकको कविता | ” | ” | | | | ४ | २०६७ चैत |
| ९१. | समयकै पुलमा | ” | ” | | | | ४ | २०६८ भदौ |
| ९२. | तिम्रो विरुद्ध ! | ” | ” | | | | ४ | २०६९ वैशाख |
| ९३. | आगोको यात्रा हिँडेर | ” | ” | ६ | २० | | ८ | २०६८ असोज |
| ९४. | मूल्यको खोजमा पात्रहरू | ” | ” | | | | ४ | २०६७ असोज |
| ९५. | रङ्ग उस्तै उस्तै | ” | स्वर्ण स्मारिका जुगुँ | | | | ५८ | २०६८ |
| ९६. | लिखे दमाइको एउटा पत्र विष्टको नाउँमा | ” | प्रतिवद्धता | १ | १ | | ५७ | २०५९ |
| ९७. | बुढो शिक्षक | ” | सुर्के मा.वि.स्मारिका | | | | | २०६६ |
| ९८. | फूलको तर्क | ” | जनमत | १२ | २ | | | २०६९असार /साउन |

# परिच्छेद-पाँच
# उपसंहार र निष्कर्ष

## ५.१. उपसंहार

यस शोधपत्रको पहिलो परिच्छेदमा शोधप्रस्ताव अन्तर्गत विषय परिचय, समस्या कथन, शोधपत्रको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, सीमाङ्कन, शोधविधिका साथै शोधपत्रको सम्भाव्य स्वरूपको समेत चर्चा गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा कवि विष्णु सुवेदीको जीवनी प्रस्तुत गरिएको छ । विष्णु सुवेदीको जन्म वि.सं.२०२६ असार महिनाको २७ गतेका दिन पिता इन्द्रप्रसाद सुवेदी र माता इन्द्रमाया सुवेदीका कोखबाट दोलखा जिल्लाको राम्पा भन्ने पहाडी गाउँमा भएको हो । उनका एक भाइ जगत प्रसाद र एक बहिनी सीता छन् ।

विष्णु सुवेदी बाल्यकालमा ४ वर्षको हुँदासम्म हिँड्न र बोल्न सक्दैन थिए, जसका कारण यिनलाई दोलखाको लामाबगरमा रहेको देउलाङ्गेश्वर महादेव थानमा दर्शन गराउन लगिएको थियो त्यसपछि उनी आफैं बिस्तारै बोल्न र हिँड्न थालेका हुन् । उनको जम्म स्थान दोलखामा नै उनको बाल्यकाल बित्यो । उनले गुरु कृष्ण मुरारी मास्केबाट अक्षराम्भ गरेका हुन् । उनले ६ वर्षको उमेरमा श्री कालिञ्चोक प्राथमिक विद्यालयमा अध्ययन प्रारम्भ गरेर माध्यामिक तहका लागि श्री भीम उ.मा.वि दोलखामा भर्ना भएका थिए र सोही विद्यालयबाट २०४४ सालमा द्वितीय श्रेणीमा एस्. एल्. सी. उत्तीर्ण गरेका गरे । एस्. एल्. सी. उत्तीर्ण गरेपछि उनी उच्चशिक्षका लागि गौरीशङ्कर क्याम्पस चरिकोटमा भर्ना भएर उनले त्यहाँबाट प्रविणता प्रमाण पत्र तह उत्तीर्ण गरे । उनको औपचारिक शिक्षाको यात्रा यही सम्मको रहेको छ । उनले आफ्नो बौद्धिकतालाई स्वअध्ययनको माध्यमले तिखार्दै लगेका छन् ।

निम्न मध्यमवर्गीय परिवारमा जन्मिएका सुवेदीको विवाह दोलखा जिल्लकै एक गौतम परिवारकी छोरी सरस्वती गौतमसँग भएको छ ।

सुवेदीका रुचिका विषय लेखन, सम्पादन, समाजसेवा र अध्ययन हो । बाल्यकालदेखि नै जिज्ञाशु, सरल स्वभाव भएका सुवेदी हिन्दु र बौद्ध दर्शनहरूको ज्ञान राख्दछन् । सानैदेखि साहित्यि सिर्जनामा रुचि भएका सुवेदी नेपाली तथा अङ्ग्रेजीका केही साहित्यकारका रचनबाट प्रभावित भएपनि आफ्नो लेखन कलाको प्रेरणाको स्रोत मानवीय दुःख, पीडा, जीवन भोगाइहरूलाई नै मान्छन् ।

वि.स.२०४४ बाट लेखन प्रारम्भ गरेका विष्णु सुवेदी २०४७ सालमा दोलखाबाट निस्केको **आँखा** पत्रिकामा 'वर्तमानका मान्छे हामी' शीर्षकको कविता प्रकाशित गरेर सार्वजनिक रूपमा साहित्यको फाँटमा देखा परेका हुन् । त्यसपछि उनले विभिन्न पत्र-पत्रिकाहरूमा फुटकर रूपमा कविता, गीत, कथा, नाटक प्रकाशित गरेका छन् । उनको २०४८ सालमा **ती फूलहरू खै** ? कविता सङग्रह प्रकाशित भयो । त्यसपछि **विधवा भाउजूहरूको देश** (२०६२), **सपनामाथि उभिएर** (२०६४) र **बूढो माझी** (२०६८) कविता सङ्ग्रहहरु प्रकाशित छन् ।

उनले साहित्यिक योगदानका कारण विभिन्न पुरस्कार तथा सम्मन प्राप्त गरेका छन् । जसमा **जमर्को स्रष्टा सम्मान** (**२०६८**), **स्व. विष्णुदेवी साहित्य सम्मान** (**२०६८**), **राष्ट्रिय जनसांस्कृतिक महासंघ** (**२०६९**), **नवतरङ्ग साप्ताहिक सम्मान** (**२०६५**), **साहित्य सिर्जना पुरस्कार** (**२०५८**), **क्रियाशील पत्रकारिता पुरस्कार** (**२०५७**), **कदर-पत्रद्वारा सम्मान** (**२०५७**), **स्तम्भकार सम्मान** (**२०६८**) प्राप्त गरेका छन् ।

तेस्रो परिच्छेदमा विष्णु सुवेदीको व्यक्तित्वलाई प्रस्तुत गरिएको छ । पातलो फुर्तिलो शरीर झन्डै ५ फिट ६ इन्च उचाई, गहुँ गोरो वर्ण बाउसेका व्यक्तित्वका पहिचान हुन् । सुवेदीको समाज सेवामा अत्यन्त लगाव छ । उनी भावुक, स्पष्ट वक्ता, सहृदयी, राष्ट्रप्रेमी, सहयोगी र सरल देखिन्छन् ।

समाज सेवामा रुचि राख्ने सुवेदीको सामाजिक व्यक्तित्व पनि प्रमुख हो । उनी मानव अधिकार सचेतन विकास केन्द्र हुराडेक नेपाल, ऽ'राडा समाज उत्थान समिति, नेपाल रेडक्रस सोसाईटी दोलखा, प्रेस चौतारी दोलखा, नेपाल पत्रकार महासङ्घ दोलखाका साथै अन्य थुप्रै सङ्घ-संस्थामा आवद्ध रहेका छन् । समाज

सेवा पछिको रुचिको विषय पत्रकारिता हो । त्यसैले उनको पत्रकार व्यक्तित्व पनि एक प्रमुख व्यक्तित्व हो । उनले प्रदेय साप्ताहिक मासिक, शैलुङ्गको सूर्य साप्ताहिक, दोलखाली समकालीन साहित्य २०६३, पौरख राष्ट्रिय मासिक, गाउँवेसी मासिक, प्राकृतिक सम्पदा मासिक, हाम्रो अधिकार त्रैमासिक, बुकी साहित्यिक मासिक पत्रिकाको सम्पादक र अथिति सम्पादक रहेर काम गरेका छन् ।

सुवेदीको व्यक्तित्वको अर्को पाटो धार्मिक व्यक्तित्व पनि हो । आध्यात्मिक चिन्तन बोकेको परिवारमा जन्मेका र हुर्केका सुवेदीमा धर्मप्रतिको आस्था भने नरहेको पाइन्छ । उनी कुनै पनि धर्मप्रति आस्था राखेर त्यसको नियममा बाँधिन चाहँदैनन् तर जुनसुकै धर्मको पनि अर्ति उपदेहरु ग्रहण गर्दछन् । उनी धर्ममा भन्दा कर्ममा विश्वास राख्ने व्यक्ति हुन् । दैवी शक्तिमाथि विश्वास नरहेको तर सृष्टि सञ्चालनमा भने छुट्टै शक्ति रहेको उनको विश्वास छ । तथापि उनले हिन्दु धर्म ग्रन्थ, बौद्ध धर्म ग्रन्थका साथै बाइबलको समेत अध्ययन गरेका छन् ।

सुवेदीको प्रखर व्यक्तित्व साहित्यिक व्यक्तित्व हो । उनी मूलतः कविका रुपमा परिचित छन् भने उनले कथा, गीत, नाटक पनि रचना गरेका छन् । कविता विधाबाटै सिर्जना आरम्भ गरी २०४७ सालमा 'वर्तमानका मान्छे हामी' शीर्षकको कविता प्रकाशित गरेका सुवेदीले **बुकि, नवतरङ्ग, प्रदेय, कलम चौतारी, दोलखा डट.कम., परिकल्पना, बिहानी, कलम चौतरी, कौशिकी, साझा विचार** आदि विभिन्न पत्रिकामा फुटकर रुपमा कविता प्रकाशित गरेका छन् भने विभिन्न पत्रिकामा प्रकाशित फुटकर कविताहरूलाई एकिकृत गरी २०४९ सालमा **ती फूलहरू खै ?** कविता सङग्रह प्रकाशित गरे त्यसपछि क्रमशः **विधवा भाउजूहरूको देश** (२०६२), **सपनामाथि उभिएर** (२०६४) र **बूढो माझी** (२०६८) कविता संग्रहहरु प्रकाशित गरेका छन् ।

सुवेदी कथाकार व्यक्तित्व पनि हुन् । उनले लेखेका कतिपय कथाहरू प्रकाशित भएका छन् भने कतिपय कथाहरू अझै पनि अप्रकाशित अवस्थामानै रहेका छन् । **एउटा अभियूक्त प्रेमीको वकपत्र**, **आत्मलाप** जस्ता उनका प्रकाशित कथाहरू हुन् ।

सुवेदीको व्यक्तित्वको अर्को पाटो लेखक व्यक्तित्व पनि हो । उनले विभिन्न पत्र-पत्रिकामा नियमित स्तम्भकारका रुपमा रहेर लेखहरू लेख्ने गरेका छन् । **पत्रकारहरूको**

**नाममा नागरिक सम्बोधन, समस्यै समस्याको जालोभित्र ग्रामीण पत्रकारिता, किन गुम्दैछ जनतामा नेता र पार्टी प्रतिको विश्वास ?, थामी जाती र बाल साहित्य, विकास श्रृङ्खला, रेडियो नेपाल र यस्का कार्यक्रम, गलत शिक्षा नीति र त्रि.वि.वि को शूल्क निर्धारण** जस्ता लेखहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् ।

सुवेदी गीतकार व्यक्तित्व पनि हुन् । उनको थोरै गीतहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् भने धेरै गीतहरु अप्रकाशित अवस्थामै रहेका छन् । उनका प्रकाशित गीतहरु **भीरपाखामै फूलें, भीरको बाटो भन्दापनि, अलिकता देउन पानी, खरीढुङ्गाको खरीले, दुई गीत, आज फेरी पधेंरीमा** जस्ता रहेका छन् । उनको चार वटा गीतहरु **सुनकान्छी २०..**गीती एल्बममा समावेश भएका छन् ।

सुवेदीको साहित्यिक व्यक्तित्वको चर्चा गर्ने क्रममा उनलाई नाटककार व्यक्तित्वका रुपमा पनि चर्चा गर्न सकिन्छ । उनका नाटकहरु प्रकाशित अवस्थामा नरहे तापनि दोलखाको सदरमुकाम चरिकोटमा मञ्चन भएका छन् । उनका तीन नाटकहरु मञ्चन भईसकेका छन् जसमा क्रमशः **अधुरो सपना २०४८, सपनाहरूको रङ्ग २०५० र भीरमुनीको गाउँ २०५१** हुन् ।

सुवेदीको व्यक्तित्वको अर्को पाटो भनेको राजनैतिक व्यक्तित्व पनि हो । विचार धाराको माध्यमबाट संसारका सबै मानव र मानव समुदायको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र नैतिक अवस्थामा परिवर्तन गर्न सक्नुपर्छ भन्ने उनको धारणा रहेको छ । उनी परिवर्तन र विकासको मूल खम्बा राजनीतिलाई मान्छन् । सुवेदीले २०४७ साल भन्दा अघि विद्यार्थी संङ्गठन अनेरास्ववीयूमा रहेर काम गरेको र २०४७ सालदेखि तात्कालिन माले हुँदै २०४८ सालमा नेकपा एमालेको सङ्गठित सदस्यता प्राप्त गरेका छन् ।

सुवेदीको व्यक्तित्वको अर्को पाटोको रुपमा जागिरे व्यक्तित्वलाई राखिएको छ । उनले गैर सरकारी संस्थाहरुमा आबद्ध भई धेरै काम गरे । २०४५ सालमा उनी सिन्धुपाल्चोक दोलखा पहिरो परियोजना (एस्.डि.एल्.पी.) अन्तर्गत सुपरभाइजर भई काम गर्न थालेपछि सुवेदीको जागिरे जीवनको सुरुवात भयो । २०६५ श्रावणदेखि २०६६ पौषसम्म अनैपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)मा

कार्यक्रम संयोजक (मानव अधिकार शिक्षा कार्यक्रम दोलखा) भई काम गरे । २०५२ साल देखि २०५५ साल सम्म निर्वाचन क्षेत्र विकास कार्यक्रम (सासद विकास कोष)का कार्यक्रम संयोजकका रूपमा काम गरे । २०६७ पौष देखि २०६९ कार्तिक सम्म रेडियो शैलुङ्ग सामुदायिक एफ.एम. १०४ मेघाहर्जमा स्टेसन म्यानेजरका रूपमा काम गरे ।

सुवेदीको व्यक्तित्वका पाटाहरूमध्ये उद्घोषक व्यक्तित्व पनि एक हो । स्थानीय रेडियो शैलुङ्ग सामदायिक एफ.एम.बाट २०६६ देखि नियमित साप्ताहिक साहित्यिक कार्यक्रम **अक्षरयात्रा** दुई वर्षसम्म सञ्चालन गरि आफ्नो पहिचान उद्घोषक व्यक्तित्वका रुपमा राख्न सुवेदी सफल भएका छन् ।

सुवेदी बहुभाषी व्यक्तित्वका रूपमा समेत रहेका छन् । उनको सम्प्रेषणको मुख्य माध्यमको रूपमा नेपाली भाषा रहेको छ भने उनलाई नेपाली भाषाको अलावा अङ्ग्रेजी, नेवारी, हिन्दी र थामी भाषाको राम्रो ज्ञान छ ।

चौथो परिच्छेदमा कवि सुवेदीका कविता सङ्ग्रहहरूको विधातत्वका आधारमा विश्लेषण गरिएको छ ।

**ती फूलहरू खै** ?(२०४८) कवि विष्णु सुवेदीको फुटकर कविताहरूको सङ्ग्रह हो । यो उनको प्रथम प्रकाशित कृति पनि हो । यस सङ्ग्रहमा जम्मा १६ वटा फुटकर कविताहरू सङगृहित छन् । २०४८ चैत्रमा प्रकाशित यस कृतिको प्रकाशन विष्णु घिमिरेले प्रकाशित गरेको यस संग्रहले समाजको विकृति, विसङ्गति, राजनैतिक अन्यौलले पारेको प्रभाव र समस्याको चित्रण गरेको छ । वर्तमान समाज त्यसभित्रका विसङगतिहरू, प्रकृतिमाथिको मानवीय दूर्व्यवहार, मानवीय, देखावटीपना, नारी सौन्दर्य र विकृत यौन गतिविधिप्रति तीव्र व्यङ्ग्य, सहिदहरू प्रतिको श्रद्धा र विश्वास, मानवीय जिजीविषा र जीवन भोगाइ प्रतिको असन्तुष्ट भाव यसमा रहेको छ । कवि सुवेदीका यी कवितहरू पढ्दा कतैपनि कल्पनाको गन्ध भेटिदैन, यो सत्य घटनामा टिपोट गरिएको खुल्ला परिवेशको चित्रण हो । नेपालमा प्रजातन्त्र प्राप्तिपछि राजनीतिमा देखिएका दिशाहिनता, महत्वकाङ्क्षा, जनताप्रतिको अनुत्तरदायित्व र त्यसभित्रको विकृतिको चित्रण यस कविता सङ्ग्रहभित्र गरिनुका

साथै समाजमा विद्यमान असमानता, अन्यायलाई पनि प्रस्तुत गरिएको छ । कविको यस सङ्ग्रहभित्र रहेका हरेक वाक्यले मानवता तथा मानव हृदयको विचारलाई निकै नजिकबाट बुझेका छन् भने धर्म, लिङ्ग, जाति, सम्प्रदायका आधारमा गरिने भेदभाव र विसङ्गतिको निकै मार्मिक ढङ्गले चित्रण गरेका छन् ।

सरल भाषाशैलीको प्रयोग गरिएको यस कविता सङ्ग्रहका कविताहरू मुक्त छन्दमा लेखिएका छन् । गद्यलयमा लेखिएको यस कविता सङ्ग्रहका कविताहरु आन्तरिक लयात्मकताको सिर्जनाले श्रुतिमधुर बनेका छन् । अनुप्रास, उपमा जस्ता अलङ्कारको प्रयोग विम्व र प्रतीकको स्वतःस्फूर्त उपस्थितिले 'ती फूलहरू खै ?' उत्कृष्ट कविता सङ्ग्रह हो ।

**विधवा भाउजूहरूको देश** (२०६२) कविता सङ्ग्रह कवि विष्णु सुवेदीको दोस्रो फुटकर कविताहरूको सङ्ग्रह हो । ३३ वटा फुटकर कविताहरू सङ्ग्रहीत भएको यो कृति विवेक सिर्जनशील प्रकाशन प्रा.लि. अनामनगरबाट प्रकाशित भएको हो । यस सङ्ग्रहभित्रका कविताले सामाजिक जीवनको यथार्थ, मातृभूमि प्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, विकृति र विसङ्गतिको चङ्गुलमा फसेको वर्तमान मान्छेबाट अपहरित भएको मानवता, भ्रातृत्व, मातृत्व, अपनत्वको क्रन्दन, राजनीतिक कुचक्रमा फसेका निमुखा र निरीह जनताको बोलीहरूका साथै देशमा घटेका विभिन्न राजनीतिक घटना र द्वन्द्वबाट प्रत्यक्ष पीडा सहेका आम नेपाली जनताको रोदन र क्रन्दनलाई यथार्थ रुपमा प्रस्तुत गरेका छन् । भाइ भाई बिचमा हुने गरेका मनमुटाव, त्यसबाट उब्जिएको द्वन्द्व र द्वन्द्वबाट पीडा भोग्न बाध्य आमा, बाबा, टुहुरा बालबच्चाहरू, विधुवा नारीहरू र विदुर पुरुषहरूको रुवाबासी र रङ्गहीन जीवनको चित्रण पनि यस कृतिमा गरिएको छ । समाजमा व्याप्त असमानताका सन्दर्भहरू, हाकिमको काम प्रतिको उदासीनता, मनोमानी र भ्रष्टचारी प्रवृत्ति, गाउँको स्वच्छता, सहरको बढ्दो विकृति, समानताको चाहना सँगै गरिएको साझा बस्तीको कल्पना, देश दुखेको वर्तमान अवस्था र यस्तो अवस्थामा सारा देशबासीहरूको रसिलो आँखाले ओभाउन गरेको प्रतिक्षा, गरिब र पिछडिएका जाति र वर्गले भोग्नु परेको पीडालाई यस कविता कृतिले आफ्नो विषयवस्तु

बनाएको छ । निराशा र वेदनाले भरिएका भावहरू पूरै कृतिभरि छरिएर रहेका छन् । यो कृति  वर्तमान समाज र देशको ऐना बन्न पुगेको छ ।

निकै सरल भाषाशैलीको प्रयोग गरिको यस कविता कविताहरू मुक्त छन्दमा लेखिएका छन् । गद्यलयमा लेखिएको यस कविता सङ्ग्रहका कविताहरु आन्तरिक लयात्मकताको सिर्जनाले श्रुतिमधुर बनेका छन् । अनुप्रास, उपमा जस्ता अलङ्कारको प्रयोग विम्व र प्रतीकको स्वतःस्फूर्त उपस्थितिले 'विधवा भाउजूहरूको देश' उत्कृष्ट कविता सङ्ग्रह बन्न पुगेको छ ।

**सपनामाथि उभिएर** कविता सङ्ग्रह कवि विष्णु सुवेदीको तेस्रो फुटकर कविताहरूको सङ्ग्रह हो । २०६४ सालमा प्रकाशित यो कृति तीन स्रष्टा कवि विष्णु सुवेदी, गीतकार भोजराज न्यौपाने र गजलकार चिरञ्जिवी मास्केको संयुक्त प्रयास हो । उनका प्रकाशित अप्रकाशित कविताहरूको सङ्ग्रह **सपनामाथि उभिएर** हो । १९ वटा फुटकर कविताहरू सङ्ग्रहीत भएको यो कृति इन्द्रेणी साहित्य समाजबाट प्रकाशित गरेको हो । सामाजिक जीवनको यथार्थ, मातृभूमि प्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, तानाशाह र एकादेशमा भनिएका राजाहरूको कर्तुत, जीवन भोगाइ गरिबले भोग्नु परेको पीडा, जीवनमा आइपरेका दुःख कष्ट, देशको यथार्थ चित्रण, दुर्घटनाहरूको माहामारी, राजनीतिक मनोमानी र भ्रष्टचारी प्रवृत्तिका साथ आशा, निराशा र वेदनाहरूलाई कृतिभरि पोखिएको छ ।

सरल, सहज भाषाशैलीको प्रयोग गरिको यस कविता कविताहरू मुक्त छन्दमा लेखिएका छन् । गद्यलयमा लेखिएको यस कविता सङ्ग्रहका कविताहरु आन्तरिक लयात्मकताको सिर्जनाले श्रुतिमधुर बनेका छन् । अनुप्रास, उपमा जस्ता अलङ्कारको प्रयोग विम्व र प्रतीकको स्वतःस्फूर्त उपस्थितिले 'सपनामाथि उभिएर' उत्कृष्ट कविता सङ्ग्रह बन्न पुगेको छ ।

**बूढो माझी** कविता सङ्ग्रह कवि विष्णु सुवेदीको चौथो तथा अन्तिम फुटकर कविताहरूको सङ्ग्रह हो । ३४ वटा फुटकर कविताहरू सङ्ग्रहित भएको यस कृति सम्पदा अन्वेषण तथा विकास मञ्च, नेपालबाट प्रकाशित भएको हो । सामाजिक जीवनको यथार्थ, मातृभूमि प्रतिको चिन्तन, वर्तमान युगजन्य पीडा, मानवीय

विकृति र विसङ्गति, वैयक्तिक अनुभव र अनुभूतिहरू, देशको बागडोर हातमा लिएर बसेका मै हूँ भन्नेहरूको अहम्ता, समाजमा व्याप्त अन्धविश्वास र रुढिवादी परम्परा, सामान्य जीवनका जटिल भोगाइ, एउटा बूढो माझीको दैनिकी र उसको जीवनको यथार्थ भोगाई, कविको प्रेम प्रतिको दृष्टिकोण, असाहाय र गरिब प्रति समाजले गर्ने अव्यवहारिक कार्य, भोलीको सुनौलो भविष्यको सपनामा हराएका आजका मान्छेहरूको यथार्थ प्रस्तुति यस सङग्रहका कविताहरूमा गरिएको छ । सामाजिक र राजनैतिक मूल्य र मान्यताको खोजी यसमा गरिएको छ ।

सरल, सहज भाषाशैलीको प्रयोग गरिको यस कविता कविताहरू मुक्त छन्दमा लेखिएका छन् । गद्यलयमा लेखिएको यस कविता सङ्ग्रहका कविताहरु आन्तरिक लयात्मकताको सिर्जनाले श्रुतिमधुर बनेका छन् । अनुप्रास, उपमा जस्ता अलङ्कारको प्रयोग विम्व र प्रतीकको स्वतःस्फूर्त उपस्थितिले 'सपनामाथि उभिएर' उत्कृष्ट कविता सङ्ग्रह बन्न पुगेको छ ।

## ५.२. निष्कर्ष

कवि विष्णु सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण अनि उनका कविता सङ्ग्रहहरूको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने कवि सुवेदी मूलतः स्वच्छन्दतावादी प्रगतिवादी कवि हुन् । उनका कविताहरूमा प्रकृतिप्रेम, राष्ट्रप्रेम, मानवतावादी, नारीवादी, प्रगतिवादी प्रवृत्ति प्रबल रुपमा पाउन सकिन्छ । कवि सुवेदी युवा युवतीको प्रेमलाई विषयवस्तु बनाउनु भन्दा गरिब, निमुखा, असहायवर्गको पीडा र दुःखको चित्रण गर्न सफल छन् । कवि सुवेदी ग्रामीण परिवेशको चित्रणमा पनि निकै रुचि राख्दछन् । उनलाई भौतिक विकासले भरिएको सहर भन्दा कविको लागि गिठ्ठा र भ्याकुर फल्ने गाउँ प्यारो लाग्छ । विश्व शान्तिको चाहना र कामना राख्ने कवि सम्पूर्ण नरनारीलाई समान ठान्दछन् । उनी हुँदा खाने वर्गको पक्षमा उभिएका छन् भने हुने खाने वर्गको निरङ्कुशता र संवेदनाहीन भावनाको विरुद्धमा उभिएका छन् । समाजको सकारात्मक परिवर्तनको तीव्र चाहना बोकेका कवि सुवेदी समाजमा वर्गीय विभेदको अन्त्यको कामना गर्दछन् ।

कवि सुवेदी सरलताका पक्षधर हुन् । उनी साहित्य निराक्षरले पनि सहजै बुझ्ने खालको हुनपर्छ भन्ने मान्यता बोकेका स्रष्टा हुन् । सरल बोलीचालीको भाषा उनको

कवितामा पाउन सकिन्छ । उनको कविताको शैली अत्यन्त सहज र सुमधुर रहेको छ । कवि आफू जति सरल छन् उनका हरेक कविताहरू त्यत्तिनै सरल छन् । सभ्य समाज निमार्णको चाहना बोकेका उनका रचनाहरूले शास्त्रीय सिद्धान्तको कुनैपनि  पगरी गुथ्न चाहेका छैनन् । यति हुँदाहुँदै पनि उनका कृति भित्र स्वतःस्फूर्त रुपमा आएका विम्व, प्रतीक, अलङ्कार, र लयविधानको सहज प्रयोगले कृत्रिमता झल्काएको पाइदैन । उनी आफ्ना कविताहरूमा ग्रामीण समाज, पिछडिएका वर्ग, मानवीय संवेदना, शहिदको बलिदानी,  देश र जनताले भोगेका यथार्थको चित्रण, वैयक्तिक जीवन भोगाई, गिर्दो मानवीय मूल्य, सामाजिक कु-संस्कार र चालचलनको विरोध, समाजको सम्मुन्नत उन्नतिको कामना र चाहना आदिको वस्तुगत चित्रण गर्न सफल भएका छन् ।

- कविताहरू अत्यन्तै सरल, सहज र सरस छन्,
- कविताका विषयवस्तु देश प्रेम, सामाजिक विभेद, आर्थिक र नैतिक सङ्कट जस्ता रहेका छन् ,
- शीर्षकहरू प्रायः अभिधात्मक रूपमा रहेका छन् भने कतिपय प्रतीकात्मक, बिम्बात्मक र लक्ष्यार्थका रूपमा समेत रहेका छन् ,
- कविताको प्रस्तुतिमा प्रथम पुरुषीय दृष्टिविन्दुको बहुलता रहेको छ भने तृतीय पुरुषीय दृष्टिविन्दुका साथै मिश्रित रूपका दृष्टिविन्दुको पनि प्रयोग गरिएको छ,
- अघिल्ला कविताको तुलनामा पछिल्ला कविताहरूमा व्याकरणात्मक चिह्नहरूको प्रयोगमा कमी आएको छ,

## ५.३ सम्भावित शोध शीर्षक

यो शोधकार्य कवि विष्णु सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्वमा केन्द्रित रहेको छ । भविष्यमा उनका साहित्यिक कृतिहरूको विविध पक्षलाई केलाएर शोध गर्न चाहने इच्छुक व्यक्तिहरूले निम्न लिखित शीर्षकमा शोधकार्य गर्न सक्ने छन् :

क) कवि विष्णु सुवेदीको कवितामा प्रगतिवादी चेतना

ख) कवि विष्णु सुवेदीको कवितामा नारीवादी चेतना

ग) कवि विष्णु सुवेदीका विभिन्न रचनाहरूको कृतिपरक अध्ययन